# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» शनिबार पुस ८, २०७४ » Saturday, December 23, 2017 » www.newsofnepal.com » नेसं ११३८ पोहेलाथ्व ५ » वर्ष २३, अंक ३३६ » पृष्ठ १२ » मूल्य रू. १०/–




*चोभारनजिकै सडकमा प्रार्थना गर्दै एक भिक्षु। बौद्ध धर्ममा आस्था राख्ने भिक्षुहरू पाइला नाप्दै विभिन्न अंगविन्यासमा प्रार्थना गरी हिँडेर गुम्बासम्म पुग्ने गर्दछन्।*

*तस्वीर : अनिल आङदेम्बे/काठमाडौं*

# सिट बाँडफाँड

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रदेशसभाको समानुपातिकतर्फको सिट संख्या सार्वजनिक गरेको छ। आयोगको समानुपातिक एकाइले शुक्रबार प्रदेशसभाको समानुपातिकतर्फ पाएको मतलाई सिट संख्यामा परिणत गरेर सार्वजनिक गरेको हो। प्रतिनिधिसभासँगै प्रदेशसभाका लागि मंसिर १० र २१ गते दुई चरणमा निर्वाचन भएको थियो।

५ सय ३० सदस्य हुने प्रदेशसभामा २ सय २० सिट समानुपातिक निर्वाचनबाट छनोट गरिएको हो। आयोगले सातओटै प्रदेशमा दलहरूले पाएको समानुपातिक सिट सार्वजनिक गरेपछि अब भावी प्रदेश सरकारको तस्वीर स्पष्ट भएको छ। अन्तिम नतिजाअनुसार प्रदेश नम्बर १ र ३ मा एमालेको एकल बहुमत आएको छ। प्रदेश नम्बर २ बाहेक अन्य सबै प्रदेशमा वामपन्थी गठबन्धनको बहुमत पुगेको छ।

कुल प्रदेशसभा सदस्य ९३ रहेको प्रदेशसभामा प्रत्यक्षतर्फ ५६ जना निर्वाचित भइसकेका छन्। आयोगका अनुसार प्रदेश नं १ मा नेकपा(एमाले) ले १५ सिट पाएको छ। माओवादी केन्द्रले ५ सिट पाएको छ। प्रत्यक्षतर्फ ८ सिट पाएको कांग्रेसले समानुपातिकतर्फ १३ सिट पाएका छन्। प्रत्यक्षतर्फ १ सिट पाएको संघीय समाजवादी फोरमले समानुपातिकतर्फ २ सिट पाएको छ। प्रदेश नम्बर २ मा भने मधेसवादी गठबन्धनले बहुमत पाएको छ। समानुपातिकतर्फ एमालेले सातै प्रदेशमा गरी ७५ सिट पाउँदा कांग्रेसले उसकै हाराहारी ७२ सिट पाएको छ। तर, कांग्रेसले कुनै पनि प्रदेशमा सरकार बनाउन सक्ने छैन।

६ वटा प्रदेशमा प्रमुख प्रतिपक्ष हुन लागेको कांग्रेसले २ नम्बर प्रदेशमा भने समानुपातिकतर्फ सबैभन्दा धेरै सिट पाएको छ। २ नम्बर प्रदेशमा मधेसवादी गठबन्धनको बहुमत आउँदा नेकपा एमाले दोस्रो स्थानसहित प्रमुख विपक्षीको स्थानमा बस्न पाउने भएको छ। प्रदेश नम्बर २ मा समानुपातिक र प्रत्यक्षसहित ५४ सिट पाएर मधेसवादी गठबन्धनले बहुमतको सरकार बनाउने भएको छ। २ नम्बर प्रदेशमा संघीय समाजवादी फोरमले २९ सिट र राजपा नेपालले २५ सिट पाएका छन्। एमालेले २१ सिट पाएको छ भने कांग्रेसले १९ सिट, माओवादीले ११ सिट र नेपाल संघीय समाजवादी पार्टीले एक सिट पाएका छन्।

त्यसैगरी प्रदेश नम्बर ३ मा ५९ सिटसहित एमालेले एकल बहुमत पाएको छ। त्यस्तै माओवादीले २२ सिट पाएको छ। वाम गठबन्धनले यहाँ पनि दुई तिहाइ बहुमत पाएको छ। नेपाली कांग्रेस २१ सिटसहित यो प्रदेशमा तेस्रो भएको छ। विवेकशील साझा पार्टीले ३ सिट पाएको छ भने राप्रपा, राप्रपा प्रजातान्त्रिक, नयाँ शक्ति र नेपाल मजदुर किसान पार्टीले एक/एक सिट पाएका छन्।

## प्रदेशसभाको समानुपातिक परिमाण

प्रदेश नम्बर ४ बाट एमालेले २७ सिट पाए पनि एकल बहुमत भने सम्भव भएन। माओवादीको १२ सिटसहित यो प्रदेशमा पनि वामपन्थी गठबन्धनको बहुमत भएको छ। कांग्रेसले १५ सिट जित्दा राष्ट्रिय जनमोर्चाले र नयाँ शक्तिले एक/एक सिट जितेका छन्।

(क्रमशः पृष्ठ ९)

# तीन नेताका तीन स्वार्थ

## दोहोरो दबाबमा राष्ट्रपति

मधुसूदन रायमाझी, काठमाडौं

नयाँ सरकार गठन प्रक्रियामा दलीय अडानका कारण प्रमुख तीन दलका शीर्ष नेताबीच विवाद देखिएको छ। नयाँ सरकार गठनअघि नै राष्ट्रियसभा कि सरकार गठन गरेर राष्ट्रियसभा गठन गर्ने भन्ने विषयमा राजनीतिक दल विभाजित भएका छन्।

नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवा सरकार गठनअघि नै राष्ट्रियसभा गठन गर्ने अडानमा रहनुभएको छ भने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सरकार गठन गरेपछि मात्र राष्ट्रियसभा गठन गर्नुपर्ने अडानमा रहनुभएको छ। सरकारले नयाँ सरकार गठन गर्न राष्ट्रियसभा नै चाहिने भन्दै कानुनविद्सँग परामर्शसमेत थालिसकेको छ।

संविधानमा राष्ट्रियसभा गठन प्रणाली बहुमतीय कि एकल संक्रमणीय भन्नेबारेमा केही कुरा उल्लेख गरिएको छैन। संविधान निर्माणका क्रममा राजनीतिक दलहरूले स्पष्ट नपार्दा उनीहरू अहिले विवादमा रुमलिएका छन्। राष्ट्रियसभा गठनसम्बन्धी ऐन निर्माण गर्नका लागि राजनीतिक दलले पर्याप्त ध्यान नदिँदा सरकारले राष्ट्रियसभा गठनका लागि राष्ट्रपति कर्यालयमा अध्यादेश पठाए पनि स्वीकृत हुन सकेको छैन। राष्ट्रपति विद्यादेवी भण्डारीलाई अध्यादेश स्वीकृत गर्न सरकारले दबाब दिएको छ भने वाम गठबन्धनले स्वीकृत नगर्न दबाब दिएको छ। दोहोरो दबाबमा राष्ट्रपति भण्डारी पर्नुभएको छ।

प्रमुख राजनीतिक दलबीच सहमति जुट्न नसक्दा राष्ट्रियसभा गठनसम्बन्धी ऐन निर्माण नभई व्यवस्थापिका संसद् भंग भएको थियो। सरकारले निर्वाचनको मिति घोषणा भएपछि राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पठाएको थियो। निर्वाचनको परिणाम सार्वजनिक भए पनि राष्ट्रियसभा गठन गर्नका लागि ऐन नहुनु र राष्ट्रपति कार्यालयमा विचाराधीन अवस्थामा रहेको अध्यादेश स्वीकृत नहुँदा दलहरूले आ-आफ्नै व्याख्या गर्न लागेका छन्।

राष्ट्रियसभाको निर्वाचन प्रणालीको विषयमा दलहरूले आ-आफ्नो अडान नछोड्दा नयाँ सरकार गठन प्रक्रिया अझै लम्बिने संकेत देखिएको छ। निर्वाचन प्रणालीका बारेमा सहमति जुटाउन प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वदलीय बैठक बोलाउनुभए पनि दलहरूको आ-आफ्नै अडानका कारण कुनै सहमति जुट्न सकेको छैन।

नयाँ जनमतअनुसार नयाँ सरकार गठनका लागि वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले नै मार्ग प्रशस्त गर्नुपर्ने हो, तर राष्ट्रियसभा गठन नगरी सरकार नछोड्ने गृहकार्यमा प्रधानमन्त्री देउवा पुग्नुभएको छ। देउवाले आफ्नै नेतृत्वको सरकारमा राष्ट्रियसभा गठन गर्दा कांग्रेसका नेताहरूलाई समावेश गर्ने तयारी गर्नुभएको छ। तर वाम गठबन्धनले भने नयाँ सरकार गठनपछि मात्र राष्ट्रियसभा गठन गर्नुपर्ने अडान लिएको छ। राष्ट्रियसभा गठनका बारेमा दलीय सहमतिले मात्र निकास निकाल्ने छ।

- ओलीलाई प्रधानमन्त्री
- प्रचण्डलाई कार्यकारी पद
- देउवालाई राष्ट्रियसभाको चिन्ता

विगतमा ठूल्ठूला असमझदारीलाई सहमति कायम गरी संविधानसभाबाट संविधान जारी गर्नुका साथै संविधान कार्यान्वयनमा सहकार्य गर्दै आएका प्रमुख राजनीतिक दलहरू निर्वाचनपछि पुनः विवादमा अल्झिएका छन्।

सरकार गठनका लागि वाम गठबन्धनको स्पष्ट बहुमत आएको छ। नयाँ सरकारको नेतृत्व नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नै गर्ने विषयमा वाम गठबन्धनका बीचमा सहमति नै जुटिसकेको छ। तर चुनावी तालमेलसँगै पार्टी एकता गर्ने छ बुँदे सहमति गरेका नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पाँच वर्षको कार्यकालमा सरकारको नेतृत्व आधा-आधा गर्ने सहमति भएको विषय बाहिर आएको छ। पार्टी एकताका लागि एमालेभन्दा पनि बढी माओवादी केन्द्रले हतारो गरेको छ। सरकार गठनअघि नै पार्टी एकताको खाका तयार गरेर अगाडि बढ्नुपर्नेमा माओवादी केन्द्रले जोड दिएको छ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले ओलीले सरकारको नेतृत्व गर्दा पार्टीको नेतृत्व आफूले पाउनुपर्ने र आधा कार्याकाल सरकारको नेतृत्व गर्ने सुनिश्चितता खोज्नुभएको छ।

प्रचण्डले आफ्नो पद सुनिश्चितताका लागि कांग्रेसले आगामी पाँच वर्ष प्रधानमन्त्री बन्ने ग्यारेन्टी गरेको अभिव्यक्ति दिनुभएको छ। आफ्नो पदको ग्यारेन्टीका लागि प्रचण्डले एमालेमाथि दबाब दिन थाल्नुभएको छ। प्रतिनिधिसभाको निर्वाचनमा ३६ सिट जितेको माओवादी केन्द्र नै सरकार गठनको निर्णायक शक्ति देखिएको छ।

(क्रमशः पृष्ठ ९)

# प्रहरीको गोली लागी म्यादी प्रहरीको मृत्यु



कालीबहादुर मल्ल, कालिकोट

सेवा सुविधा नपुगेको भन्दै म्यादी प्रहरी आन्दोलनमा उत्रेपछि भएको झडपमा परी एक म्यादी प्रहरीको मृत्यु भएको छ। म्यादी प्रहरी र प्रहरीबीच झडप भएपछि स्थिति नियन्त्रण लिन प्रहरीले गोली चलाउँदा रास्कोट नगरपालिका-२ का म्यादी प्रहरी विवेक ऐडीको शुक्रबार मृत्यु भएको छ।

**उक्त घटनापछि दंगा भड्कन सक्ने भन्दै कालिकोटमा बाँकेबाट सशस्त्र प्रहरी बलको टोली परिचालन गरिएको छ।**

म्यादी प्रहरीले तलबमा सुविधाबापत राज्यले दिएको रकम जिल्ला प्रहरी कार्यालयले कटाएको भन्दै म्यादी प्रहरी आन्दोलनमा उत्रिएका थिए। जिल्ला प्रहरी कार्यालयअगाडि भएको आन्दोलन नियन्त्रण बाहिर गएपछि प्रहरीले चलाएको गोली टाउकामा लागी घाइते भएका ऐडीको जिल्ला अस्पताल कालिकोटमा उपचार हुँदाहुँदै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

(क्रमशः पृष्ठ ९)

# पूर्वराजा पश्चिम तराईतिर

काठमाडौं, (नेस)

पूर्वराजा ज्ञानेन्द्र शाह सपरिवार सुदूरपश्चिम र मध्यपश्चिम भ्रमणमा जाने हुनुभएको छ। अंग्रेजी नयाँ वर्षका दिन नेपालगन्जमा खोल्न लागिएको होटल सोल्टीको उद्घाटन र अन्य भेटघाटका लागि सुदूरपश्चिम र मध्यपश्चिम भ्रमणमा जान लाग्नुभएको हो।

पूर्वराजा ज्ञानेन्द्र सपरिवार पुस १२ गते बुद्ध एयरको विमानबाट नेपालगन्ज जान लाग्नुभएको हो। उहाँका साथमा छोरा, नाति-नातिनालगायत टोली नेपालगन्ज जान लागेको हो। नेपालगन्जमा होटल सोल्टी उद्घाटनपछि त्यहाँ पारिवारिक जमघट हुने भएको छ।

होटल सोल्टीकै स्वामित्वमा नेपालगन्जको कारकादोमा निर्माण सम्पन्न भएको सो होटलको अंग्रेजी नयाँ वर्ष अर्थात् पुस १७ गते उद्घाटन हुने भएको छ। पूर्वराजाको सुरक्षासहितको रेकी टोली आइतबार नेपालगन्ज जाँदै छ।

(क्रमशः पृष्ठ ९)

# पाँच दलको बैठक निष्कर्षविहीन

रामकृष्ण चापागाईं, काठमाडौं

दुई महिनादेखि राष्ट्रपति कार्यालयमा अड्किएको राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेशमा दलीय सहमति जुटाउन प्रधानमन्त्री शेरबहादुर देउवाले आह्वान गर्नुभएको पाँच दलको बैठक विनानिष्कर्ष टुंगिएको छ। अध्यादेशमा दलीय सहमति नजुटेपछि कांग्रेस नेताहरूले सरकारले पठाएको उक्त अध्यादेश जारी गर्न राष्ट्रपति विद्यादेवी भण्डारीलाई आग्रह गरेका छन्।

राष्ट्रिय राजनीतिमा अहिले प्रमुख विवादित विषय बनेको राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेश सरकारले कात्तिक ७ गते राष्ट्रपति कार्यालय पठाएको थियो। एकल संक्रमणीय चुनाव प्रणाली राखेर पठाइएको राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेशप्रति मुख्यतया प्रमुख वाम घटक नेकपा एमाले र माओवादी केन्द्रले चर्को असहमति जनाइरहेका छन्।

एमाले र माओवादी केन्द्रले राष्ट्रियसभाको चुनाव वहुमतीय प्रणालीबाट हुनुपर्ने बताउँदै आएका छन्। अध्यादेशप्रति दलीय विवाद बढेको भन्दै राष्ट्रपतिले दुई महिनासम्म उक्त अध्यादेश जारी गर्नुभएको छैन। यो अध्यादेशप्रति दलीय असहमति बढेसँगै स्वयम् राष्ट्रपतिसमेत विवादमा मुछिँदै आउनुभएको छ।

हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणाम आएसँगै स्पष्ट बहुमत ल्याएका वाम गठबन्धनका प्रमुख दल एमाले र माओवादी केन्द्रले वर्तमान काम चलाउ सरकारलाई नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गरिदिन आग्रह गरिरहेका छन्।

वाम घटक यी दुई दलले निर्वाचनमा समेत तालमेल गरी उम्मेदवारी दिएका थिए। साथै यी दलले राष्ट्रियसभा गठनसम्बन्धी सरकारले पठाएको अध्यादेश जारी नगर्नसमेत राष्ट्रपतिलाई आग्रह गरिरहेका छन्। निर्वाचन आयोगले समेत राष्ट्रियसभाको गठन नभई निर्वाचनको पूर्ण परिणाम सार्वजनिक गर्न नसकिने जनाएपछि दलहरूबीच थप विवाद बढेको छ।

राष्ट्रिय राजनीतिमा राष्ट्रियसभा गठनको विषय धेरै विवादित बन्दै गएपछि प्रधानमन्त्री देउवाले हालै सम्पन्न निर्वाचनपछि राष्ट्रिय दलको हैसियत कायम गरेका प्रमुख पाँच दलका शीर्ष नेताहरूको बैठक आह्वान गर्नुभएको थियो। शुक्रबार बालुवाटारमा बसेको बैठकमा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमका शीर्ष नेताहरूको उपस्थिति रहेको थियो। बैठकमा नेताहरूले आ-आफ्नो दलीय अडान नछोडेपछि बैठक विनानिष्कर्ष टुंगिएको थियो।

(क्रमशः पृष्ठ ९)

# महानगर

ओक्लोहामा बसेको केटासँग बिहे गरेर डिपेन्डेन्ट भिसामा अमेरिका पुगेकी नेपाली महिलाको केस उनको नबिर्सने केसमध्ये पर्छ। नेपाली केटाले बिहे गरेर लगेपछि विदेशमा लगेर डिभोर्स दिएकै कारण नेपालमा आएर सम्पत्ति मुद्दा हालेकी सविनाको कसमा अन्तर्राष्ट्रिय ल लागेन। सविनाले डोमेस्टिक ल को कारण मुद्दा जितेकी थिइन्।

Go Ahead

# सामान्य ज्ञानकी असामान्य महिला



कमल ढकाल
dhakal_kamal@hotmail.com

नेपालको पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्की सबैलाई थाहा छ। तर त्यही न्यायाधीश बनाउने ढोका खोल्ने नेपालकै पहिलो महिला न्यायाधीश को हो भन्ने धेरैलाई थाहा नहुन सक्छ। इतिहास बिर्सन्छ। नयाँ इतिहासले पुरानो इतिहास धुमिल बनाउन खोज्छ। तर हैन इतिहास बिर्सन मिल्दैन। नयाँ इतिहासले पुरानो इतिहास धुमिल बनाउनै मिल्दैन। यस्तै इतिहास बनाउने एक महिला पात्र हुन् शारदा श्रेष्ठ। आधा शताब्दि भयो त्यो इतिहास बनेको।

२०२३ साल अहिले ५१ वर्षको भयो। त्यही सालमा कास्की र लमजुङको भूमिसुधार स्पेसल कोर्टमा काम गर्ने गर्थिन् शारदा श्रेष्ठ। कानुन मन्त्रालय २०२५ मा छिरिन्। त्यसको दुई वर्षपछि जिल्ला न्यायाधीश भएकी हुन् उनी। शारदाले त्यही साल आफ्नो नाममा इतिहास कोरिन्। नेपालको पहिलो महिला न्यायाधीश बनेर।

इतिहास बनाउँछु भनेर बन्दोरहेनछ। मात्र काममा लगनशील भएर लाग्नु मात्र पर्छ। इतिहास बनेको आफैंलाई थाहा नहुने रहेछ। शारदालाई भेट्दा यस्तै लाग्यो। काम गर्दै जाँदा शारदाले आफ्नो इतिहास बनेको थाहै पाइनन्। उनको उद्देश्य नेपालकै पहिलो महिला न्यायाधीश हुन्छु भन्ने थिएन। न्याय क्षेत्रमा छिरेकी शारदा न्याय क्षेत्रकै लागि मरिमेटेर काम गर्ने गर्थिन्। त्यही कामले नै उनलाई न्यायाधीश बनायो। इतिहास त्यही रचियो आफसे आफ।

त्यतिबेला महिलाले जागिर खानु नै ठूलो कुरा थियो। घर परिवार मिलाउँदै किचनदेखि सर्वोच्च अदालतसम्म लाग्नु आफैंमा गाह्रो कुरा हो। छोराछोरी हुर्काउँदै अनि संयुक्त परिवारलाई मनाउँदै शारदाले जागिर खाँदा कति दिन छोराछोरीकै लागि पनि जागिर खानै नजाउँ जस्तो नलागेको होइन उनलाई। आफ्नै आत्मालाई थिच्दै जागिरे जीवनमा दौडिएकी थिइन् शारदा। भएकी हुन्।

समयको रोटेपिङ खेल्दै जाँदा शारदाका पनि थुप्रै किस्सा र कहानी बनेका छन्। एक पटक अञ्चल अदालत राजविराजमा महिला न्यायाधीश कस्ता हुन्छन् भनेर मान्छेको हुलले हेर्न आउँदा उनी आफैं चकित परेकी थिइन्। मास टु मास त्यो कुरा फैलिएपछि धेरै मान्छे उनलाई हेर्न आउँथे। केटी मान्छेलाई श्रीमान् नमस्कार भनेर भन्दा सबै जिल्ल परेर हेर्थे। त्यही कुराले कहिलेकाहीं उनलाई पनि अफठ्यारो पर्थ्यो। उनको त्यहाँबाट लगातार बढेको उनको यात्रा चार दशकसम्म न्याय क्षेत्रमै रिटायर्ड नहुञ्जेल चलिरह्यो। उमेरको हदका कारण सर्वोच्च अदालतबाट रिटायर्ड भएकी शारदा थोरै समयका कारण मात्रै नेपालकी पहिलो महिला प्रधानन्यायाधीश बन्न पाइनन्।

कुमारीपाटीमा रहेको उनको घरमा जाँदा शारदाको शिष्टता प्रष्टै झल्कन्थ्यो। मान्छे देख्नेबित्तिकैको उनको चियरअप मन छुने खालको थियो। न्याय क्षेत्रमा धेरै ज्ञान बटुलेकी

**विज्ञान विषय लिएर पढदै गरेकी शारदा अनायासै नेपाल ल क्याम्पसमा बीएल पढ्न पुगिन्। बीएलको पढाइ सकेको केही वर्षमै उनी सामान्य ज्ञानकी असामान्य महिला बनिन्। नेपालको पहिलो महिला न्यायाधीश को हो भनेमा त्यो उत्तर शारदामै गएर रोकिनुपर्छ। सामान्य प्रश्नको असामान्य उत्तर बनिन् शारदा, इतिहासमै आफ्नो नाम लेखाएर। केही कारणले मात्र प्रधानन्यायाधीश बन्न पाइनन्।**

पहिले-पहिले अहिले जस्तो एक पटक न्यायाधीश हुँदा सधैंलाई न्यायाधीश भन्ने थिएन। त्यसैले न्यायाधीश प्रशासनमा पनि आउथ्यो। सर्वोच्चको रिसर्च अफिसर , डिपुटी रजिस्टार, प्रोजेक्ट चिफ हुँदै अञ्चल न्यायाधीश बनेकी थिइन् शारदा। लुम्बिनी, सगरमाथा हुँदै प्रजातन्त्रपछि पुनरावेदनमा नियुक्ति भएकी शारदा सर्वोच्चबाट २०६५ सालमा रिटायर्ड कुरा नेपाली महिला, न्यायालय र न्याय क्षेत्रका विद्यार्थीका लागि गतिलो खुराक बन्न सक्छ।

विज्ञान विषय लिएर पढ्दै गरेकी शारदा अनायासै नेपाल ल क्याम्पसमा बीएल पढ्न पुगिन्। बीएलको पढाइ सकेको केही वर्षमै उनी सामान्य ज्ञानकी असामान्य महिला बनिन्। नेपालको पहिलो महिला न्यायाधीश को हो भनेमा त्यो उत्तर शारदामै गएर रोकिनुपर्छ। उनी आफूलाई नजानेको जसरी प्रस्तुत गर्दिरहिछन्। लाग्यो त्यसै लेखेका हैनन् कवि शिरोमणिले- 'फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र?' भनेर।

न्यायाधीशलाई न्याय मूर्ति भनिन्छ तर उसको पनि दिल हुन्छ। कहिलेकाहीं यस्ता केस आउँछन् जसले न्यायाधीश आफैंलाई नबिर्सने केस बनाइदिन्छन्। ओक्लोहामा बसेको केटासँग बिहे गरेर डिपेन्डेन्ट भिसामा अमेरिका पुगेकी नेपाली महिलाको केस उनको नबिर्सने केसमध्ये पर्छ। नेपाली केटाले बिहे गरेर लगेपछि विदेशमा लगेर डिभोर्स दिएकै कारण नेपालमा आएर सम्पत्ति मुद्दा हालेकी सविनाको कसमा अन्तर्राष्ट्रिय ल लागेन। सविनाले डोमेस्टिक ल को कारण मुद्दा जितेकी थिइन्।

पहिला सोसाइटी अगाडि जान्छ पछि-पछि कानुन लाग्छ। त्यसैले कानुन समयअनुसार परिमार्जन भएकै हुन्छ। नेपालमा पनि कतिपय कानुन जीर्ण भइसके। राजनैतिक माखेसाङ्लोका कारण कानुनको रिनोभेसन हुन सकेको छैन। मान्छेको आस्थाको केन्द्र हुनुपर्ने हो न्यायालय। मन्दिरजस्तै। त्यहाँ गएपछि न्याय पाउँछु भन्ने हुनुपर्छ। लोभको कारण न्यायाधीश रनभुल्लमा पर्दा न्यायालयको इज्जत हुन सकेको छैन। कतिपय अवस्थामा नेपालमा मुद्दा गर्छु भन्नेले दशौं वर्षदेखि कागज मिलाएर मुद्दा लडेका पनि छन्। कानुनले मिलाउन नसकेको कुरा मिलाउने न्यायाधीश नै सच्चा न्यायदूत हुन्छन्। उनी आफू पदमा रहुन्जेल आफूलाई सच्चा न्यायाधीश बनाउन हरहमेशा तल्लीन रहेको बताउँछिन्।

आज उनी रिटायर्ड भएको पनि लगभग दश वर्ष पुगिसक्यो। तर पनि कानुन भन्यो कि उनको आँखा र कान एकै पटक तनक्क तन्किन्छ। न्याय उनका लागि प्रिय शब्द लाग्छ। अन्याय अप्रिय। प्रिय र अप्रिय शब्द र मान्छेका बीच उनी आफूलाई प्रिय बनाउने धुनमा लागिरहेकी छन्।

# भारतको क्यासिनोदेखि मोडलिङसम्म छाउँदै हेरुका

रश्मी थापा

भारतको क्यासिनोदेखि नेपालको आधुनिक तथा मौलिक गीतका म्युजिक भिडियोमा मोडलिङ र नृत्य। देशदेखि विदेशका रंगमञ्चसम्म नृत्य प्रस्तुतिदेखि फिल्मी अभिनयसम्म। सानैदेखि नृत्यमा रुचि राख्ने मकवानपुरका हेरुका लामाले संगालेको अनुभव हो यो।

३२ वर्षीय मकवानपुरे ठिटो हेरुका १६ वर्षदेखि कलाकारिता क्षेत्रमा यसरी नै सक्रिय भएर लागिपरेका छन्। प्लस टुसम्मको अध्यन गरेका उनले कोरस डान्सरबाट आफ्नो करियर शुरू गरेका थिए। एक्सन हिरो निखिल उप्रेतिद्वारा निर्मित तथा दिनेश डीसीद्वारा निर्देशित फिल्म *सावधान*बाट कोरस डान्सरका रूपमा करियर शुरू गरेका हेरुकाले लोक तथा दोहोरी गीतमा पनि शुरूमा साइड डान्सरका रूपमा काम गरे। सहायक द्वन्द्व निर्देशकका रूपमा समेत काम गरेका हेरुकाले द्वन्द्व कलाकारिता र सहायक निर्देशनमै पनि करिब ८ वर्ष बिताए। एसएलसी सकेपश्चात् थप अध्ययन र कलाकारिता प्रवेशको सपना बुनेर मकवानपुरबाट काठमाडौं आएका उनी पारिवारक कारण भारत पुगे।





नेपालको क्यासिनोमा डान्सरका रूपमा काम गर्दागर्दै भारत लागेका उनले भारतको गोवास्थित गोवा क्यासिनो प्राइडमा ३ वर्षसम्म कोरियोग्राफर र डान्सरका रूपमा काम गरे। 'कार्यक्रमका लागि अहिले पनि गोवा आउने जाने भइरहन्छ। तर अहिलेचाहिँ करियर निर्माणका लागि धेरैजसो यतै बसेर काम गरिरहेको छु। कमाइका हिसाबले हेर्ने हो भने उताको क्यासिनोबाटै राम्रो थियो। खान बस्नको राम्रो सुविधा हुन्थ्यो। ७० हजार रुपियाँ स्यालरी हुन्थ्यो', हेरुका शेयर गर्छन्- 'तर पनि म आफ्नो कला यात्रालाई स्वदेशबाटै बढाउँ भनेर धेरैजसो समय नेपालमै रहने गर्छु।' गोवा बसाइँका क्रममा सुकविन्दर सिंहको गीतको म्युजिक भिडियोमा अभिनय गर्ने मौकासमेत पाएका रहेछन् उनले। 'सुकविन्दर सिंहको गीतको म्युजिक भिडियोमा अभिनय गर्ने पाएकोमा आफूलाई निकै भाग्यमानी सम्झन्छु। त्यो भिडियोमा सन्दीप भुजेल, रेणुका लामा बम्जन, लक्ष्मी प्रजापतिका साथमा बलिउड एक्ट्रेससँग काम गर्न पाउनु मेरा लागि ठूलो कुरा हो' -उनले भने।

खास मोडलिङ यात्रा भने भारतबाट फर्केपछि शुरू गरेका उनले हालसम्म ४० भन्दा बढी म्युजिक भिडियोमा मोडलिङ र नृत्य गरेका छन्। रामचन्द्र काफ्ले र सुनिता गुरुङको *पानी पानी*, प्रमोद खरेलका आधुनिक गीतको साथमा अन्य सालैजु भाका, लोक दोहोरी, आधुनिक, पप गीतका म्युजिक भिडियोमा अभिनय, नृत्य र मोडलिङ गर्दै आएका उनले हालै एक फिल्ममा खलभूमिकामा अभिनयसमेत गरेका छन्। 'मैले भर्खरै मात्र *उफ यो मन* नामक फिल्ममा नेगेटिभ एक्टरको भूमिका गरेको छु। पछि गएर राम्रो एक्टर बन्ने सोच छ, हेरौं के हुन्छ। कलाकारिता क्षेत्र भनेको यस्तो हो कि शुरूमा आउनेलाई आफ्नो खल्तीबाट पैसा हालेर काम गर्नुपर्ने हुन्छ। राम्रो परिवारबाट आएकाहरूको लागि समस्या हुँदैन। तर हामीजस्तो मिडियम फ्यामलीबाट आएकाहरूले काम गर्दै आफ्नो लक्ष्यलाई पनि अगाडि लानुपर्ने हुन्छ' -उनी भन्छन्।







कार्यक्रमका लागि हङकङ तथा दुबईको भ्रमण गरेका उनी फेरि कार्यक्रमकै सिलसिलामा केही समयका लागि दुबई जाँदैछन्।

# एउटै भिडियोमा
# बले, कक्रोच, सिते बा र रक्षाको रोमान्स





लोकप्रिय हाँस्य टेलिसिरियल *भद्रगोल*का कलाकार सागर लम्साल 'बलु', हरिश निरौला 'कक्रोच', मधुसूदन पाठक 'सिते बा' र रक्षा श्रेष्ठको रोमाञ्चक म्युजिक भिडियो सार्वजनिक भएको छ।

एउटै सिरियलबाट दर्शकको मन जितेका यी लोकप्रिय ४ कलाकारले एकसाथ अभिनय गरेको एउटै म्युजिक भिडियो लामो समयपछि सार्वजनिक भएको हो। उनीहरू गायक किरण भुजेलको गीतमा मोडलका रूपमा देखिएका छन्। संगीतका विद्यार्थी किरणको *बरिलै* बोलको गीतले पनि यसअघि राम्रो चर्चा पाएको थियो। पल शाह र जुना सुन्दास अभिनित उक्त भिडियोको लोकप्रियताले हौसिएका किरणले यसपालि हाँस्य कलाकारलाई मोडलका रूपमा प्रस्तुत गरेका हुन्।

हाँस्य कलाकारको गतिलो छवि बनाएका उनीहरू म्युजिक भिडियोमा जुना सुन्दाससँग देखिएका हुन्। *माया मैसँग लाइदेउन* बोलको रोमान्टिक गीतको म्युजिक भिडियोमा सागर र रक्षा तथा हरिश र जुनाल जोडी बनेर रोमान्स गरेका छन्। भिडियोमा सागर र हरिशका प्रेमिका बनेका रक्षा र जुना *भद्रगोल*का सिते बा मधुसूदन पाठकको अंगालोमा देखिएका छन्।

यो कर्णप्रिय गीतमा किरण भुजेल र मेलिना राईको स्वर रहेको छ। डीपी खनालको शब्द रहेको गीतमा शंकर थापा 'स्माइलु को संगीत छ। उदयराज पौडेलको एरेन्जमा तयार भएको गीतको म्युजिक भिडियोलाई युवराज वाइबाले निर्देशन गरेका छन् भने सुरेन बसेलको कोरियोग्राफी रहेको छ। बसेलले एक दशकदेखि कोरियोग्राफी गर्दै आएका छन्। भिडियोलाई निशान घिमिरेले सम्पादन गरेका छन्।



**बर्थडे सेलिब्रेसन**
अभिनेत्री तथा निर्मात्री करिश्मा मानन्धर बिहीबार राजधानीमा छोरी कविताको बर्थडे मनाउँदै।
तस्वीर : विदुर गिरी

# धरानमा चल्यो
# ६ घन्टासम्म कन्सर्ट



धरानको पब्लिक स्कुलको मैदानमा साँझ साढे ५ बजेदेखि करिब ६ घन्टासम्मको लामो तर यो वर्षकै भब्य म्युजिकल कन्सर्ट *मेगा लाइभ कन्सर्ट- २०१७* सम्पन्न भएको छ।

कन्सर्टमा राति १० बजेमात्र स्टेजमा उक्लिएका गायक एड्रिन प्रधानले आफ्नो फ्रेन्ड्स ब्यान्डका साथ करिब डेढ घन्टा धराने दर्शकलाई गीतको तालमा नचाए। प्रस्तुति हेर्न साढे चार घन्टादेखि बसेका दर्शकलाई एड्रिनले *नभन मेरो, परेलीमा, हिँडदा हिड्दैँ दोबाटोमा, पहिलो जुनीमा, धेरै धेरै आउँछ मनमा, पिंजडाको सुगा, बिर्सेर मलाई, अभिवादन, खैरो खैरो कपाल तिम्रो, गुराँसै फुल्यो, जति माया लाए पनि, सगरमाथा हाम्रै हो, यो मन त मेरो नेपाली* हो हुँदै *सम्बोधन तिमीलाई* बोलको गीत गाएर कन्सर्टको मैजारो गरेका थिए। एड्रिनका प्रत्येक गीतमा दर्शकले एड्रिनसँगै गाउँदै साथ दिएका थिए। करिब ५ वर्षपछि धरानको कन्सर्टमा देखा परेका एड्रिन मध्य रातसम्म पनि संयमित धराने दर्शक देखेर दंग परे।

कन्सर्ट धरान-१३ अमरहाटमा धरान बाल उधान तथा हेल्थ पार्क निर्माण कार्य शुरू गर्नका लागि आयोजना गरिएको थियो। नेपाल क्लब हङकङको आयोजना तथा सिल्भर इन्टरटेनमेन्टको इभेन्ट म्यानेजमेन्टमा भएको कन्सर्टमा धराने गायक डिल्ली फोम्बोले आफ्ना चर्चित गीत *माइली, म माया लाउँदिन, आउँछु म भनेर* गाएर दर्शक रिझाए। अर्का धराने गायक शिव लामिछानेको प्रस्तुति पनि आकर्षण रह्यो। उनले आफ्नो कृपा फाउन्डेसन ग्रुपसँग *जय नेपाल* बोलको नयाँ गीत प्रत्यक्ष गाएर सार्वजनिक मात्र गरेनन्, *किन दुख्छ मुटु मेरो, पुरानो मायालाई, उकाली ओरालीहरूमा, चाहे माया गर*जस्ता आफ्ना चर्चित गीत गाएर दर्शकलाई उतिकै मन्त्रमुग्ध बनाए। त्यस्तै ऊर्जा ब्यान्डका गायक प्रशान्त शर्माको *आँखा आँखामासँगै* पुराना गायक नवराम राईले *कालो कालो रात र विश्वास के हो,* मनोज मोतेले *टाढा जाने र हाम्रो जीवन,* रमेश राईले *धरानेको बजारैमा,* बबिन लिम्बुले *धरानको पुरानो बजारमा,* एपी शेर्पाले *गरौं संकल्प सलल बगेर जाने पानी,* साक्थिम योङ्याको *कोदो है फल्ने,* तुहिन लिम्बुले *जिन्दगी* बोलका गीत प्रस्तुत गरेका थिए।

# माई लभको दर्शकलाई जापान घुम्ने अवसर



हेटौंडा, (नेस)। अघिल्लो शुक्रबार रिलिजमा आएको फिल्म *माई लभ* हेर्ने दर्शकमध्ये एक जना दर्शकले जापान जाने अवसर पाउने भएका छन्। फिल्मको टिमले हेटौंडामा गरेको पत्रकार सम्मेलनमार्फत् यस्तो जानकारी गराएको हो।

फिल्मका नायक गणेश लामाले *माई लभ* नेपाली र जापानी भाषामा बनाइएकाले एक जना दर्शकलाई जापान भ्रमणमा लैजाने बताए। यसका लागि दर्शकले टिकट नम्बर र हलको नामसहित *माई लभ*को फेसबुक पेजमा इनबक्स गर्नुपर्ने व्यबस्था गरिएको उनले बताए। एक जना भाग्यशाली दर्शकले आगामी अप्रिल २५ तारिखमा जापानमा हुन लागेको *माई लभ*को प्रिमियरमा सहभागी हुने मौका पाउने उनले प्रष्ट्याए। लामाले *माई लभ* दस्ताबेजका रूपमा रहने फिल्म भएको दाबी पनि गरे।

फिल्ममा भूकम्पले हराएको प्रेम पनि आकर्षक ढंगबाट देखाउन खोजिएको छ। फिल्म डा. तोसिआकी इतोहले निर्देशन गरेका छन्। उनले यसअघि *कठपुतली* निर्देशन गरेका थिए। फिल्ममा गणेश लामा, शितल श्रेष्ठ, रिवन मित्सुतानीलगायत कलाकारले अभिनय गरेका छन्।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER
OFFICIAL BANK: prabhu Bank
ASSOCIATE SPONSOR: NIC ASIA, IME, KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई – वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी – गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की – जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती – निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल – शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत – जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी – लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना – निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला – बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा – वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल – जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया – पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे – छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा – जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई – लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत – गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ – छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा – लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल – निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा – राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले – छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास – के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं – पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्प्रराज आचार्य – शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार – बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य – हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त – किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला – लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई – राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# साहित्य

मस्तिष्क नै त्यो भूमि हो, जसले स्वर्गलाई नरक र नरकलाई स्वर्ग बनाउन सक्छ।
– जोन मिल्टन

सोच्नु राम्रो हो, कुरा गर्नु त्यो भन्दा राम्रो हो, तर सबैभन्दा राम्रो काम गर्नु हो।
– इमरसन

व्यक्तिवृत्त

## साहित्यिक सृजना र यात्रामा दामोदर

मोहन दुवाल

चार दशकअगाडिदेखि कवितामा मन दिएर कविता लेख्दै आएका दामोदर पुडासैनी कविताहरूमा आफन्तका अनुहारहरू खोज्दै, आँखाको खोजीमा रमाउँदै, आफूभित्रको जीवनबोधलाई आकारको खोजीमा भुल्दै, आलोकित आयामको सिर्जना गर्न चिन्तनशील रहँदै आएका छन्। आफूलाई सधैँ 'किशोर'कै रूपमा देखाउन रुचाउने तर परिपक्व कविकै हाराहारीमा पुगिसकेका यिनका साहित्यिक सिर्जना, सक्रियता र सम्पर्कमा आइरहने यिनको स्वभावले गर्दा साहित्यिक जगत्मा पनि यिनी प्रिय बन्दै गइरहेका देखिन्छन्। पत्रपत्रिकामा देखापरिरहने कवि, नियात्राकार दामोदर पुडासैनीका साहित्यिक आलेखहरू उल्लेखयोग्य बन्दै गएका कारणहरूमा यिनकै निरन्तर प्रयासका प्रतिफलहरू हुन्। उनले कवितामा लेखेझैँ उनका सिर्जनाका डोबहरू पनि त्यस्तै छन्-

*जिन्दगीका असंख्य छापहरू बटुलेर*
*जीवनका हरेक क्षणहरूलाई*
*जोड, घटाउ, गुणन र भागहरूमा विभक्त गरेर*
*धेरै पटक लड्दै*
*र, थोरै पटक उठ्दै*
*मैले तिमीलाई जन्माउने प्रयास गरेको छु।*

यस्तै कविता विम्बहरूमा आफूलाई देखाउँदै, कविता लेख्दै आएका कवि दामोदर पुडासैनी किशोर साहित्यिक क्षेत्रमा पछिल्लो कालखण्डमा सबल ढङ्गले देखा परेका नाम हुन्।

काठमाडौं जिल्लाको जितपुरफेदी गाविसमा वि.सं. २०१९ जेठ १८ मा पिता हरिप्रसाद र माता तुलसाका छोरा भई जन्मेका यिनी जीवनका उकाली चढ्दै, ओरालीहरूबाट झर्दै र अनुभवहरू बटुल्दै शिक्षाक्षेत्रमा व्यवस्थापन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल सकारको महालेखा परीक्षक कार्यालयमा लेखापरीक्षण अधिकारीका रूपमा हालसम्म पनि कार्यरत छन्। कर्मचारी रहेर पनि आफ्नो रुचिको कारणले साहित्यकार बन्न सफल यिनका ४ वटा कवितासङ्ग्रहहरू प्रकाशित छन्। समाजलाई सुगम पाइलामा अगाडि बढाउन मद्दत पुर्‍याउने रचना नै साहित्य हो।



साहित्यले जीवन र जगत्लाई मिहीन रूपमा छामेर ती दुवैलाई उजिल्याउने काम पनि गर्दछ। यस खालको चिन्तन नै यिनका साहित्यिक चिन्तन हो। कविका रूपमा विशेष चर्चायोग्य व्यक्तित्व बनाइसकेका यिनी नियात्राकार, कथाकारका रूपमा पनि चिनिन्छन्। थुप्रै साहित्यिक सङ्घसंस्थामा आफ्नो संलग्नता राखेर देखा परिरहेका यिनी आफ्नो अम्मल नै सिर्जना गर्ने इच्छा हो भन्न रुचाउँछन्। लक्ष्मीप्रसाद देवकोटा र भूपि शेरचनका कविताहरू विशेष मन पराउने यिनी विदेशी साहित्यकारहरूमा चेखब, टाल्सटाय, गोर्की, शोलोखोबहरू मन परेको बताउँछन्।

कवितामा छुट्टै पहिचान देखाउन सफल कविका रूपमा देखा परेका कवि दामोदर पुडासैनी कविता लेखनमा तीन दशकअगाडिदेखि नै आफूलाई समर्पित तुल्याउँदै आएका हुन्। कवितामा स्थापित हुँदै कविका रूपमा आफूलाई चिनाउँदै आएका दामोदरका कवितामा आफ्नै खालका रस-माधुर्य, भाषा, सीप, सौन्दर्यका विम्बहरू छरपस्टिएका छन्। जीवनलाई सुख-दुःखका शृङ्खला भन्न मन पराउने पीडामा प्रेम सिर्जना गर्न सक्नु नै जीवनको सार्थकता हो भन्न रुचाउने यिनको जीवनदृष्टिले यिनले दुःखबाट पनि प्रेरणा प्राप्त गर्दै जीवन्त हुन सिके। नवीन शैली र नवीन विषयमा नवसिर्जना गर्ने यिनको भविष्यको इच्छा हो, सन्दर्भमा उनी आफ्नो सिर्जनाबारे लेख्ने गर्छन्।

आफूले भोग्दै गरेका, अनुभूत गरेका, देखेका-सुनेका भावनाकै अभिव्यक्ति हो सिर्जना। कवितामा शक्ति तथा ऊर्जाशीलता त्यस बेला व्याप्त हुन्छ, जसमा स्वाभाविक चित्रण र गुञ्जन समाहित हुन्छ। कवि दामोदरका कविताहरूमा पनि यस्तै स्वाभाविक चित्रण र गुञ्जन भएकै कारणले यिनका कविताहरू सबल देखिएका हुन्। ४ वटा कवितासङ्ग्रहमा १७८ वटा गद्य शैलीका कविताहरू प्रकाशित गराइसकेका कवि दामोदरका कविताहरूमा व्यक्त भएका आफन्तका अनुहारहरू यस खालका छन्। उनी कविताकै भाषामा लेख्छन् :

*आफन्तका अनुहारहरू*
*मन्दिर, मस्जिद, चर्च र गुम्बाको बहानामा बाँडिनु हुन्न*
*जात र रङ्गको आधारमा टाढिनु हुन्न*
*गाउँ, शहर, देश र महादेशको नशाले मात्र होइन*
*वाद र विवादको भूमरीले मात्र फाँडिनु हुन्न*
*मान्छेको साइनोको प्रतीक 'रगत' हो*
*मान्छेको आफन्त भन्नु 'मान्छे' हो*

२०४९ चैत्रमा लेखिएको शेषोक्तिका यी पङ्क्तिहरूका आधारमा दामोदर कविका काव्यानुभूति विवेचना गर्दा यिनीभित्रको मानवीय चाहनाका अनुभूतिहरू कविता भएर पोखिएका छन् भन्न सकिन्छ। कविता सरल भाषामा लेख्न सफल कवि दामोदर पुडासैनीका सबैजसो कविताहरूमा मानवीय सन्दर्भका व्यथाकथाहरू मार्मिक ढङ्गले व्यक्त भएका छन्।

देश हेरेर, वातावरण नियालेर, जनमनका भावना छामेर कविता लेख्ने कविहरूकै कोटीमा दामोदर पुडासैनी 'किशोर'लाई पनि राख्न सकिन्छ। आशा यिनका कविताले खोजेको चाहना हो, त्यस्तै प्रगतितिरको परिवर्तन यिनको भावनाभित्रको आकाङ्क्षा हो। यिनका अधिकांश कवितामा देशकै मर्म लुकेको भान हुन्छ अर्थात् देशभित्रका असङ्ख्य भावनाहरूकै धुकधुकी बोल्दै गरेको प्रतीत हुन्छ। यस अर्थमा यिनका कविताहरू सबल र सुन्दर छन्। मानवीय संवेदना हराएको हाम्रोजस्तो देशमा मानवीयताका सुन्दर आयामहरू रोप्न खोज्ने कवि दामोदर आँखाको खोजीमा आँखाहरू कवितामा आफ्नो भावना यसरी फुकाउने गर्छन् :

*आँखा जुध्दा*
*साटिन्छ माया भन्थे पूर्वजहरू*
*अचेल आँखा जुध्दा*
*चट्याङ पर्न लागेको छ*
*र, भस्म हुँदै छ मानव-अस्मिता*
*किन हो किन यतिखेर*
*बुद्ध, क्राइष्ट वा पैगम्बरका आँखाहरू*
*पोको पारेर राखिएको छ खोपाभित्र।*

यही त हो पीडा देशको। सधैँ पीडामा मात्र देश दुखिरहँदा देशवासीहरूको अवस्था के होला ? सधैँ द्वन्द्व, सधैँ मारकाट, सधैँ अशान्तिमा देश रुमल्लिरहँदा देशको गति के होला ? कवि दामोदरको यो चिन्ता नेपालीमात्रको चिन्ता र दर्द हो। कविले सबैजसो कवितामा यस्तै कोरा मनभित्रका कञ्चन कुराहरू कवितामार्फत पोख्न खोजेका छन्। आकारको खोजीमा लाग्दालाग्दै कवि दामोदर आकारको खोजीका सन्दर्भमा लेख्छन्-

*अहिलेसम्मका आकारहरूलाई*
*गर्ल्यामगुर्लुम ढालेर*
*कोर्न खोज्दै छु सबैतिर*
*सत्य र स्वाधीनताको*
*नौलो र स्पष्ट आकार।*

यही र यस्तै आकारको खोजीमा लाग्दै, आलोकित आयामको चाहना राख्दै, सिर्जनामा मन राख्दै आएका कविलाई जनमतकै आयाममा राखेर साहित्यमार्फत चिनाउन खोजिरहेछु।

दामोदर पुडासैनी 'किशोर' थुप्रै साहित्यिक संघसंस्थाका संरक्षक। धेरै खालका साहित्यिक पत्रपत्रिका तथा संघसंस्थाका सल्लाहकार। शिवपुरी साहित्य समाज तथा उपन्यास समाज नेपालका कार्यकारी सदस्य। सरकारी जागिर खाएर अति व्यस्त रहँदारहँदै पनि साहित्यमा आफू सक्दो मन दिएकै कारणले दामोदर पुडासैनीका साहित्यिक सिर्जना, साधना, यात्रा उल्लेखयोग्य छन्। त्यसैले त दामोदरलाई साहित्यिक यात्रामा बधाइ दिइरहेछु। दामोदरले कवितामा भनेजस्तै म पनि त्यस्तै मन पराएर भनिरहेछु :

*रातको बहानामा*
*संसारलाई कालो बनाउने बेला हो इन यो*
*घाम बनेर जुट्नुपर्छ मान्छेहरू।*

यस्तै घामको खोजीमा लागेका कवि दामोदरले जागिरको क्रममा थुप्रै देश र विदेशमा आफ्नो पाइलालाई टेक्न लगाए। र, आफूले अनुभूत गरेका प्रसंगहरुलाई मार्मिक ढंगले नियात्रामा उतार्ने जमर्को गरे। यिनी जहाँ-जहाँ पुगे, त्यस भूगोलको चर्चा यिनले जीवन्त ढंगले अक्षरमार्फत पोख्न जाँगर चलाए। धेरै देश चहारेका छन् यिनले, थुप्रै ठाउँको परिवेश नियालेका छन् र यिनले थुप्रै मनहरुसँग यात्राका क्रममा कुराहरु साटेका छन्। भूगोल, इतिहास मात्र होइन, यिनका नियात्राहरुको संवाद पनि रोचक छन्। यात्राका प्रेमिल तरंगहरु २०६५ मा नै प्रकाशित गराएर आफूलाई नियात्राकारका रुपमा चिनाइसकेका यिनका नमेटिएका चित्रहरु (२०७०), मायालु हुम्ला (२०७१), सिमानाको रंग र सिमानाका तरंग (२०७२) र २०७३ कार्तिकमा पर्खालभित्रको राजधानी प्रकाशित गराएको देखिन्छ। पर्खालभित्रको राजधानीमा यिनले हिमाली क्षेत्रको पवित्रता, उच्चताबारे आफ्नो विचार प्रस्तुत गर्नुका साथै रहस्यको खोजी गर्न खोजेका छन्। जहाँ-जहाँ यिनी पुगे, त्यहाँ-त्यहाँको वर्णन काव्यात्मक भाषामा, मीठो शब्दशैलीमा जीवन्त हुने गरी पोखेका छन्। नियात्रामा रम्न जानेका दामोदरले नियात्रा साहित्यमा कवितामा भन्दा बलियो ढंगले आफ्नो प्रस्तुति पोखेर आफूलाई सफल नियात्राकारका रुपमा देखाउन सफल छन्। कवितामा सुन्दर आकृति खोप्न जानेका कवि दामोदरले नियात्रामा पनि आफ्नो उज्यालो अक्षर कोर्न सफल छन्। कथामा सामयिकता पोख्न सिपालु कथाकारका रुपमा चिनिएका दामोदरले धर्मको ह्याङओभर पुस्तक प्रकाशित गराएर आफूलाई सफल टिप्पणीकर्ताको रुपमा पनि उभ्याएका छन्। सबैजसो विधामा साहित्य लेख्न जाँगर चलाउँदै आएका दामोदरका साहित्यिक यात्रामा अझ उच्चता थपिँदै जाओस्, शुभकामना छ।

## मस्कोमा साहित्यिक कार्यक्रम सम्पन्न

कृष्णप्रकाश श्रेष्ठ

मस्को। रूसको राजधानीस्थित नेपाली राजदूतावासको प्रांगणमा हालै नेपाली र रूसी भाषामा कवितापाठ, नेपाली गीत र नृत्यधुनको सुमधुर गुञ्जन गुञ्जियो। मनोरम र उल्लासमय वातावरणमा गैरआवासीय नेपाली संघ रूस तथा मस्कोस्थित नेपाली राजदूतावासको तत्वावधानमा सम्मान तथा शुभकामना समारोहसमेत सम्पन्न यस पंक्तिकार तथा रूसको दक्षिणी भेकमा रहेको दोनवर्ती रस्तोभबाट स्वयं समारोहमा उपस्थित हुन नसके पनि मास्कोमा बस्ने उनकी छोरी ओल्गालाई समेत खादा ओढाएर सम्मान गरिएको थियो।

यसपछि गैरआवासीय नेपाली संघ रूस राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष रामेश्वर गौतमको सभापतित्वमा सम्मान तथा शुभकामना समारोहको मुख्य कार्यक्रम शुरु भयो। अध्यक्षमण्डलमा



भयो। समारोहमा गैरआवासीथ नेपाली संघ रूस राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष रामेश्वर गौतमको सभापतित्वमा समारोहका प्रमुख अतिथि रूसका लागि नेपाली राजदूत ऋषिराम घिमिरे एवं विशेष अतिथि रूस-नेपाल सहयोग तथा मैत्री समाजका अध्यक्ष मिखाइल नेक्रासोभका साथै विश्व नेपाली साहित्य महासंघ रूसका अध्यक्ष गोविन्दप्रसाद गौतमबाट अध्यक्षमण्डलमा स्थान ग्रहण गरियो। त्यसपछि विनेसामका महासचिव डा. मनमूर्ति भुर्तेल तथा कृष्णप्रकाश श्रेष्ठबाट विश्व नेपाली साहित्य महासंघ रूस शाखाको सहभागितामा नेपाली र रूसी भाषामा प्रकाशित पुस्तक विमोचनसहित साहित्यिक कार्यक्रमको सञ्चालन गरियो।

सर्वप्रथम साहित्यिक कार्यक्रमका सभापति तथा अतिथिद्वयबाट मास्कोस्थित नेपाली राजदूतावासका तृतीय सचिव, कवि कुमारबहादुर श्रेष्ठ 'क्रान्ति' लिखित 'अनिदो जीवनमा जूनकिरी' शीर्षकको कवितासंग्रहको विमोचन गरियो। त्यसपछि कविको स्वरमा 'मस्को आउँदा आउँदै' शीर्षकको कविताको पहिलो पंक्तिमै 'विश्वको ठूलो देश रसिया...' भन्दै रूसबारे उद्गार पोखिएको नेपाली कविता गुञ्जियो। तत्पश्चात् विश्व नेपाली साहित्य महासंघको योजनानुसार यसै पंक्तिकारद्वारा रूसी कविहरूको समेत सहयोगबाट रूसी भाषामा अनुदित र सम्पादित तथा काठमाडौंबाट प्रकाशित 'नेपाली कविता कुञ्ज' शीर्षकमा आधुनिक नेपाली कवितासंग्रहको लोकार्पण गरियो। तदुपरान्त रूसी काव्यानुवादकहरूबाट छोटो मन्तव्यसहित रूसी भाषामा अनुदित नेपाली कविताहरूको क्रमशः पाठ गरियो र सबै वक्ताहरूसहित प्रमुख अतिथि नेपाली राजदूत ऋषिराम घिमिरे एवं आमन्त्रित अतिथि रूस-नेपाल सहयोग तथा मैत्री समाजका अध्यक्ष मिखाइल नेक्रासोभका साथै गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्मा नवनिर्वाचित उपाध्यक्ष सपिला राजभण्डारी, महासचिव डा. बद्री के.सी., युरोप उपसंयोजक गोविन्दप्रसाद गौतम, केन्द्रीय सदस्यद्वय डा. एकनारायण चापागाईं तथा रवीन्द्र भट्टराईलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। राजदूत ऋषिराम घिमिरेले गैरआवासीय नेपाली संघको केन्द्रीय निकायमा निर्वाचत सबै पदाधिकारीहरूप्रति शुभेच्छा र बधाई ज्ञापन गर्नुभयो।

सम्मान तथा शुभकामना समारोहमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्मा नवनिर्वाचित उपाध्यक्ष सपिला राजभण्डारी, महासचिव डा. बद्री के.सी., युरोप उपसंयोजक गोसवन्दप्रसाद गौतम, रूसबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य डा. एकनारायण चापागाईं, मनोनीत केन्द्रीय सदस्य रवीन्द्र भट्टराईलाई रूसवासी नेपाली समुदायको तर्फबाट स्वागत र हार्दिक शुभकामना व्यक्त गर्दै खादा ओढाएर हार्दिक सम्मान गरियो। गैरआवासीय नेपाली संघ रूस राष्ट्रिय समन्वय परिषद्द्वारा मनोनीत ५ संरक्षक डा. सूर्यप्रसाद रिजाल, उत्सवकुमार अमात्य, डा. कुमार कार्की, टेकराज निरौला तथा खेमराज लामिछानेलगायत ५ सल्लाहकार डिल्ली खरेल सुमन, गणेश रामदाम, डा. विमला भण्डारी, तेजबहादुर शाह र राजकुमार पाण्डे एवं मनोनीत सदस्य केशव तिमिल्सिना र भूपेन्द्र चौधरीलाई पनि खादा ओढाएर सम्मान गरियो।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

पुस ८ देखि १४ गतेसम्म

**मेष**
तपाईंका लागि साताका धेरैजसो दिन उत्तम फलदायक नै देखिन्छन्। साताको शुरु र अन्त्यका दिनहरुमा साथीभाइबाट सहयोग, धन, खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापारमा सफलता हासिल हुनुका साथै हर्षोल्लास बढ्ला। पढाइ, लेखाइमा सफलता होला। तर साताको बीच मंगलबार र बुधबार भने रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना देखिन्छ। होसियारी अपनाउनुपर्ला।

**वृष**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरु फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**मिथुन**
तपाईंका लागि यो साता शुभ फलदायक छ। शुभ मांगलिक काम हुनेछ। आँटेका र गरेका कार्यहरु सफल हुनेछन्। रोजगार, वैदेशिक यात्रा, बढुवा, सम्पत्ति वृद्धिको सम्भावना छ। परिवार, साथीभाइ, इष्टमित्रबाट सहयोग पाइएला। व्यापार व्यवसाय वा गरिरहेको पेसाबाट राम्रै आम्दानी हुने देखिन्छ। समय शुभ भएकाले सबैको वाहवाही भइनेछ भने मान-सम्मानमा वृद्धि होला।

**कर्कट**
तपाईंका लागि यो साता फलदायक छ। हुन त शुरुमा रोगव्याधिको भय, शारीरिक कष्ट, थालेको काममा बाधा, आकस्मिक खर्च होला। तर मंगलबारबाट सबै समस्या समाधान हुनेछ। राज्यका तर्फबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, पढाइ वा परीक्षा प्रतियोगितामा सफलता हासिल हुनेछ। राजनीतिककर्मीहरुका लागि झनै सफलता हुने देखिन्छ। कतैबाट राम्रै आर्थिक लाभ पनि होला।

**सिंह**
तपाईंका लागि मंगलबार र बुधबारबाहेक साताका सबै दिन उत्तम फलदायक देखिन्छन्। साथीभाइ, इष्टमित्रबाट सहानुभूति प्राप्त होला। खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन पाउने सम्भावना छ। पेसा-व्यापारमा सफलता मिल्ला। परिवारमा समेत सुखानुभूति हुनेछ। तर मंगलबार र बुधबार भने अनेक उल्झन बेहोर्नुपर्ला। हुन लागेको काममा बाधा नहोला भन्न सकिन्न। स्वास्थ्यमा समस्या आउन सक्छ।

**कन्या**
तपाईंका लागि यो साता उपलब्धिमूलक नै देखिन्छ। उपहार, कोसेली, मिष्ठान्न भोजन प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा गडबड हुनसक्छ।

**तुला**
तपाईंका लागि यो साता उत्तम फलदायक छ। शुभ मांगलिक कामको थालनी हुने, हरेक कार्य सफल हुनेछ। वैदेशिक यात्रा, बढुवा, अचल सम्पत्ति वृद्धिको सम्भावना छ। साथीभाइ-इष्टमित्रबाट ठूलै सहयोग पाइएला। आफ्नो व्यापार व्यवसाय वा पेसाबाट राम्रै आर्थिक लाभ हुने देखिन्छ। उन्नति-प्रगतिका लागि गरेका प्रयासहरु खेर जानेछैनन्। बोली बिक्नेछ।

**वृश्चिक**
तपाईंका लागि यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगितामा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। तर सोमबारसम्म भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, पेसा-व्यवसायमा बाधा व्यवधान, प्रतिष्ठामा आँच आउन सक्छ।

**धनु**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरु उत्तम फलदायक छन्। साताको शुरु र अन्त्यका दिनहरुमा धन प्राप्ति, खाद्यपदार्थ प्राप्ति, पुरस्कार/उपहार प्राप्ति, मिष्ठान्न भोजन प्राप्तिको सम्भावना छ। व्यापारमा सफलता हासिल होला। जोश-जाँगर बढ्नेछ। तर मंगलबार र बुधबार भने स्वास्थ्यमा समस्या देखिएला। साथीभाइ, इष्टमित्रसँग विवाद पर्न सक्छ, होसियार रहनुपर्ला। अधिक खर्च होला।

**मकर**
तपाईंका लागि साताका शुरुका दिनहरु धेरै उत्तम फलदायक छन्। आकस्मिक धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण होला। उत्तम भोजन प्राप्ति, पुरस्कारको सम्भावना, सानो बोलीले ठूलो काम बन्ने देखिन्छ। आर्थिक उन्नति एवम् मान-सम्मान बढ्ला। व्यापारीलाई विशेष लाभ हुने सम्भावना छ। साताको अन्त्यमा भने व्यर्थमा खर्च, दौडधुप, दिनचर्या अस्तव्यस्त नहोला भन्न सकिन्न।

**कुम्भ**
तपाईंका लागि यो साता उत्तम फल दिनेवाला छ। सामान्य प्रयासले पनि धेरै काम बन्नेछन्। शुभ समाचार सुनिनेछ। गरेका कामहरु सफल हुनेछन्। आम्दानीको स्रोत बढ्नेछ। साथीभाइ वा इष्टमित्रको सहयोगले राम्रै काम बन्नेछ। व्यापारबाट राम्रो आम्दानी हुने, पठनपाठनमा सक्रियता बढ्ने, गरिरहेको रोजगारी वा व्यवसायबाट आत्मसन्तुष्टि मिल्नेछ। धन, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**मीन**
तपाईंका लागि साताको धेरैजसो समय फलदायक देखिन्छ। हुन त सोमबारसम्म रोगव्याधिको भय, शारीरिक कष्ट, काममा बाधा, आकस्मिक खर्च होला। तर मंगलबारबाट क्रमशः समस्या समाधान हुनेछन्। राज्यका तर्फबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, पढाइ वा परीक्षा प्रतियोगितामा सफलता हासिल हुनेछ। राजनीतिमा सफलता, कतैबाट आर्थिक लाभ एवम् मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री यज्ञबहादुर थापाले लोकतन्त्रमा निष्पक्ष र प्रभावकारी न्याय दिलाउन न्यायपालिकाको ठूलो भूमिका हुने बताउनुभयो। मन्त्री थापाले संविधान र कानुनको कार्यान्वयनमा राजनीतिभन्दा माथि उठेर बहस गर्नुपर्नेमा जोड दिँदै कानुन व्यवसायीको क्षमता विकासका लागि सरकारले सदा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।






काठमाडौंका धेरैजसो आकाशे पुलहरू जीर्ण भएका छन् । तीमध्ये भोटाहिटीको आकाशे पुलको पुनर्निर्माण कार्य शुरू भएको छ । पुल नहुँदा यात्रुहरू सडकबाटै बाटो काट्न बाध्य भएका छन् । तस्वीर : मोनिका मल्ल/काठमाडौं

# विष्णुमती करिडोर सडक बेवारिसे

## एकले अर्कालाई दोष दिएर उम्कन खोजियो

सुरेश तामाङ, काठमाडौं

विष्णुमती खोला किनारको सडक छेउमा भारत विहारका सञ्जय गुप्ताका पान पसल छ। बुधबार उनको पसल पुग्दा उनी सेम्पुको बोतल हातमा लिएर धूलो पुछिरहेका थिए। ७ वर्ष अघिदेखि सोही ठाउँमा पसल गर्दै आएका गुप्ताले पानबाहेक अरू सामानहरू पनि बिक्री गर्ने गरेका छन्।

खोलाको किनारमा रहेको सडकमा अलिकति हावा चल्दा पनि उडिहाल्ने धूलोले गर्दा उनलाई सकस हुने गरेको छ। धूलो उडिरहन्छ कसरी बस्न सक्नुहुन्छ भन्ने प्रश्नमा उनी भन्छन्- 'सडकको धूलोले गर्दा पसल चलाउनै सकस भइसक्यो। के गर्ने के भएको छ।'

यस खोला किनारको सडक छेउमा पसल गर्ने, बसोबास गर्ने, सडकको प्रयोग गर्ने सयौं सर्वसाधारणले प्रत्यक्ष रूपमा सास्ती भोगिरहेका छन्। विहारी गुप्ताकै हविगत यहाँका अरू बासिन्दाको पनि छ। उनी त केबल यसको प्रतिनिधि पात्र मात्रै हुन्।

खोलाको ढलको गन्ध त छँदै छ। सडक किनारमै थुपारिएको फोहोरको डंगुर, ढल फुटेर सडकमै एत्रतत्र फैलिएको पानीले गर्दा सर्वसाधारणलाई सास्ती मात्रै होइन, जोखिम पनि बढाएको छ।

यसै खोलाको किनारै किनार टेकु पुलदेखि शोभाभगवती मन्दिर जाने बाटोको अवस्थाको बारेमा बयान गरी साध्य छैन। ३ वर्षदेखि बाटोको अवस्था जस्ताको तस्तै छ। सडकको सुधार त एकादेशको कथा भइसकेको छ।

सर्वसाधारण तहमा यस्तो अवस्था आए पनि सम्बन्धित निकायका जिम्मेवार व्यक्तिहरू भने एकले अर्कालाई दोष देखाएर पन्छन खोजिरहेका छन्। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलेले विष्णुमती खोलाको ढल व्यवस्थापन गर्दै खोलाको संरक्षण गर्ने काम गरिरहेको छ।

बाग्मती सभ्यताले ढल बिछ्याउन सडक खन्दा सडकको यस्तो हविगत भएको स्थानीय बताउँछन्। तर बाग्मती सभ्यताकै कामका कारण सडक बिग्रेको भन्नु सरासर गलत भएको समितिले जनाएको छ।

डिभिजन सडक कार्यालय नम्बर २ ले विष्णुमती किनारको सडक आफूहरूको कार्य क्षेत्रमा नपर्ने बताउँदै आएको छ। कार्यालयका प्रमुख देवकुमार तामाङले विष्णुमती किनारमा बाग्मती सभ्यताले ढल राख्ने काम गरिरहेकाले सोही समितिले नै सडकको काम गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो- 'त्यो सडकमा अहिले बाग्मती सभ्यताले ढल राख्ने काम गरिरहेको छ। त्यसकारण हामीले हेर्ने कुरा भएन। सडक उहाँहरूले खनेपछि बनाउने पनि उहाँहरूको नै हो। हामीले त उहाँहरूले हस्तान्तरण गरेपछि मात्रै हेर्ने हो।'

समितिका उपकार्यकारी निर्देशक योगेन्द्र चित्रकारले विष्णुमती खोलामा भेल बाढी नियन्त्रण, ढलको व्यवस्थापनको कामबाहेक अन्य काम आफ्नो कार्य क्षेत्रमा नपर्ने बताउनुभयो।

'हामीले विष्णुमतीमा बाढी नियन्त्रण र ढलको व्यवस्थापन मात्रै गर्ने हो', उहाँले भन्नुभयो- 'त्योबाहेक हामीसँग अन्य योजना छैन।' समितिकै कामले गर्दा सडकको अवस्था बिग्रिएको भन्नेमा उहाँ सहमत हुनुहुन्न। 'हाम्रो कामले गर्दा सडक बिग्रेको छैन। ढल राख्न पनि अलि अलि सडक खन्ने हो। सडक खन्ने ठाउँमा हामी सडक बनाउँछौं तर अहिले सडकलाई हामीले छोएको छैनौं।' -उहाँले भन्नुभयो। सडक बनाउन कसैले जिम्मा लिएन भने समितिले विचार गर्ने उहाँले बताउनुभयो।

समितिले बाग्मती दोभानदेखि महादेवखोला दोभानसम्म ६ किमिको भाग विष्णुमती खोलालाई संरक्षण र ढलमुक्त पार्न काम गरिरहेको जनाएको छ। आव २०७४/०७५ भित्र सम्पन्न गर्ने लक्ष्य लिएर आव २०७१/०७२ देखि समितिले काम थालेको थियो।

खोलाको दुईतिर ढल हाल्ने, पर्खाल लगाउने, घाट र पुरातात्त्विक वस्तुको संरक्षण गर्ने समितिको योजना रहेको समितिका सूचना अधिकारी प्रभात श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार समितिले हालसम्म ८० प्रतिशत पर्खालको काम सम्पन्न गरीसकेको छ भने ढलको काम भर्खरैजस्तो शुरू भएको छ। ढल हालसम्म ५ सय मिटरमात्रै राखेको छ। १ अर्ब लागतको अनुमान गरिएको यस योजनाका लागि हालसम्म ५७ करोड खर्च गरिसकेको छ।

# राष्ट्रिय प्रशिक्षण प्रणालीबारे प्रहरीमा छलफल

काठमाडौं, (नेस)

नेपालमा प्रहरीको राष्ट्रिय प्रशिक्षण प्रणाली विषयक एक दिवसीय अन्तर्क्रिया कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।

प्रहरी महानिरीक्षक प्रकाश अर्यालले संघीयतामा नेपाल प्रहरीलाई रूपान्तरण गर्न तथा प्रशिक्षण प्रणालीलाई व्यावसायिक बनाउन यस्ता छलफल मार्गदर्शक हुने उल्लेख गर्दै स्रोत साधनको उपलब्धताले यसमा मुख्य भूमिका खेल्ने बताउनुभयो। समयअनुसार प्रशिक्षण प्रणाली परिमार्जन गर्नुपर्ने बताउँदै उहाँले दक्ष जनशक्ति उत्पादन गर्न प्रभावकारी तालिम प्रणाली विकास गर्नुपर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक देवेन्द्र सुवेदीले स्वागत मन्तव्य राख्दै राज्य संघीयतातर्फ अग्रसर भइसकेको वर्तमान अवस्थामा प्रशासनिक संरचना र अन्य प्रहरी प्रणालीको नयाँ स्वरूपमा राष्ट्रिय प्रशिक्षण प्रणाली कस्तो हुनुपर्छ भन्ने विषयमा ज्ञान, अनुभव आदानप्रदानका लागि छलफल महत्त्वपूर्ण हुने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका निर्देशक प्रहरी नायब महानिरीक्षक छविलाल जोशीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कार्यक्रममा पूर्वप्रहरी महानिरीक्षकहरू, प्रतिष्ठानका पूर्वनिर्देशकहरू, समादेशकहरू तथा वरिष्ठ प्रहरी अधिकृतहरूले प्रशिक्षण प्रणालीको विषयमा आ-आफ्नो विचार तथा सुझाव प्रस्तुत गर्नुभएको थियो। उक्त अवसरमा प्रतिष्ठानको विगतदेखि वर्तमानसम्मका विकासक्रमको श्रव्यदृश्यसमेत प्रस्तुत गरिएको थियो।

### एमाले स्थायी समिति बैठक

# सरकार निर्माणमा अवरोध नगर्न चेनावनी

काठमाडौं, (नेस)

निर्वाचनको परिणामअनुसार नयाँ सरकार गठनका लागि सरकारले मार्ग प्रशस्त नगरेकोप्रति नेकपा एमालेले आपत्ति जनाएको छ। एमालेले जनादेश विपरीत सरकारले अझै आयु लम्बल्याउने गरी राष्ट्रियसभा गठनको विषयमा अवरोध सृजना गरेको भन्दै एमालेले तत्काल नयाँ सरकार गठन गर्न माग गरेको छ।

सरकारको नेतृत्व लिने तयारीमा रहेको नेकपा एमालेले सरकार गठन र माओवादी केन्द्रसँगको पार्टी एकताबारे ठोस धारणा तय गर्न आन्तरिक छलफल शुरू गरेको छ। निर्वाचनपछि शुक्रबार एमालेका उपाध्यक्ष वामदेव गौतमको निवासमा बसेको स्थायी समितिको बैठकले सरकार गठन र माओवादी केन्द्रसँगको पार्टीलाई एकसाथ अगाडि बढाउने निर्णय गरेको छ। सरकार गठनको बारेमा भन्दा पनि माओवादी केन्द्रसँग पार्टी एकताबारेमा पार्टीको औपचारिक धारणा तय गर्न पार्टी केन्द्रीय समिति र पोलिटब्युरो बैठक बोलाउने निर्णय गरेको पार्टी प्रचार विभागका प्रमुख योगेश भट्टराईले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'राष्ट्रियसभाको गठनसँग सरकार निर्माणको कुनै सम्बन्ध छैन, नयाँ सरकार निर्माणमा अवरोध गर्नुहुँदैन, तत्काल मार्ग प्रशस्त गर्नुपर्छ।'

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

# विपक्षी झिकाउन सर्वोच्चको आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले मतगणनाका क्रममा अनियमिता भएको भन्दै दायर भएका मुद्दामा विपक्षीलाई ७ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ।

प्रधानन्यायाधीश गोपाल पराजुली र न्यायाधीश दीपकराज जोशी, ओमप्रकाश मिश्र, चोलेन्द्र शमशेर जबरा र दीपककुमार कार्कीको संवैधानिक इजलासले विपक्षीलाई ७ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको हो।

संखुवासभाका प्रतिनिधिसभा उम्मेदवार दीपक खड्काले पुन: मतगणना गर्न माग गर्दै गरेको मुद्दामा अन्तरिम आदेश दिँदै छलफलका लागि आउँदो पुस १९ गते झिकाउने र निर्वाचनमा प्रयोग भएका सबै मुचुल्का, मतपत्रलगायतका कागजात झिकाउनसमेत आदेश भएको छ।

त्यसैगरी, संवैधानिक इजलासले तनहुँ क्षेत्र नम्बर १का प्रदेशसभा (क) उम्मेदवार प्रदीप पौडेलले मतगणनाका क्रममा तनहुँमा धाँधली भएको भन्दै परेको मुद्दामा अन्तरकालीन आदेश दिने वा नदिने विषयमा छलफलका लागि यही पुस १९ गते दुवै पक्षलाई झिकाउन आदेश दिइएको छ।

त्यसैगरी, धनुषा क्षेत्र नं ३ मा प्रतिनिधिसभाका उम्मेदवार रामसिंह यादवले धाँधलीपूर्ण तरिकाले निर्वाचन भएकाले सो निर्वाचन बदरको माग गर्दै दायर गरेको मुद्दामा छलफल र अन्तरिम आदेश दिने वा नदिने विषयमा पुस १९ नै संवैधानिक इजलासले झिकाउने आदेश जारी गरेको छ।

# अनलाइनबाट मुद्दा दर्ता गरिने

काठमाडौं, (नेस)

प्रधानन्यायाधीश गोपाल पराजुलीले विधिको शासन अवलम्बन गर्न कानुन व्यवसायीहरूलाई आग्रह गर्नुभएको छ।

नेपाल बार एसोसिएसनको ६१औं स्थापना दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा प्रधानन्यायाधीश पराजुलीले स्वतन्त्र न्यायपालिका, संविधान र कानुनको व्याख्या गर्ने कानुन व्यवसायी इमानदार हुनुपर्ने बताउनुभएको थियो। प्रधानन्यायाधीश पराजुलीले न्यायालयको एक्लो प्रयासले मात्र नागरिकमा न्यायको पहुँच नपुग्ने भएकाले बार र बेन्चबीच सुमधुर सम्बन्ध हुन जरुरी रहेको बताउनुभयो। प्रधानन्यायाधीश पराजुलीले न्याय महँगो भएको जनगुनासो बढ्नु न्याय क्षेत्रका लागि नै लाजमर्दो कुरा भएको बताउनुभयो। उहाँले अब पीडित जनतालाई न्याय दिन अनलाइनमार्फत मुद्दा दर्ता गर्ने व्यवस्था अन्तिम चरणमा पुगेको बताउनुभयो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री यज्ञबहादुर थापाले लोकतन्त्रमा निष्पक्ष र प्रभावकारी न्याय दिलाउन न्यायपालिकाको ठूलो भूमिका हुने बताउनुभयो। मन्त्री थापाले संविधान र कानुनको कार्यान्वयनमा राजनीतिभन्दा माथि उठेर बहस गर्नुपर्नेमा जोड दिँदै कानुन व्यवसायीको क्षमता विकासका लागि सरकारले सदा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल बार एसोसिएसनका अध्यक्ष शेरबहादुर केसीले कानुन व्यवसायीले इमानदारीपूर्वक नागरिकलाई न्याय दिलाउन लागिरहेको बताउनुभयो।

# कामको हेभिवेट म हुँ : *सिँचाइ मन्त्री*

काठमाडौं, (नेस)

सिँचाइ मन्त्री सञ्जय गौतमले राष्ट्रियसभासम्बन्धी अध्यादेश सरकारले निर्वाचन हुनुअगावै विधिसम्मत रूपमा राष्ट्रपतिसमक्ष प्रस्तुत गरेकाले राष्ट्रपतिले त्यसलाई अन्यथा लिनुले राजनीतिक अवस्था जटिल बन्दै गएको बताउनुभएको छ।

राजधानीमा आयोजित एक कार्यक्रममा उहाँले राष्ट्रियसभाको निर्वाचनपछि मात्रै संघीय संसद्ले पूर्णता पाउने भएकाले राष्ट्रपतिले अध्यादेशलाई तत्काल स्वीकृत गर्नुपर्नेमा जोड दिनुभयो।

मन्त्री गौतमले समानुपातिक-समावेशी सिद्धान्तका आधारमा एकल संक्रमणीय व्यवस्थाअनुसार अध्यादेश ल्याइएको बताउँदै राष्ट्रपतिले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न पाउने भएकाले उहाँको भूमिकामा टिप्पणी गर्नु अमर्यादित हुने विचार व्यक्त गर्नुभयो। 'कांग्रेस र एमालेबीच राजनीतिक दूरी बढिरहेको अहिलेको अवस्थामा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मध्यमार्गी भूमिका खेल्नुपर्छ', उहाँले भन्नुभयो- 'विशेष गरी सरकार र दलबीच संवाद सञ्चालन गर्न उहाँको भूमिका यतिबेला खाँचो छ।'

मन्त्री गौतमले निर्वाचनमा आफ्नो क्षेत्रका जनताले कामको हेभिवेटलाई विश्वास गरेको बताउँदै मलाई बर्दियाको माटोले पत्याउँछ भन्नेमा शुरूदेखि नै विश्वास थियो, नामको हेभिवेटले हुँदैन, म त कामको हेभिवेट हुँ, मलाई पार्टीले पनि उचित मूल्यांकन गर्छ।'

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्यलाभ, परिवार-सुख, उत्तम भोजनको अवसर, सुख-सन्तोष।
**वृष** : कार्य सिद्धि, शारीरिक स्वस्थता, हर्षविभोर, सुखानुभूति।
**मिथुन** : राज्य सुख, यश-कीर्ति, शुभ मांगलिक यात्रा, विविध लाभ।
**कर्कट** : रोगको सम्भावना, धनहानि, कार्यमा बाधा-व्यवधान।
**सिंह** : धन प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान पाइने।
**कन्या** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक कार्यमा विजय, पारिवारिक सुख।
**तुला** : कार्य सफल, सन्तान सुख, धन प्राप्ति, शुभ समाचार श्रवण।
**वृश्चिक** : अपच, ग्यास्ट्रिक आदिको सम्भावना, विवाद, दौडधुप।
**धनु** : द्रव्यलाभ, मान-सम्मान, पराक्रम-उन्नतिको अवसर, कार्य सफल।
**मकर** : धनलाभ, मानसिक सन्तुष्टि, सुख-सन्तोष, उपलब्धिमूलक कार्य।
**कुम्भ** : खाद्यसामग्री वा उपहारादि वस्तु प्राप्ति, उत्तम भोजन, भाग्योदय।
**मीन** : धन नोक्सानी, रोग, दुर्घटना, चोटपटकको भय, वादविवाद।

# नेपाल

पहिरोको जोखिममा रहेको लाप्राक गाउँ भूकम्पका कारण थप जोखिममा परेको थियो। भूकम्पका कारण गाउँनै स्थानान्तरण गर्नुपर्ने भएपछि ५ सय ७३ घर रहेको लाप्राकको पुनर्निर्माण गुप्सीपाखामा थालिएको हो। २ घर पुनर्निर्माण भएका छन् भने करिब ४ सय घरको डीपीसी ढलान भएको छ।

## लाप्राक नमुना बस्तीको ३२ प्रतिशत काम सकियो

सन्तोष अधिकारी, गोरखा

गैरआवसीय नेपाली संघ एनआरएनएले निर्माण गरिरहेको लाप्राक नमुना बस्ती ३२ प्रतिशत काम सम्पन्न भएको छ। करिब १ अर्ब लगानीमा ५ सय ७३ घर पुनर्निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ।

एनआरएनएका निवर्तमान अध्यक्ष शेष घलेले आफ्नै कार्यकालमा पुनर्निर्माण सिध्याएर गाउँलेलाई हस्तान्तरण गर्ने भनिए पनि विकट भूगोल, कामदार अभावलगायतका कारणले त्यो पूरा हुन सकेन। घलेले गत असोजमा घर हस्तान्तरण गर्ने बताएका थिए। अहिलेसम्म पूर्णरूपमा जम्मा २ वटा घर मात्रै पुनर्निर्माण भएका छन्। पुनर्निर्माणको अन्तिम चरणमा भने थुप्रै घरहरू रहेको लाप्राककी त्रिशिला गुरुङले बताइन्।

पहिरोको जोखिममा रहेको लाप्राक गाउँ भूकम्पका कारण थप जोखिममा परेको थियो। भूकम्पका कारण गाउँनै स्थानान्तरण गर्नुपर्ने भएपछि ५ सय ७३ घर रहेको लाप्राकको पुनर्निर्माण गुप्सीपाखामा थालिएको हो। २ घर पुनर्निर्माण भएका छन् भने करिब ४ सय घरको डीपीसी ढलान भएको छ।

२०७३ साल वैशाख १२ गते गुप्सीपाखामा राष्ट्रपति विद्यादेवी भण्डारी, पुनर्निर्माण प्राधिकरणका तत्कालीन सीईओ गोविन्द पोखरेल, एनआरएनएका तत्कालीन अध्यक्ष घलेले घर बनाउने सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए। साथै केही सामुदायिक भवन निर्माणका लागि पनि विभिन्न क्षेत्रबाट स्रोत सुनिश्चित भएको कार्यक्रममा जानकारी गराइएको प्रजिअ जितेन्द्र बस्नेतले बताए।



### कति भयो प्रगति ?

गुप्सीपाखा समुद्री सतहबाट करिब २८ सय मिटर उचाइमा रहेको ठाउँ हो। निर्माण हुने ५ सय ५३ घरमध्ये अझै २५० घरको डीपीसी नै भएको छैन। अहिलेसम्म करिब ३२ प्रतिशत काम सम्पन्न भएको साइड म्यानेजर इन्जिनियर दिपेश सिंहले जानकारी दिए। नेपाली सेनाबाहेक १५० जना कामदार पनि गुप्सी पुनर्निर्माणमा खटिरहेको सिंहले जानकारी दिए।

### गुप्सीमै उत्पादन हुन्छ आवश्यक इँटा

एनआरएनएले ५ सय ७३ वटा घर निर्माणका लागि गुप्सीपाखामा नै इँटा तयार गरिरहेको छ। डीपीसी गरिएका ३ सय घरका लागि आवश्यक इँटा तयार भइसकेको पनि कार्यक्रममा जानकारी गराइएको थियो। सोही ठाउँको माटो परीक्षण गरी एनआरएनले मेसिनहरू खरिद गरी इँटा उत्पादन गरेको हो। इँटा उत्पादनमा स्थानीय, नेपाली सेना र एनआरएनमार्फत लाप्राक आएका विदेशी स्वयम्सेवकहरू खटिएका छन्। स्थानीयहरूले बस्ती निर्माणका लागि श्रमदान गरिरहेका छन्।

लाप्राकको कमान्ड सम्हालेर बसेका नेपाली सेनाका मेजर राजन ढकालका अनुसार १४५ जना नेपाली सेनाले नियमित काम गरिरहेका छन्।

ढुंगा स्थानीयले जुटाएका छन्। गुप्सीमा रोजगारको सिलसिलामा विभिन्न देशमा पुगेका गैरआवासीय नेपालीहरूले पनि विदामा आएर श्रमदान गरिरहेका छन्।

### निर्माण हुने घरमा वातावरणमैत्री छाना

गुप्सीपाखामा निर्माण हुने घरहरूमा वातावरणमैत्री जस्ताको छाना रहनेछन्। डीपीसीसम्म ढुंगामाटो, तल्लोतलामा इकोब्रिकको गारो र माथिल्लो तलामा ट्रिट गरिएको बाँस रहेछन्। बस्तीका लागि सरकारले १८.३२ हेक्टर क्षेत्रफल जग्गाको भोगाधिकार दिइसकेको छ। साथै स्वास्थ्य चौकी, सुमदायिक भवन, बस्तीभित्रको सडकलगायतका आवश्यक पूर्वाधारका लागि पनि स्रोत जुटाइरहेको जनाएको छ।

त्यस्तै नयाँ बस्ती निर्माणाधीन गुप्सीपाखामा खानेपानीको व्यवस्थाका लागि केयर नेपालले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाको समन्वयमा काम गरिरहेको छ। खानेपानीको काम पनि अन्तिम चरणमा पुगेको बताइएको छ।

## भोट नै नमागेर पाँचौं

नेपाल समाचारपत्र

बाँके

२०५१ सालदेखि संसदीय चुनावमा उम्मेदवारी दिँदै आएका नेपालगन्जका लिलौं दर्जीले यो चुनावमा पनि प्रतिस्पर्धा गर्नुभयो। सधैं चुनावमा प्रतिस्पर्धा गर्ने, भोट माग्न नजाने र अन्तिम नतिजा पनि नसुन्ने दर्जीको अनौठो बानी रहेको छ।

२०५१, २०५६ र यसपालिको चुनावमा उम्मेदवार बनेका दर्जीलाई कुनै पनि चुनावमा कति मत आयो भन्ने थाहा छैन। 'म मतगणनास्थलमा गइनँ। ७ सय ८३ आयो भन्छन्, बाँके क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका लागि प्रतिस्पर्धा गरेका दर्जीले भन्नुभयो।

यसपालि दर्जीको मत ६ सय ८३ आएको थियो। जुन क्षेत्र नं. २ मा प्रतिस्पर्धा गरेका १७ जनामध्ये पाँचौं हो। सुटुक्क उम्मेदवारी दिने, कसैसँग



भोट नमाग्ने, रिजल्ट सुन्न पनि नजाने दर्जीले भोजभतेर, पत्रपत्रिका र सडकभरि प्रचारप्रसार, गाडीको लस्कर लगाएर हिँड्नेको भन्दा धेरै मत ल्याउनुभयो।

तपाईंको कसरी यति धेरै मत आयो ? भन्ने जिज्ञासामा दर्जीले थप्नुभयो, 'मेरा चिनजानका मान्छे छन्। उनीहरूले मत दिएका हुन्। मैले भने कसैसँग भोट मागिनँ।' दर्जीले आगामी चुनावका लागि भने अलि बढी मिहिनेत गर्नुपर्ला भन्दै अझै चुनाव लड्ने मनशाय प्रकट गर्नुभयो।

६८ वर्षीय दर्जीको २०५१ सालकै नारा अहिलेसम्म धेरैले सम्झिन्छन्। 'भोट देऊ वा नदेऊ तुहार मर्जी, हमार नाम हो- लिलौं दर्जी' यो नारा संसदीय चुनावलाई चाखपूर्वक नियाल्ने सबैको जिब्रोमा झुण्डिएको छ।

विगतमा तराजु, रिक्सा चुनाव चिन्ह लिएका दर्जीको यसपालि हँसिया र तारा थियो। सधैं स्वतन्त्र चुनाव लड्ने दर्जी यसपालि जनसमाजवादी पार्टीबाट उम्मेदवार बनेका थिए।

## दुई स्कुले छात्राको कंकाल फेला

लमजुङ, (नेस)

दुई स्कुले छात्राहरूको कंकाल हराएको साँढे ४ महिनापछि जंगलको बीचमा फेला परेको छ। उनीहरू सुन्दरबजार नगरपालिका ५, खहरेस्थित विद्याज्योति माविका विद्यार्थी कृति र प्रीति हुन्। गत साउन २० गते शनिबारको दिनदेखि बेपत्ता भएका थिए।

प्रीति गुरुङ १६ वर्षीया तथा कृति गुरुङ १५ वर्षीया दुवै कक्षा ९ मा पढ्ने विद्यार्थी थिए। उनीहरूको शव सुन्दरबजार नगरपालिका-५, स्थित थाक्ले सामुदायिक वनको हुँडखोलाको जंगलमा कंकाल बनेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

कंकाललाई लुगा, चप्पललगायतको माध्ययमबाट स्थानीयले पहिचान गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक पदमबहादुर विष्टले बताउनुभयो। कंकालको जिल्ला सामुदायिक अस्पतालमा पोस्टमार्टमका लागि लगिएको थियो तर त्यहाँ सो कार्य गर्न प्रविधि नभएका कारणले गर्दा काठमाडौं महाराजगन्जस्थित शिक्षण अस्पतालमा पठाइएको उहाँले जानकारी दिनुभयो।

## स्वास्थ्य एकाइ स्थापना

लमजुङ, (नेस)

मर्स्याङ्दी गाउँपालिकाको दुर्गममा रहेका नागरिकलाई स्वास्थ्य सेवा दिन स्वास्थ्य एकाइ स्थापना गरिएको छ। सो गाउँपालिका-४ ताघ्रिङको जगतमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिएको हो। उत्तरी क्षेत्रका जगत, च्याम्चे, जितै, उपल्लो चिप्लालगायतका नागरिकहरूलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सो इकाइको स्थापना गरिएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

निवर्तमान सांसद जमीन्द्रमान घलेले उक्त स्वास्थ्य इकाइको उद्घाटन गर्नुभयो। उहाँले यस इकाइको स्तरोन्नतिका लागि पछिका दिनमा पनि सहयोग जारी राख्न गाउँपालिकालाई सुझाव दिनुभयो।

## सुनसान बन्यो समन्वय समिति

विमल विष्ट, डोटी

कुनै बेला निकै भिँडभाड तथा चहलपहल हुने डोटी जिल्ला विकास समितिको कार्यालय (हाल जिल्ला समन्वय समिति) मा अहिले प्राय: सुनसान हुने गरेको छ। कार्यालयको नाम फेरिएसँगै सेवाग्राही पनि आउन छोडेपछि यो कार्यालयमा सुनसान बढेको हो।

कार्यालयमा कुनै पनि सेवाग्राही नआउँदा कार्यालय नै सुनसान हुने गरेको स्वयम् कर्मचारीहरूनै बताउँछन्। त्यस्तै कार्यालयको नाम फेरिएसँगै कर्मचारीहरू पनि अन्यत्रै कार्यालयमा सरुवा गरी गएकाले यहाँका अधिकांश कर्मचारीका कुर्सी पनि महिनौदेखि खालि अवस्थामा रहेका छन्।

कार्यालयका आँगनभरि रुखका पातहरू खसेर ढकमक्क परेका छन्। कार्यालयमा बाँकी रहेका केही कर्मचारीहरू घरि कार्यालयबाहिर तथा घरि कार्यालयभित्र गरेर दिन बिताउन थालेका छन्। स्थानीय तहको पुनर्संरनासँगै अधिकार गाउँपालिका र नगरपालिकामा विकेन्द्रित भएपछि जिल्ला विकास समितिको नाम जिल्ला समन्वय समिति राखिएको थियो।

नाम परिवर्तन भएसँगै कार्यालयमा आउने सेवाग्राहीहरू पनि परिवर्तन भएका छन्। 'पुराना उपभोक्ता समितिका पदाधिकारीहरू धरौटी रकम निकासाको सिफारिस माग्न आउने गर्छन्' -जिल्ला समन्वय समितिका नासु हरिसुन्दर श्रेष्ठले भन्नुभयो 'गैरसरकारी संस्थाको नवीकरणका लागि सिफारिस माग्ने र ठेक्कापट्टाको इजाजतपत्र नवीकरण गर्नेहरू मात्रै आउँछन्, अरु आउने गरेका छैनन्।'

उहाँका अनुसार त्यस्ता सेवाग्राहीहरूको संख्या पनि ज्यादै न्यून मात्रामा छ। योजना माग गर्ने, योजनाको फरफारक गर्नेलगायत कामहरूका लागि सेवाग्राहीले भरिभराउ हुने उहिलेको जिल्ला विकास समिति अचेल भने शान्त एवं सुनसान छ। 'जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख ज्यूहरूसँग राजनीतिक कार्यकर्ताहरू भेटघाट गर्न आउँछन् र मान्छेको अनुहार देख्न पाइन्छ' समन्वय समितिको कार्यालयका एक कर्मचारीले भन्नुभयो- 'सेवाग्राहीहरूको त बाटो कुरेरै बस्नुपर्ने अवस्था छ।'

## बालअधिकार हननका घटना बढी

खोटाङ, (नेस)

खोटाङमा महिला तथा बालअधिकार हननसम्बन्धी घटना बढी पाइएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०१८ का लागि इन्सेकद्वारा संकलित घटनाहरूको वार्षिक पूर्व समीक्षा गर्दा जिल्लामा महिला अधिकार हननका ३३ र बालअधिकार हननका १३ घटना भएको पाइएको हो।

शुक्रबार सदरमुकाम दिक्तेलमा इन्सेक खोटाङले आयोजना गरेको कार्यक्रममा १ जनामा बलात्कार, १ जनामा बलत्कारपछि बेचविखन, २ बलात्कारको प्रयास, ८ बहुविवाह, १० घरेलुहिंसा तथा ११ वटा अन्य प्रकारले महिलामाथि दुर्व्यवहार भएको जनाइएको छ।

सन् २०१७ जनवरीदेखि डिसेम्बर १५ भरिका जिल्लामा सङ्कलन गरिएका मानवअधिकार र ज्यादतीका ६९ वटा घटनामध्ये बालअधिकार हननका १३ वटा घटना रहेका छन्। सोमध्ये १२ जना बालिका र एक शिशुपीडित बनेको इन्सेकको तथ्यांकमा उल्लेख छ। बालअधिकार हननमा ८ बालिका बलत्कार तथा ४ बालिकामाथि यौनजन्य दुर्व्यवहार रहेका छन्। १ जना शिशु हत्याको घटना भएको समेत उल्लेख गरिएको छ।

घटनाहरूको प्रकाशनपूर्व सरोकारवाला निकायबीच गरिएको समीक्षा कार्यक्रममा जिल्लामा

९ जनाको हत्या भएको बताइएको छ। यसबीचमा बम विष्फोटबाट १ जना घाइते बनेको तथा कुटपिटबाट ८ जना घाइते बनेको इन्सेक जिल्ला प्रतिनिधि सुनिता मगरले बताउनुभयो।

सम्पत्तिमाथिको अधिकारअन्तर्गत यस १ वर्षको अवधिमा ५ वटा घटनामा ४ जना पीडित हुन पुगेका छन्। जसमा सार्वजनिक भवनमा आगजनी र ४ व्यक्तिको सम्पत्ति कब्जा गरेको भनी आतंकित बनाइएको पाइएको छ।

प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीलगायत सरोकारवालाहरूको सहभागिता रहेको समीक्षा कार्यक्रमका वक्ताहरूले नागरिकका मौलिक अधिकार हनन भएको खण्डमा खुलेर विरोध गरेमा लोकतन्त्रको पुनर्वहाली हुने बताएका छन्।

## म्यादी प्रहरीको बिदाइ



नुवाकोट, (नेस)

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ को लागि नुवाकोटमा भर्ना गरिएका १२ सय ७४ म्यादी प्रहरीको आज बिदाइ गरिएको छ। म्यादी प्रहरीहरूलाई प्रमुख जिल्ला अधिकारी बिरेन्द्रकुमार यादव, श्रीनाथ गण देवीघाट ब्यारेकका गणपति रोहित गुरुङ र जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख.वसन्तबहादुर कुवँरले बिदाइ गर्नुभयो।

नुवाकोटमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन शान्त र मर्यादित तरिकाले निर्वाचन सम्पन्न हुनुमा म्यादी प्रहरीको भूमिका सराहनीय रहेको प्रमुख जिल्ला अधिकारी बिरेन्द्रकुमार यादवले बताउनुभयो ।

त्यस्तै बिदाइ कार्यक्रमलाई सम्वोधन गर्दै जिल्ला प्रहरी प्रमुख वसन्तबहादुर कुवँरले आगामी दिनहरूमा म्यादी प्रहरीहरूबाट सुरक्षा निकायलाई सहयोग पुग्ने आशा व्यक्त गर्दै म्यादी प्रहरीहरूको उज्जवल भविष्यको कामनासमेत गर्नुभयो।

नुवाकोटमा निर्वाचन सुरक्षाका लागि १२ सय ७४ म्यादी प्रहरी भर्ना गरिएको थियो। म्यादी प्रहरीलाई प्रंशसापत्र वितरणसहित बिदाइ गरिएको थियो।

## चरेशसहित एक पक्राउ

डोटी, (नेस)

७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलबाट खटिएको एक प्रहरी टोलीले लागूऔषध चरेससहित १ जनालाई पक्राउ गरेको छ।

प्रदेश प्रहरी मुख्यालय दिपायलले दिएको जानकारीअनुसार प्रहरी सहायक निरीक्षक केशव जोशीको कमान्डमा खटिएको एक प्रहरी टोलीले जिल्ला बझाङ सैनपसेला ३ बस्ने वर्ष १९ को विनोद जप्रेललाई ५ केजी लागूऔषध चरेससहित पक्राउ गरेको हो। पक्राउ परेका जप्रेल र उहाँसँग बरामद भएको चरेस आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय कैलाली पठाइएको ७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलले जनाएको छ।

## 'प्रदेश राजधानीका लागि पूर्वाधार दाङमा पर्याप्त'

नरेन्द्र केसी, घोराही,

दाङमा प्रदेश राजधानी राख्न सबै पूर्वाधार प्रर्याप्त रहेको निष्कर्षसहितको प्रतिवेदन सरकारी अध्ययन टोलीले तयार पारेको छ।

मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासक एवं प्रदेश राजधानी सम्भाव्य स्थानको पहिचान, अध्ययन तथा विश्लेषण समितिका संयोजक सुरेश प्रधान नेतृत्वको टोलीले २ दिन लगाएर भौतिक पूर्वाधार र संरचनाको अध्ययन निरीक्षण गरेर प्रदेश राजधानीका लागि दाङ उपयुक्त भएको निष्कर्षसहितको प्रतिवेदन तयार पारेको हो।

जिल्लाको देउखुरी, घोराही र बेलझुण्डीमा गरिएको निरीक्षण तथा अध्ययनबाट राजधानीका लागि आवश्यक भौतिक संरचनाहरू पर्याप्त र तयारी अवस्थामा रहेको निष्कर्ष निकालिएको समितिका सदस्य सचिव भवन डिभिजन कार्यालय दाङका प्रमुख राजेन्द्रप्रसाद पाण्डेले जानकारी दिनुभयो।

टोलीले नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालय बेलझुण्डीमा रहेको आयुर्वेद अध्ययन संस्थानको नवनिर्मित १ सय आठ कोठाको सुविधा सम्पन्न भवनलाई प्रदेससभा हल, ७ वटा मन्त्रालय, सभामुख, उपसभामुख कक्ष, मुख्य मन्त्रीको कक्ष र संसदीय दलका कार्यालय बनाउन उपयुक्त रहेको निष्कर्ष निकालेको छ। त्यसै गरी, घोराहीमा जिल्ला समन्वय समितिको कार्यालयमा प्रदेस प्रमुखको कार्यालय, कृषि विकास बैंकको आवास कक्षलाई मुख्यमन्त्रीको आवासका रूपमा प्रयोग गर्न सकिने प्रतिवेदन तयार भएको छ।

'दाङलाई ५ नम्बर प्रदेशको राजधानी घोषणा गरिए आवश्यक पर्ने प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्रीको कार्यालय र प्रादेशिक विभिन्न ७ वटा मन्त्रालय, प्रदेशसभा भवन र उनीहरूका लागि आवश्यक पर्ने आवास क्षेत्रका लागि सम्भावित भौतिक संरचनाको निरीक्षण गरी प्रतिवेदन तयार गरेका सदस्य सचिव पाण्डेले बाउनुभयो। प्रदेश स्तरीय गृह, अर्थ, कृषि सहकारी पशु सेवा तथा भूमि व्यवस्था, पूर्वाधार विकास, वन विज्ञान तथा वातावरण, शिक्षा स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय रहनेछन्।

अध्ययन टोलीले तत्कालका लागि पुरानै संरचनाहरूको निरीक्षण गरिए पनि भविष्यमा आवश्यक पर्ने संरचना निर्माणका लागि सरकारी खालि जमिन प्रशस्त रहेकाले पनि समस्या नदेखिएको निष्कर्ष निकालेको छ। ७ वटै प्रदेशमध्ये ५ नम्बर प्रदेशको राजधानी दाङमा तोकियो भने यहाँ कुनै समस्या छैन पाण्डेले भन्नुभयो, प्रदेशसभा, मन्त्रालयलगायतका संरचना बेलझुण्डीमा र अन्य स्थानका सरकारी भवनहरूलाई निवासका रूपमा प्रयोग गर्न तयारी अवस्थामा छन्।

### प्रदेश राजधानी पूर्वाधार अध्ययन टोलीको प्रतिवेदन

राजधानी माग गर्दै दैनिकजसो प्रदर्शन

दाङमा प्रदेश राजधानीको मागसहित दैनिकजसो प्रदर्शन हुने गरेको छ। शुक्रबार बेलझुण्डी क्षेत्रमा प्रदर्शन गरिएको छ। स्थानीयस्तरमा गठिन समितिको अगुवाइमा सयौंजनाले प्रदर्शन गरेका हुन्। बिजौरी र दुधराशबाट शुरु भएको सभा नेपाल संस्कृत विश्वविद्यालयको प्रांगण बेझुण्डीमा आएर सभामा परिणत भएको थियो। सभालालाई दाङ क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद कृष्णबहादुर महरा र दाङ २-ख का प्रदेश सांसद अमरबहादुर डाँगीले सम्वोधन गर्नुभएको थियो।

२०७४, पुस
शनिबार
८

भाषाको जननीका रुपमा रहेको संस्कृत शिक्षाप्रति आकर्षण घट्दै गएको शंकर संस्कृत माविका शिक्षक परमानन्द अवस्थीले बताउनुभयो।

# नेपाल

## ४७ वर्षीया लीलादेवी भन्छिन्–
## ‘म्यादी प्रहरी बनेर श्रीमान्‌को आत्मालाई शान्ति दिलाएँ’

**दुर्गाप्रसाद शर्मा, पर्वत**



पर्वतको कुश्मा नगरपालिका वडा नं. ८ चुवा घर भएकी ४७ वर्षीया लीलादेवी केसीलाई जीवनमा एउटै धोको थियो आफ्ना श्रीमान्‌ले छोडेर गएको जिम्मेवारी कसरी पूरा गर्ने ? र त्यो जिम्मेवारी थियो प्रहरी बनेर देशलाई थोरै न थोरै योगदान दिने।

जब प्रदेशसभा र प्रतिनिधिसभाका लागि उनी म्यादी प्रहरी बनेर शुक्रबार बिदाई भइन्, उनका आँखाभरी आँसु छचल्किए र रुँदै प्रमाणपत्र बुझ्रेर म्यादी प्रहरीबाट बिदा भइन्। देशका लागि सेवा गर्दागर्दै तत्कालीन सशस्त्र युद्धका क्रममा उनका श्रीमाको मृत्यु भएपछि उनलाई लाग्यो आफ्ना श्रीमान्‌ले लिएको देश सेवाको अठोट काम पूरा भएको छैन। त्यसैले उनलाई लागेको थियो छोराछोरीलाई भए पनि प्रहरीमा भर्ती गराएर श्रीमान्‌को आत्मालाई शान्ति दिलाउनै पर्छ। बिदाईका क्रममा प्रमाणपत्र बुझ्रेर मञ्चको छेवैमा बसेर टोलाइरहेकी उनले बल्ल-बल्ल बोली फुटाउँदै भनिन- ‘आज मलाई आनन्द आएको छ। प्रहरीमा काम गरेको भनेर प्रमाण पत्र बुझ्दा मन धान्नै सकिन। मेरा श्रीमान् भइदिएको भए कस्तो हुन्थ्यो ? आज फेरि यो प्रमाणपत्रले उहाँकै याद आयो।’

बिदाई हुने लाइनमा बसेकाहरू कोही रहरले त कोही बाध्यताले म्यादी प्रहरीमा आएका थिए। पर्वतकै फलेवास नगरपालिका वडा नं. ३ शंकरपोखरीका गणेश विकलाई पनि बच्चादेखि प्रहरी औधि मन पर्दथ्यो। ठूलो भएर प्रहरी बन्ने सपना साँचेका उनको सपना पूरा हुन नपाएपछि म्यादी प्रहरी बनेर भए पनि प्रहरी बर्दीमा सजिन पाउँदा आफू साँच्चैको प्रहरी बनेर काम गरेको जस्तो भएको विकको अनुभव छ। उनी भन्छन्- ‘भर्ती हुन सकिएन विदेश थिएँ। प्रहरीमा जागिर खाने धोको मेटाउन र देशको सेवा गर्न म्यादीमै भए पनि भर्ती भएँ। अब त चुनाव ५ वर्षपछि रे। फेरि पनि आउनुपर्ला, अब त फेरि विदेशै जाने हो।’

बिदाईको लाइनमै बसेका कुश्मा नगरपालिका-५ घर भएका ५० वर्षिय दुर्गाबहादुर क्षेत्री पनि म्यादी बन्न पाएकोमा मख्ख रहेछन्। प्रहरीको भेषमा देशको सेवा गर्न पाउँदा आनन्द मिलेको उनले सुनाए। तर उनलाई कतिपयले म्यादी प्रहरी भनेर हेपेको देख्दा भने दु:ख लागेको रहेछ। उनले भने- ‘डिमुवा चौकीमा बसेर चेकिङ गर्दै थियौं, त्यही बेलामा म्याग्दीका ठूलै मान्छे गाडीमा आएका रहेछन्। मैले सवारीका कागजपत्र माग्दा २ महिने म्यादीले नि यस्तो गर्ने ? भनेर थर्काए अनि प्रहरीले उनलाई पक्राउ गरेर २ घण्टासम्म राख्यो र जरिवाना गरेर पठायो।’ अरू बेला बजारमा हिँड्दा पनि कतिपयले म्यादी प्रहरी भनेर होच्याउने गरेको अनुभव क्षेत्रीसँग रहेछ।

बिदाईको लाइनमा बसेका धेरैजसो पाका उमेरका म्यादी प्रहरीहरूले अबका दिन घरकै काम गरेर बिताउने बताए भने युवा पुस्ता धेरैले आफूहरू वैदेशिक रोजगारीमा जाने तयारीमा रहेको जानकारी दिए। प्रदेशसभा र प्रतिनिधिसभाका लागि पर्वत जिल्लामा ९४ महिला र ६ सय ७० पुरुष गरी कुल ७ सय ६४ जना म्यादी प्रहरी भर्ती गरिएको थियो। उनीहरू सबैलाई शुक्रबार जिल्ला प्रहरी कार्यलयले एक कार्यक्रमको आयोजना गरी टीका र प्रमाणपत्र प्रदान गरेर औपचारिक बिदाई गरेको छ।

## प्लास्टिक पोखरीप्रति आकर्षण बढ्दो

**गणेश घिमिरे, इलाम**

पानीको भरपर्दो सुविधा नभएको इलामका गाउँबस्तीहरूमा प्लास्टिक पोखरी अत्यन्त उपयोगी बन्न थालेको छ। एक पटकको लगानीले वर्षौंसम्म सरसफाई र सिँचाई गर्न पाएपछि इलामको गाउँ-गाउँमा प्लास्टिक पोखरीप्रतिको आकर्षण बढेको हो।

पोखरीको निर्माण भएपछि सरसफाईमा र व्यावसायिक तरकारी खेती पनि वृद्धि भएको कृषकहरू बताउँछन्। ‘पानीबिना सरसफाई पनि अधुरो नै हुने रहेछ, झनै पानीबिना खेतीपाती फस्टाउने कुरै भएन, प्लास्टिक पोखरी बनाएपछि हामीले शौचालय सफा गर्ने, कपडा धुने र सिँचाई गर्ने यसैबाट पुऱ्याइरहेका छौं’ -सूर्योदय नगरपालिकाका मदन राईले भने। उनको अनुभवमा गाउँमा कतै आगलागी भयो भने पनि प्लास्टिक पोखरीको पानीले निभाउन सजिलो भएको छ। ‘यो बहुउपयोगी छ, प्लास्टिक पोखरी बनाएपछि बेमौसमी तरकारी खेती शुरू भयो, सरसफाई भयो’ यसबाट फाइदै फाइदा रहेछ’ -राईले बताए।

इलाममा लोकप्रिय हुँदै गएको प्लास्टिक पोखरी निर्माणका लागि जिल्ला कृषि विकास कार्यालय, इलामले सहयोग गर्दै आएको छ। जिल्ला कृषि विकास कार्यालयका योजना अधिकृत प्रकाशमणि काफ्लेका अनुसार कार्यालयले प्लास्टिक खरिदमा अनुदान उपलब्ध गराउँदै आएको छ। कार्यालयले गत आवमा ४० वटा प्लास्टिक पोखरी निर्माण गरिसकेको छ भने ९२ वटा निर्माणको अन्तिम चरणमा पुगेको छ। एउटा प्लास्टिक पोखरी निर्माण गर्न ४० देखि ५० हजार रुपियाँ खर्च हुने काफ्ले बताउँछन्। कृषि विकास कार्यालयले कृषक समूह तथा सहकारीलाई ३० हजार रुपियाँ अनुदान उपलब्ध गराउँछ भने बाँकी रकम सम्बन्धित सहकारी तथा समूहले ब्यहोर्नुपर्छ। कार्यालयमा हरेक वर्ष २ सयभन्दा बढी प्लास्टिक पोखरीको माग हुने गरेको छ।

प्लास्टिक पोखरी बहुउपयोगी हुन थालेपछि इलाममा अहिलेसम्म ४ सय बढी पोखरी निर्माण भइसकेका छन्। प्लास्टिक पोखरीको पानी नुहाइधुवाई, शौचालय सरसफाई, कपडा धुन र सिँचाईका लागि मात्र नभई कतिले त माछा पालन पनि गर्न थालेका छन्। माटोको पोखरीमा बाक्लो गुणस्तरीय प्लास्टिक राखेर पानी अड्याउने प्रविधिलाई प्लास्टिक पोखरी भनिन्छ। चालु आर्थिक वर्षबाट जिल्लाका दशै तहमा कृषिको बजेट विनियोजन भइसकेकाले अब स्थानीय तहबाटै गाउँहरूमा कृषि सम्बन्धिका योजनाहरू बढीभन्दा बढी सञ्चालन हुने कृषिले कार्यालयले जनाएको छ।

## नगरपालिका फोहोरमुक्त बन्दै

खोटाङ, (नेस)

खोटाङको रुपाकोट मझुवागढी नगरपालिकाले शुरू गरेको बृहत् सप्ताहब्यापी सरसफाई अभियानमा स्थानीयको स्वस्फूर्त सहभागिताले नगर फोहोरमुक्त भई सफा र सुन्दर बन्दै गएको छ। ‘पुरानो फोहोर हटाऊँ’ अभियान सफल पार्ने उद्देश्यसहित गत बुधबार विशाल ऱ्याली निकाल्दै शुरू गरिएको सप्ताहब्यापी सरसफाई कार्यमा दिक्तेल बजारका स्थानीय स्वस्फूर्तरूपमा जुटिरहेका छन्।

वर्षौंदेखि थुप्रिएका फोहोर उठाउनका साथै आ-आफ्ना क्षेत्र सरसफाईमा स्थानीय जुटेकाले केही दिनमै नगरभित्र पर्ने दिक्तेलबजारको अवस्था पूर्णरूपमा फेरिने सरसफाईमा सहभागी उद्योग वाणिज्य संघ खोटाङका अध्यक्ष राजु लयालुको भनाइ छ ।

## संस्कृत पढ्ने विद्यार्थीको संख्या न्यून

**नेपाल समाचारपत्र**

बैतडी

बैतडीका दुई विद्यालयमा संस्कृत शिक्षा पढ्ने विद्यार्थीहरूको संख्या न्यून रहेको जिल्ला शिक्षा कार्यालय बैतडीले जनाएको छ।

विद्यालय निरीक्षक शंकरदत्त जोशीका अनुसार शंकर संस्कृत मावि मूलखटालीमा अहिले संस्कृत पढ्ने विद्यार्थीको संख्या शून्य रहेको छ भने सरस्वती मावि नगतडीमा भने १३ जना विद्यार्थी मात्रै संस्कृत शिक्षा अध्ययन गरिरहेका छन्। उहाँले भन्नुभयो- ‘संस्कृत शिक्षाप्रति विद्यार्थीको आकर्षण नहुँदा विद्यार्थीको संख्या न्यून भएको हो। ’केही वर्ष अगाडिसम्म दुवै विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थी संस्कृत पढ्ने गरेका भए पनि हाल संस्कृत पढ्ने विद्यार्थीको संख्या घट्न थालेपछि दुवै विद्यालयमा साधारणतर्फको पढाइ भइरहेको छ।




भाषाको जननीका रूपमा संस्कृत शिक्षा पढाइ हुँदै आएको भए पनि पछिल्लो समयमा संस्कृत शिक्षाप्रतिको आकर्षण घट्दै गएको छ। शंकर संस्कृत मावि मूलखटाली र सस्वती मावि नगतडी गरी बैतडीका २ वटा विद्यालयमा मात्रै माध्यमिक तहसम्मको संस्कृत शिक्षा पढाइ हुनेगरेको छ। तर पछिल्लो समयमा रहेको संस्कृत शिक्षाप्रति आकर्षण घट्दै गएको शंकर संस्कृत माविका शिक्षक परमानन्द अवस्थीले बताउनुभयो। उहाँले भन्नुभयो- ‘संस्कृत शिक्षामा नैतिक शिक्षाका विषयवस्तुसमेत समावेश हुँदा संस्कृत पढ्ने विद्यार्थी अनुशासन र नियममा बस्ने गरेका थिए।’

## उपभोक्ता समितिलाई जग्गादान

इलाम, (नेस)

इलाम नगरपालिका ९ का गोविन्द मैनालीले १५ लाख मूल्य पर्ने जग्गा एक खानेपानी उपभोक्ता समितिलाई नि:शुल्क उपलब्ध गराएका छन्। पिउने पानीको अभावमा असहज जीवन बिताइरहेका इनपा-९ भञ्ज्याङमुनिका बस्तीमा पिउने पानीको व्यवस्थापन गर्न उनले जग्गा उपलब्ध गराएका हुन्।

मैनालीले स्थानीय ढोडेनी भञ्ज्याङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई ३ आना जग्गादान गरेका हुन्। आफ्ना दिवंगत मातापिता चन्द्रकला र जयप्रसाद मैनालीको स्मृतिमा जग्गादान गरेको उनले बताए।

सो जग्गामा समितिले पिउने पानीको ट्यांकी निर्माण गर्ने समितिका अध्यक्ष होमबहादुर गौतमले बताए। मैनाली उनै ब्यक्ति हुन्, जसले विनाकसुर जापानको जेलमा १४ वर्ष बिताएका थिए। १४ वर्षपछि जापानको उच्च अदालतले मैनालीलाई बेकसुर सावित गरी क्षतिपूर्तिको रकम भराएको थियो।

## कालोपत्रेको तयारीमा डोटी विमानस्थल

**नेपाल समाचारपत्र**

डोटी

लामो समयदेखि जहाज नचल्दा गौचरणमा परिणत भएको डोटीको दिपायल विमानस्थल पछिल्लो समय कालोपत्रेको तयारीमा रहेको छ। यो विमानस्थल सञ्चालनका लागि प्रतिनिधिसभा सदस्य प्रेमबहादुर आलेमगरको पहलमा सरकारले ८ करोड रुपियाँ बजेट विनियोजन गरेसँगै कालोपत्रेको काम शुरू भएको हो।

निर्माण कार्य २४ महिनाभित्र सक्न गरी ठेक्का सम्झौता भएसँगै यो विमानस्थलको कालोपत्रेको काम शुरू भएको हो। सशस्त्र द्वन्द्वको समयसम्ममा यो विमानस्थल सञ्चालनमा रहँदै आए पनि २०६२ सालदेखि यात्रु अभावको कारण देखाइ यो विमानस्थल पूर्णरूपमा बन्द थियो।

आगामी २०७५ असार महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने सम्झौताअनुसार सप्ना ग्याल्भा जेभी कन्ट्रक्सनले रु. ६ करोड ८० लाखमा काम गर्ने जिम्मा लिएको हो। उक्त कन्ट्रक्सनले अहिले आफनो काम तीव्र गतीमा गरिरहेको छ। उक्त निमार्ण कम्पनीका हर्कबहादुर शाहले कटिङ र फिलिङको काम सकिएको र यही पुष १५ गतेदेखि सब बेस मिलान गरी कालोपत्रेको काम शुरू गरिने बताउनुभयो। उहाँले भन्नुभयो- ‘मेसिनमा आएको खराबीका कारण केही दिन काम रोकिए पनि हाम्रो सब बेस मिलानको काम करिब करिब अन्तिम चरणमा पुगेको छ, पुष अन्तिम साताबाट हामी कालोपत्रेको कामको शुरूआत गर्छौं।’



पर्यटकीय सम्भावना बोकेको डोटीको खप्तडलगायत अन्य छिमेकी जिल्लाहरूमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पर्यटक भित्र्याउन यो विमानस्थल निकै सहयोगी हुने दिपायलका स्थानीय तथा पूर्वनगरउपप्रमुख घनस्याम पाठकले बताउनुभयो। उहाँले भन्नुभयो- ‘यो विमानस्थल सञ्चालनमा आएसँगै यहाँ पर्यटक भित्र्याउन सके डोटीलगायतका अन्य जिल्लाको राम्रै विकास हुनेछ।’ सुदूरपश्चिममा धनगढीको गेटा विमानस्थलपछिको विमान अवतरण गराउन सबैभन्दा सजिलो एयरपोर्टका रूपमा रहेको डोटीको दिपायल विमानस्थल बन्द हुँदा आकस्मिक कामका लागि जिल्लाबाहिर जाने र सिकिस्त बिरामी निकै मर्का परेका छन्।

पर्यटन प्रवर्द्धनका लागि मेरुदण्डका रूपमा यो विमानस्थललाई लिइएकाले पनि छिटो सञ्चालन हुने गरी काम हुनु पर्ने हाटेल व्यवसायी संघ डोटीका अध्यक्ष दीपकबहादुर खड्काले बताउनुभयो। यो विमानस्थलको काम असारसम्म सकिसक्ने गरी शुरू भइरहेको छ।

## प्रदेश ६ को मुख्यमन्त्रीमा महेन्द्र शाहीको चर्चा

**कालीबहादुर मल्ल, कालिकोट**

चुनावी नतिजा सकिएसँगै कर्णाली क्षेत्र रहेको प्रदेश ६ को मुख्यमन्त्री को बन्ला भन्ने चर्चा परिचर्चा आमरूपमा भइरहेको छ। कालिकोटबाट प्रदेशसभामा निर्वाचित भएका माओवादी केन्द्र केन्द्रीय सचिवालय सदस्य तथा निवर्तमान ऊर्जा हाल बिनाविभागीय मन्त्री महेन्द्रबहादुर शाहीलाई मुख्यमन्त्रीको लहरमा बलियो दाबेदार मानिएको छ। उनी कालिकोट जिल्ला प्रदेशसभा (ख) बाट १२ हजार १ सय ५३ मत ल्याएर विजयी भएका थिए।

प्रदेश नम्बर ६ माओवादी केन्द्रको भागमा पर्ने र शाही पार्टीको उच्च तहको नेता भएकाले पनि उनको मुख्यमन्त्री हुने पक्का देखिएको हो। माओवादी सेनाका पूर्व डिभिजन कमान्डरसमेत रहेका शाही अध्यक्ष प्रचण्डका विश्वास पात्रको रूपमा पनि मानिन्छन्।

नयाँ संघीय संरचनाको पहिलो अभ्यासबाट प्रदेशसभाको चुनाव गठन हुन लागेको प्रदेश सरकारका बारेमा नागरिकलाई उत्सुकता थपिएको छ। प्रदेशप्रमुख, मुख्यमन्त्री, मुख्य सचिवलगायतको कार्यालय र आवासको व्यवस्थापनका लागि गठित कार्यदललाई यतिबेला भौतिक संरचनाको व्यवस्थापनको चटारो छ।



उसो त एमाले पोलिटब्युरो सदस्य प्रकाश ज्वाला, यामलाल कँडेल, माओवादी केन्द्रका नरेश भण्डारीलगायतले दाबी रहे पनि प्रदेश ६ को सम्भावित मुख्यमन्त्री मध्ये महेन्द्रबहादुर शाही नै अग्रपंक्तिमा देखिन्छन्। १० जिल्ला समेटिएको यो प्रदेशमा पहिलो चरणमा ५ र दोस्रो चरणमा ५ जिल्लामा निर्वाचन भएसँगै २४ सदस्य निर्वाचित भएका छन्।

हुम्लाका जीवनबहादुर शाहीबाहेक ३२ स्थानमा गठबन्धनले नतिजा हात पारेको एमाले माओवादीमा अहिले नेकपा माओवादीका सदनमा लोकमानसिंह कार्कीविरुद्ध महाअभियोग प्रस्ताव पेस गरेर चर्चामा आएका शाही मुख्य मन्त्रीका बलिया दाबेदारका रूपमा देखिएका छन्। प्रदेश ६ मा प्रत्यक्ष र समानुपातिकतर्फका स्थान जोड्दा वाम गठबन्धनको पक्षमा दुईतिहाई पुग्ने पक्का भएको छ।

## ४० उम्मेदवारको जमानत जफत

गुल्मी, (नेस)

मंसिर २१ गते सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा ४० जना उम्मेदवारको जमानत जफत भएको छ। जिल्लामा रहेका प्रतिनिधिसभातर्फ २ क्षेत्र र प्रदेशसभातर्फ ४ वटा क्षेत्र रहेको गुल्मीबाट ६ जना निर्वाचित प्रतिनिधिका लागि ५२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धी बनेका थिए।

उम्मेदवारले कुल खसेको मतको १० प्रतिशत ल्याउनुपर्ने भए पनि त्योभन्दा कम ल्याएका कारण उम्मेदवारको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय गुल्मीका गणेशबहादुर खत्रीले जानकारी दिए। जिल्लामा सबै क्षेत्रमा वाम गठबन्धनका उम्मेदवारहरू निर्वाचित भएका छन्।

वाम गठबन्धनबाहेक नेपाली कांग्रेसबाट उम्मेदवार बनेकाहरूले मात्रै जमानत जोगाएका छन्। जिल्लाबाट ७ राजनीतिकदलबाट प्रतिनिधिसभा र प्रदेशसभाका लागि उम्मेदवार बनेका थिए। जिल्लाको क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभाका लागि ११ जनाको उम्मेदवारी रहेको थियो। त्यसमध्ये ९ जनाको जमानत जफत भएको छ।

सोही क्षेत्रबाट प्रदेशसभा क्षेत्र नम्बर १ बाट ९ जना उम्मेदवार थिए। जसमध्ये ७ जनाको जमानत जफत भएको छ। प्रदेशसभा क्षेत्र नम्बर २ बाट ७ जनो उम्मेदवार थिए। त्यसमध्ये ५ जनाको जमानत जफत भएको छ।

निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभातर्फ९ जना उम्मेदवार थिए। उम्मेदवारमध्ये ७ जनाको जमानत जफत भएको छ। सोही क्षेत्रबाट प्रदेशसभा क्षेत्र नम्बर १ बाट ८ जना उम्मेदवार थिए। उम्मेदवारमध्ये ६ जनाको जमानत जफत भएको छ। प्रदेशसभा क्षेत्र नम्बर २ बाट ८ जना उम्मेदवार थिए। जसमध्ये ६ जनाको जमानत जफत भएको निर्वाचन कार्यालय गुल्मीले जनाएको छ ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व



### सांकेतिक

सन् १९८६ मा युक्रेनको चेर्नोभिलमा भएको आणविक दुर्घटनालाई दर्शाउन राखिएको ग्यासमास्क लगाएको पुतली। ३१ वर्षपछि उक्त क्षेत्र पर्यटकका लागि आकर्षक गन्तव्य बनिरहेको छ।



### आग्रह

अमेरिकी प्रतिनिधिसभाका सभामुख पल रायन र विपक्षी नेता नेन्सी पेलोसी एक समारोहमा कुराकानी गर्दै। पेलोसीले रायनलाई डोनाल्ड ट्रम्पको राष्ट्रपतीय प्रचार र रुसबीचको सम्बन्धको छानबिन नरोक्न आग्रह गरेकी छिन्।



विश्व २ मिनेट

**भारत**

## रूपाणी मुख्यमन्त्री

सुरत, (एजेन्सी)

गुजरातमा भाजपाको विधायक दलका नेतामा विजय रूपाणी चुनिएका छन्। यससँगै उनी गुजरातको मुख्यमन्त्री बन्ने निश्चित भएको छ। त्यसै गरी नीतीन पटेललाई विधायक दलले उपमुख्यमन्त्रीका रूपमा चुनेको छ। विजय रूपाणी चुनाव हुनुअगाडि पनि गुजरातका मुख्यमन्त्री थिए। उनलाई पहिलो पटक सन् २०१६ मा आनन्दी बेन पटेलले राजीनामा दिएपछि राज्यको मुख्यमन्त्री बनाइएको थियो। विजय रूपाणी गैर पटेल नेता हुन् । उनी नरेन्द्र मोदी र अमित साह दुवैका निकट मानिन्छ। गुजरात र हिमाचलमा विधानसभाका लागि हालै भएको चुनावमा भाजपाले बहुमत हासिल गरेको थियो।

**दक्षिण कोरिया**

## किमको जन्मदिन गायब

सोल, (एजेन्सी)

विश्वको महाशक्ति अमेरिकालाई चुनौती दिँदै आइरहेका उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनको जन्मदिन उनकै देशको क्यालेन्डरबाट गायब भएको छ। उत्तर कोरियाको नयाँ वर्षका लागि जारी गरिएको क्यालेन्डरमा किम जोङको जन्मदिन उल्लेख गरेको छैन। किमको जन्मदिन जनवरी ८ मानिन्छ। तर उत्तर कोरियामा सन् २०१८को क्यालेन्डरमा उक्त दिन सामान्य कार्यदिवसका रूपमा देखाइएको टोक्यो ब्रोडकास्टिङ सिस्टमले जनाएको छ। किम जोङका पिता किम जोङ इलको जन्मदिन हरेक वर्ष फेब्रुअरी १६ लाई साइनिङ स्टार दिनका रूपमा मनाइने गरेको छ।

**भारत**

## जिउँदै जलाइयो

हैदरावाद, (एजेन्सी)

भारतको तेलंगाना राज्यको हैदरावादमा एक महिलालाई जिउँदै जलाइएको घटना बाहिर आएको छ। स्थानीयले जलेर घाइते भएकी सन्ध्यालाई अस्पताल लग्न मद्दत गरेको तर बाटैमा उनको मृत्यु भएको बताइएको छ। प्रहरीले यस मामिलामा आक्रमणकारी पुरुषलाई गिरफ्तार गरेको छ। २५ वर्षीया पीडित सन्ध्या रानी बिहीबार साँझ कामबाट घर फर्किरहेका बेला हमला भएको हो। सन्ध्या उनको पहिलाको कम्पनीमा काम गर्ने कार्तिक बंगालेसँग विवाद गरिरहेको देखिएकी थिइन। दुई वर्षदेखि विवाहको प्रस्ताव लिएर पछ्याइरहेका ती व्यक्तिले नै सन्ध्यालाई मट्टीतेल छर्केर आगो लगाइदिएको प्रहरीले जानकारी दिएको छ।

**जापान**

## नयाँ परीक्षणको आशंका

टोक्यो, (एजेन्सी)

उत्तर कोरियाले यदि यो वर्षजस्तै उसको हतियार कार्यक्रम थप जारी राख्ने हो भने सन् २०१८ मा उसले परमाणु हतियारसहितको एउटा क्षेप्यास्त्र परीक्षण गर्ने विज्ञहरूले बताए। मार्टिन सेन्टरमा अप्रसार अध्ययनसँग जोडिएका सेय कटनले 'जुछे बर्ड' नाम दिएको उक्त हतियारको परीक्षण प्रशान्त महासागरमाथि हुने सम्भावना रहेको वासिङ्टन पोस्टलाई बताए। अमेरिकामा अझै पनि उत्तर कोरियासँग त्यो क्षमता नरहेको कुरा भइरहेको उनले बताए। उत्तर कोरियाले क्षेप्यास्त्रमा जडान गर्न मिल्ने थर्मोन्युक्लियर संयन्त्रको विकास गरेको छ वा छैन भन्ने विषयमा कोही पनि स्पष्ट छैनन्।

**जेरुसलम राजधानी प्रकरण**

# राष्ट्र संघमा भारी मतले अमेरिकी निर्णय विरोधी प्रस्ताव पारित





न्युयोर्क, (एजेन्सी)

जेरुसलमलाई इजरायली राजधानीको दर्जा दिने अमेरिकी निर्णयको विरोधमा बिहीबार संयुक्त राष्ट्र संघको महासभामा ल्याइएको प्रस्तावलाई भारी मतले पारित गरेको छ।

संयुक्त राष्ट्र संघको उक्त गैरबाध्यकार प्रस्तावको समर्थनमा १ सय २८ देशले मतदान गरेका थिए भने त्यसको विपक्षमा ९ मत परेको थियो। ३५ देश मतदान प्रक्रियाबाट बाहिर बसेका थिए।

उक्त प्रस्तावमा भनिएको छ- जेरुसलम शहरको जनसंख्या वा उसको दर्जामा कुनै प्रकारको परिवर्तनको फैसला वा कारबाहीमा कुनै कानुनी प्रभाव हुनेछैन र यसको कुनै वैधता पनि छैन।

बुधबार ह्वाइट हाउसमा पत्रकारसँगको भेटघाटमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त प्रस्तावलाई लिएर धम्की दिएका थिए। उनले जेरुसलमलाई इजरायलको राजधानी मान्ने आफ्नो निर्णयको विरोधमा ल्याइएको उक्त प्रस्तावको समर्थन गर्ने देशलाई आर्थिक मद्दत बन्द गर्ने चेतावनी दिएका थिए।

उनले भने- 'उनीहरू हामीसँग अर्बौं डलरको मद्दत लिन्छन् र हाम्रैविरुद्ध मतदान पनि गर्छन्। उनीहरूलाई हाम्रो विरोधमा मतदान गर्न दिनू। हामी धेरै बचत गर्नेछौं। यसले फरक पर्दैन।'

यसअघि डिसेम्बर १९ मा सुरक्षा परिषद्मा अमेरिकाको उक्त निर्णयविरुद्ध मतदान भएको थियो। परिषद्का १५ मध्ये १४ सदस्यले प्रस्तावको पक्षमा भोट दिएका थिए। तर अमेरिकाले भिटो प्रयोग गरेपछि प्रस्ताव पारित हुन सकेन।

सुरक्षा परिषद्को मतदानपछि राष्ट्र संघका लागि अमेरिकी स्थायी दूत निक हेली त्यसलाई अमेरिकाको अपमान भएको बताएकी थिइन्। उनले भनिन्- 'आज हामीले सुरक्षा परिषद्मा जे देख्यौं त्यो अपमान हो र तपाईं यसलाई बिर्सन सक्नुहुन्न। संयुक्त राष्ट्र संघ इजरायल प्यालेस्टाइन विवादमा फाइदाको स्थानमा नोक्सानको मार्गमा छ।'

यसै महिना अन्तर्राष्ट्रिय आलोचनालाई बेवास्ता गर्दै ट्रम्पले जेरुसलमलाई इजरायको राजधानीका रूपमा मान्यता दिएका दिए। बिहीबार संयुक्त राष्ट्र महासभाबाट पारित प्रस्तावमा जेरुसलमलाई इजरायको राजधानी मान्ने अमेरिकी निर्णय अस्वीकार्य भएको उल्लेख छ। उक्त महासभाले जेरुसलमलाई इजरायली राजधानीको दर्जा रद्द गर्ने मागलाई पनि अत्यधिक मतले पारित गरेको छ।

संयुक्त राष्ट्रको उक्त प्रस्तावविरुद्ध अमेरिका, इजरायल, ग्वाटेमाला, होन्डुरस, द मार्सल आइल्यान्ड्स, माइक्रोनेसिया, नाउरु, पलाउ र टोगोले मत दिए।

प्रस्तावको पक्षमा मतदान गर्ने देशहरूमा संयुक्त राष्ट्र सुरक्षा परिषद्का चार स्थायी सदस्य चीन, फ्रान्स, रुस र बेलायत थिए। साथै अमेरिकाका महत्त्वपूर्ण सहयोगी तथा ५७ मुस्लिम देशले पनि यस प्रस्तावको पक्षमा मतदान गरे।

अमेरिकी निर्णयविरुद्धको यस प्रस्तावमा आफूलाई अलग्ग राख्ने ३५ देशमा मेक्सिको र क्यानाडा पनि परेका छन्।

## के हुन्छ सहायता?

अमेरिकी राष्ट्रपति ट्रम्पले यदि आफ्नो धम्कीलाई कार्यान्वयनमा ल्याएमा कयौं अरब तथा अफ्रिकी देशलाई ठूलो नोक्सान हुन सक्छ।

यूएसएडद्वारा सन् २०१६ मा जारी गरेका आँकडामा अमेरिकाले मध्यपूर्व, उत्तरी अफ्रिका, मध्यएसिया, युरोप र एसियाका कयौं देश देशलाई करोडौं डलरको सहायता गरेको छ।

यूएसएडका अनुसार सन् २०१६ मा अमेरिकाले मध्यपूर्वका देशहरूलाई १३ अर्ब डलरको आर्थिक तथा सैन्य सहायता दिएको थियो। त्यसैगरी दक्षिण तथा मध्यएसियाका देशलाई ६ अर्ब ७० करोड डलर र युरेसिया देशलाई १ अर्ब ५० डलर सहायता दिएको थियो।

यस प्रस्तावमा सबै अरब तथा मुसलमान देशले समर्थनमा मत दिएका छन्। यस स्थितिमा ट्रम्पले कसरी कारबाही अगाडि बढाउँछ भन्ने चासोको विषय बनेको छ।

सन् १९६७ को युद्धमा विजयपछि इजरायलले पूर्वी जेरुसलममा कब्जा गरेको थियो। यसअघि यो जोर्डनको नियन्त्रणमा थियो। अब इजरायलले अविभाजित जेरुसलमलाई नै आफ्नो राजधानी मानेको छ। तर प्यालेस्टाइनले आफ्नो प्रस्तावित राष्ट्रको राजधानी पूर्वी जेरुसलमललाई मानेको छ।

जेरुसलमलाई लिएर अन्तिम फैसला भविष्यमा शान्ति वार्तामा लिने सहमति भएको थियो।

अरब तथा मुस्लिम देशको आग्रहमा १ सय ९३ सदस्य देश रहेको संयुक्त राष्ट्र संघमा बिहीबार आपतकालीन तथा विशेष बैठक बोलाइएको थियो। अरब तथा मुस्लिम देशले दशकौंदेखि चलिरहेको अमेरिकी नीतिमा परिवर्तन ल्याएकामा ट्रम्पको कडा आलोचना पनि गरेका थिए।

## 'रक्षा विभागको प्रतिवेदन आपराधिक'

सोल, (एजेन्सी)

उत्तर कोरियाद्वारा धेरै बल प्रदर्शन गरिरहेको भन्ने अमेरिकी रक्षा विभागले दिएको प्रतिवेदनलाई प्योङयाङले आपराधिक संज्ञा दिएको छ। उत्तर कोरियाको विदेश मन्त्रालयले अमेरिकी राष्ट्रपतिको सामरिक नीतिको आलोचना गरेको उत्तर कोरियाका सरकारी सञ्चार माध्यमहरूले जनाएका छन्।

अमेरकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार वासिङ्टन उत्तर कोरियाको परमाणु कार्यक्रमबाट उत्पन्न हुने चुनौतीसँग लड्न तयार रहेको बताएका थिए।

कयौं विश्लेषकहरूले उत्तर कोरियाले परमाणु बम विकसित गरिसकेको दाबी गर्छन्। अन्तर्राष्ट्रिय प्रतिबन्धका बाबजुद उत्तर कोरियाले जुन गतिले अत्याधुनिक हतियारको विकसित गरेको छ, त्यो आश्चर्यचकित पार्ने खालको भएको उनीहरूले बताए।

उत्तर कोरियाले सन् २०१७ सेप्टेम्बरमा आफ्नो छैठौं आणविक परीक्षण गरेको थियो र त्यो उसले हाइड्रोजन बम भएको दाबी गरेको थियो। उत्तर कोरियाली विदेश मन्त्री राय योङले संयुक्त राष्ट्र संघको महासभामा उत्तर कोरिया परमाणु सम्पन्न हुने दिशामा अन्तिम चरणमा पुगेको बताएका थिए। उत्तर कोरियाले त्यस्तै परीक्षणको दाबी सन् २०१६ मा पनि गरेका थिए। तर विशेषज्ञहरूले त्यसलाई हाइड्रोजन बम मान्न अस्वीकार गरेका थिए।

उत्तर कोरियाले परीक्षण गरेको पछिल्लो बम सन् १९४५ मा हिरोसिमा ध्वस्त पार्ने परमाणु बमको तुलनामा १६ गुणा धेरै शक्तिशाली रहेको दाबी छ।



## क्याटालोनिया मध्यावधिमा पृथकतावादी पार्टीलाई बहुमत



बार्सिलोना, (एजेन्सी)

स्पेनबाट अलग्गिन चाहेको क्याटालोनियामा भएको मध्यावधि चुनावमा पृथकतावादी पार्टीहरूले बहुमत हासिल गरेका छन्। बिहीबार भएको मतदानमा ठूलो संख्यामा मतदाताहरूले भाग लिएका थिए।

करिब सबै मतको गणनापछि पृथकतावादी स्पष्ट बहुमतमा आउने प्रस्ट देखिएको छ। यसलाई स्पेनका प्रधानमन्त्री मेरियाना रजोयका लागि ठूलो झट्का मानिएको छ। बेल्जियमबाट बोल्दै स्वनिर्वासित क्याटालान पृथकतावादी नेता कार्ल्स प्युजडिमोन्टले कसैले पनि चुनाव नतिजामा प्रश्न उठाउन नसक्ने बताएका छन्। क्याटालान रिपब्लिकले चुनाव जितेको उनले बताए।

चुनावको नतिजापछि स्पेनको केन्द्र सरकार र क्याटालन पृथकतावादी पार्टीबीच तनब बढ्न सक्ने अनुमान गरिएको छ। चुनावमा स्पेनबाट अलग्ग हुनेका समर्थक र स्पेनसँगै रहनेका समर्थक पार्टीबीच प्रतिस्पर्धा थियो।

यद्यपि स्पेनसँगै रहने नीतिका समर्थ सिटिजन्स पार्टीले संसद्मा सबैभन्दा धेरै सिट हासिल गरेको छ र नियमानुसार उसलाई नै सरकार बनाउन पहिलो अवसर मिल्ने सक्छ।

स्पेनले क्याटालोनियामा स्वतन्त्रताका लागि भएको जनमत संग्रहलाई अवैध ठहऱ्याउँदै अक्टोबरमा पृथकतावादी पार्टीको सरकारलाई निलम्बित गरेको थियो।

स्पेन महासंघ होइन, यो एक विकेन्द्रीकृत एकीकृत देश हो। स्पेनमा कुल १७ स्वायत्त क्षेत्र छन्, जसको फरक फरक झण्डा छन्। तीमध्ये एक क्याटालोनिया स्पेनका उत्तर-पूर्वस्थित एक समृद्ध क्षेत्र हो। क्याटालोनिया क्षेत्र स्पेनको सबैभन्दा समृद्ध तथा औद्योगीकरण भएको क्षेत्रमा पर्छ। क्याटालोनियाले आफूलाई स्पेनबाट अलग्ग सम्झनुको प्रमुख कारणमा उसको इतिहास, संस्कृति र भाषा हुन्, जसले उसलाई स्पेनभन्दा फरक बनाउँछ।

विशेष गरी स्पेनिस भाषाको समाानान्तर क्याटालन भाषा त्यहाँको अस्मिताको मुद्दा रहेको छ। यो भाषा स्पेनिससँग जति नजिक छ, त्यति नै दक्षिण फ्रान्सको अक्किटनजस्ता क्षेत्रीय भाषाको नजिक पनि छ।



सम्मेलन शुरू हुनभन्दा पूर्वस्थानीय पब्लिक विन्देश्वरी मावि विद्यालयबाट हजारौंको संख्यामा मिथिला संस्कृति र कला झल्किने झाँकीसहित सहभागीद्वारा नगरको विभिन्न भागको परिक्रममा गरिएको थियो।

## आगलागीमा परी घाइतेको मृत्यु

वीरगन्ज, (नेस)

वीरगन्जको सुपर ग्यास उद्योगमा भएको आगलागीमा परी घाइते भएका सन्जीव नेपालको उपचारका क्रममा मृत्यु भएको छ।

आगो निभाउने क्रममा घाइते भएका वीरगन्ज महानगरपालिकाका अग्नि नियन्त्रक नेपालको उपचारका क्रममा शुक्रबार मृत्यु भएको हो। वीरगन्ज महानगरपालिकाका मेयर विजय सरावगीले घाइते नेपालको मृत्यु भएको पुष्टि गरेका छन्।

नेपाललाई उपचारका लागि भक्तपुर लगिएको थियो। योसँगै वीरगन्जको सुपर ग्यास उद्योग आगलागीमा परी मृत्यु हुनेको संख्या ३ पुगेको छ। २ जनाको घटनास्थलमै र एकजनाको उपचारका क्रममा मृत्यु भएको हो।

# १५औं अन्तर्राष्ट्रिय मैथिल सम्मेलन शुरू

शिवहरिप्रसाद भट्टराई, राजविराज

मैथिली भाषाको राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा पहिचान, विस्तार, संरक्षण, सम्बर्द्धन र यसका लागि उचित वातावरण तयार गर्ने उद्देश्यले सप्तरी सदरमुकाम राजविराजमा शुक्रबारदेखि २ दिने १५औं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन शुरू भएको छ।

सम्मेलन मैथिली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन र उत्थानका लागि कोशेढुंगा सावित हुने आयोजक मैथिली साहित्य परिषद् सप्तरीले विश्वास लिएको छ। 'प्रदेश नं. २ वासी के आशा : मैथिली हो राज्य के भाषा' (प्रदेश नं. २ वासीको आशा, मैथिली हुनपर्छ राज्यको भाषा) प्रमुख नाराका साथ शुरू भएको सम्मेलनको एक भव्य समारोहबीच प्रमुख अतिथि नागरिक उड्डयन तथा संस्कृति पर्यटनमन्त्री जितेन्द्र नारायण देवले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गरेका छन्।

सो अवसरमा उनले ऐतिहासिक र समृद्धता रहेको मैथिली भाषा साहित्यको संरक्षण र संवर्द्धनमा जोड दिँदै यसका लागि आफूले पनी आफ्नो स्तरबाट हर सम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।



१५औं अन्तर्राष्ट्रिय सम्मेलन समितिका संयोजक सुभचन्द्र झाको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा अन्तर्राष्ट्रिय मैथिली सम्मेलनको संस्थापक महासचिव वैद्यनाथ चौधरी, अन्तर्राष्ट्रिय मैथिली सम्मेलनका नेपाल प्रभारी एवं मैथिली भाषाका अभियानी रामभरोस कापडी (भ्रमर), वरिष्ठ राजनीतिज्ञ खुशिलाल मण्डल, मैथिली समाज नेपाल बुटवलका अध्यक्ष मुखिलाल चौधरी, डा. रेवतीरमण लाल, डा. दीपक झा, मैथिली साहित्य परिषद् सप्तरीका अध्यक्ष अशोक झा, भारतका मैथिली अभियानी डा. वचकुन पासवानलगायतले पनि सम्बोधन गर्दै मैथिली भाषा र संस्कृतिको जर्गेनामा जोड दिएका थिए।

कार्यक्रम आयोजक समितिका सदस्य सचिव श्यामसुन्दर यादवद्वारा उद्घोषण गरिएको कार्यक्रमको बीच-बीचमा मैथिली भाषा, संस्कृति र कलाको महत्व झल्किने सन्देशमूलक सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुति गरिएको थियो।

सम्मेलन स्थलमा मैथिली भाषाका विद्वान् लेखकहरूद्वारा लेखिएको विभिन्न कृतिहरूको स्टल पनि राखिएको छ। उद्घाटन समारोहका क्रममा मैथिली भाषा संस्कृति र कला क्षेत्रमा योगदान पुऱ्याउने नेपाल र भारतका मैथिली अभियानीहरूलाई मिथिला रत्न र मिथिला श्री पुरस्कारबाट सम्मान गर्नुका साथै मैथिली भाषामा लेखिएका विभिन्न नयाँ कृतिहरूको विमोचन पनि गरियो। सम्मेलनमा नेपाल र भारतका गरी २ सयभन्दा बढी मैथिली अभियानी अगुवाहरूको सहभागीता छ।

सम्मेलन शुरू हुनभन्दा पूर्वस्थानीय पब्लिक विन्देश्वरी मावि विद्यालयबाट हजारौंको संख्यामा मिथिला संस्कृति र कला झल्किने झाँकीसहित सहभागीद्वारा नगरको विभिन्न भागको परिक्रममा गरिएको थियो।

२ दिनसम्म चल्ने सम्मेलनको दोस्रो दिन शनिबार विचार गोष्ठीको आयोजना गरी प्रदेश नं. २ मा मैथिली भाषालाई कामकाजको भाषा बनाउनुपर्ने विषयमा केन्द्रित भई कार्यपत्र प्रस्तुत गर्ने, नेपाल र भारतका विशिष्ट कवि र कवियत्री को सहभागितामा कवि गोष्ठी र सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने तय भएको सम्मेलनका प्रभारी रामभरोस कापडीले जानकारी दिएका छन्।

यस्तै सम्मेलनको अन्त्यमा मैथिली भाषा, साहित्य, संस्कृती र कलाको उत्थानको उचित अवसर र सम्मानका लागि सार्वजनिक प्रस्ताव पारित गर्दै राजविराज घोषणापत्र जारी गर्ने कार्यक्रमसमेत रहेको आयोजक मैथिली साहित्य परिषद् सप्तरीले जनाएको छ।

**जिल्ला वन कार्यालय, मोरंगको काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७४।०९।०८**

आ.व. २०७३/०७४ मा यस जिल्लाको लाटीझोडा, लोहन्द्रा केरावारी तथा पथरीशनिश्चरे साझेदारी वनको फायरलाइन तथा पुनरुत्पादन कटानबाट उत्पादन भएको एवं बेवारिसे बरामद भई विभिन्न घाटगद्दीमा रहेको साल गोलिया परिमाण १०६६३.२७ क्यु.फि. र अन्य विभिन्न जात २४,०३५.३६ क्यू.फि.काठ तथा साल एवं अन्य विभिन्न जात दाउरा ७१ चट्टाको बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले दिन २१ (एक्काइस) भित्रमा वन विभाग, काठमाडौं, पू.क्षे.ब.नि., विराटनगर र यस कार्यालयबाट काठ चिरान गर्ने स:मिल/ उद्योग/ व्यवसायी/ फर्महरुले बोलपत्र खरीद गरी २२ औं दिनमा दिनको १:०० बजे भित्र बोलपत्र खरिद गरेको कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ। विस्तृत व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीबाट जानकारी लिन सकिने छ।

**ईष्टर्न सुगर मिल्स लिमिटडको**

**वार्षिक साधारणसभा बस्ने सूचना**

मिति २०७४।०९।०५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनूसार यस कम्पनीको वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारणसभा हुने मिति, समय र स्थान:**

**मिति** : २०७४ पौष २८ गते शुक्रबार (१२ जनवरी २०१८)

**समय** : अपरान्ह ११:०० बजे।

**साधारणसभा हुने स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, कारखानास्थल, अमाहिवेल्हा, सुनसरी।

**छलफलका बिषयहरु:**

(क) आ.ब.२०७३।०७४ को वार्षिक प्रतिवेदन उपर छलफल र पारित गर्ने।

(ख) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ ३१ गतेको वासलात, नाफा नोक्सानी हिसाव तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।

(ग) संचालक समितिबाट भए गरेका काम कारवाईहरुको अनुमोदन गर्ने।

(घ) आ.ब.२०७४।०७५ का लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

(ङ) विविध।

**संचालक समितिको आज्ञाले**
कम्पनी सचिव

# न्यानो कपडा खरिदमा अनियमितता

राम धामी, डडेल्धुरा

डडेल्धुराको भित्रिमधेस क्षेत्रस्थित परशुराम नगर कार्यपालिकाद्वारा गठित छानबिन समितिले न्यानो कपडा खरिद प्रकरणमा आर्थिक अनियमितता भएको ठहर गर्दै सो कार्यमा संलग्न दोषीलाई कडा कारवाहीको माग गरेको छ।

परशुराम नगरपालिका कार्यालयले नगर क्षेत्रका जेष्ठ नागरिकका लागि न्यानो लुगा खरिद गर्दा आर्थिक अनियमितता भएको नगर कार्यपालिकाद्वारा गठित छानबिन समितिले बिहीबार जोगबुडामा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको हो।

नगर कार्यपालिकाबाट वडाध्यक्ष केशब बोहराको अध्यक्षतामा गठित छानबिन समितिले छानबिन प्रतिवेदन सार्वजनिक गर्दै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत इश्वरलाल शाक्य र सूचना अधिकृत जगन्नाथ जोशीको मिलोमतोमा जेष्ठ नागरिकहरूका लागि न्यानो कपडा खरिदमा आर्थिक अनियमितता र भ्रष्टाचार भएको ठहर गरेको हो।

बजार दररेटभन्दा झण्डै तेब्बर मुल्यमा न्यानो कपडा खरिद गरिएको र कोटेसनमार्फत खरिद गरिएका कपडा गुणस्तरहीन भएकाले सो कार्यमा संलग्न प्रमुख प्रशासकीय अधिकृतसहित संलग्न कर्मचारीलाई कर्मचारी नियमावलीअनुसार कारबाही गर्न सिफारिस गरिएको छानबिन समितिका संयोजक परशुराम नगरपालिका-७ का वडाध्यक्ष बोहराले पत्रकार सम्मेलनमा जानकारी दिए।

उनले नगरप्रमुख भिमबहादुर साँउदले पहिला पेश गरिएको बिल गलत भएकाले नयाँ बिल पेश गरिएको भन्दै दोषीलाई जोगाउन खोजेको आरोपसमेत लगाए। गत साता न्यानो कपडा खरिदमा आर्थिक अनियमितता भएको भन्दै वडास्तरका जनप्रतिनिधिहरूले जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण कार्यमा अवरोध गरेका थिए।

नगरपालिकाले नगर क्षेत्रमा रहेका ८० बर्ष पुरा गरेका ७ सय ५० जना जेष्ठ नागरिकका लागि न्यानो कपडा खरिद गर्ने निर्णय गरेको थियो। कोटेसन मार्फत हरेक जेष्ठ नागरिकका लागि स्वीटर, कम्बल र कम्बलको खोल खरिद गरिएको नगरपालिकाले जनाएको छ। न्यानो कपडा खरिदका लागि कैलालीको धनगढीस्थित एबीआर सप्लायर्सको कोटेसन सदर भएको र सोही सप्लायर्सले कपडा वितरण गरेको थियो।

'३ वटै कोटेसन फारम एउटै व्यक्तिले भरेको पाइएको छ,' छानबिन समितिका संयोजक बोहराले पत्रकार सम्मेलनमा भने- 'कर्मचारीले आर्थिक अनियमितता गर्ने उद्देश्यले गल्ती गरेको पुष्टी भएकाले उनीहरूमाथि कडा कारबाही हुनुपर्छ।'

नगरपालिकामा सक्रिय राजनीतिक दलहरूले पनि सो प्रकरणमा दोषीहरूलाई कडा कारबाहीको माग गरेका छन्। नेकपा-एमाले परशुराम नगर कमिटिका कार्यबहाक अध्यक्ष गणेशबहादुर सिँह र नेकपा माओवादी केन्द्र परशुराम नगरकमिटिका अध्यक्ष शेरसिँह मालले संयुक्त प्रेश विज्ञप्ती जारी गर्दै जेष्ठ नागरिकका लागि न्यानो कपडा खरिद गर्दा नगरपालिकाले आर्थिक अनियमिता गरेको पुष्टि भइसकेकाले दोषीउपर कडा कारबाही हुनुपर्ने माग गरेका छन्। परशुराम नगरपालिकास्तरीय संयुक्त वाम गठबन्धनका संयोजक शेरसिँह बोहराले आर्थिक अनियमितता गर्ने कार्यमा संलग्नलाई कारबाही नगरिए आन्दोलन गर्ने चेतावनी दिए।

नगरपालिकाबाट भ्याटसहित जनही ३ हजार ७५ रूपियाँका दरले न्यानो कपडा उपलब्ध गराइएको थियो। बजार मूल्यभन्दा निकै बढी दरमा कपडा उपलब्ध गराइएको र कपडा गुणस्तरहीन रहेको नगरपालिकाका वडाअध्यक्षहरू बताउँछन्।

न्यानो कपडा खरिद प्रकरणमा भ्रष्टाचार भएको भन्दै वडाध्यक्षहरूले कपडा बितरणमै अवरोध गरेपछि नगर कार्यपालिकाको आइतबार सम्पन्न बैठकले सो प्रकरणमा छानबिन गर्न ७ नम्वर वडाका अध्यक्ष बोहराको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिका सदस्यहरूमा १२ नंम्बर वडाका वडाध्यक्ष गणेश जोशी र कार्यपालिका सदस्य धर्मेन्द्र नेपाली सदस्य रहेका थिए।

**दुग्ध विकास संस्थान**
**केन्द्रिय कार्यालय, लैनचौर**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०७४।९।७ गते )**

यस संस्थानले ४००० लि. क्षमताका रोड मिल्क टैंकरहरुको लागि ४ थान टैंकर च्यासिस (चालक र हेल्पर सहित) तीन वर्षको लागि भाडामा लिन मिति २०७४।७।१६ को नेपाल समाचारपत्रमा प्रकाशन गरेको बोलपत्र सूचना नं.डिडिसि/०५/गाडी च्यासिस/०७४/०७५ अन्तर्गत प्राप्त हुन आएको देहायको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्विकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | छनौट भएको बोलपत्रदाता | प्रति ट्रिप प्रति कि.मी.भाडा दर (मु.अ.कर बाहेक) |
|---|---|---|
| १ | श्री गौरी मिथुन डेरी प्रा.लि., नागार्जुन, काठमाडौं | रु.३७।- |

नेपाल सरकार
उर्जा मन्त्रालय
विद्युत विकास विभाग
अनामनगर, काठमाडौं

**सान्जेल जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजनाको सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७४/०९/०८)

बागमती अञ्चल, रसुवा जिल्लाको चिलिमे गा.वि.सको चिलिमे गाँउ देखि प्रारम्भ भई विद्युत प्राधिकरणको प्रस्तावित चिलिमे हव सवस्टेशन सम्म निर्माण हुने १३२ के.भी. प्रसारण लाईन निर्माण गर्न विद्युत ऐन २०४९ को दफा ४ अनुसार विद्युत नियमावली २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको निर्माण अनुमतिपत्रको लागि श्री सान्जेल जलविद्युत कम्पनी लिमिटेडले दरखास्त पेश गरेकाले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँच बुझ गरि नियम १६ को प्रयोजनका लागि तपशिलका विवरण खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित १३२ के.भी. प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकुल असर पार्ने देखिएमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विद्युत विकास विभागमा प्रतिक्रया उपलब्ध गराईदिन हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री सान्जेल जलविद्युत कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन २०६३ अन्तर्गत गठन भएको कम्पनी हो।
२. यस प्रसारण लाईनको भोल्टेज १३२,००० भोल्ट (सिंगल सर्किट) र प्रसारण क्षमता ४२.५ मे.वा. रहेको छ।
३. यो प्रसारण लाईन रसुवा जिल्लाको चिलिमे गा.वि.स.को चिलिमे गाउँ अन्तर्गत सान्जेल जलविद्युत आयोजनाको स्वीचयार्ड देखि गोल्जुड गा.वि.स.मा अवस्थित नेपाल विद्युत प्राधिकरणको चिलिमे हाव सम्म १३२ के.भी. (सिंगल सर्किट) को निर्माण गरिनेछ।
४. यस प्रसारण लाईनको लम्बाई करिब १.१३५ कि.मी. हुनेछ र यस विद्युत प्रसारण लाईन अन्तर्गत ४ वटा एंगल टावर तथा १ वटा सस्पेन्सन टावर निर्माण हुने छन र एक टावर देखि अर्को टावर सम्मको दुरी औषत २४२ मिटर हुनेछ। यस आयोजनाको प्रसारण लाईन निर्माण गर्न करिब २.०४३ हेकटर जमिन प्रयोग हुनेछ जसमध्ये स्थायी रुपका ०.०५ हेक्टर टावर प्याड निर्माण गर्न र १.९९३ हेक्टर अस्थायी रुपमा टावर प्याड बाहेकको प्रसारण लाईनको क्षेत्राधिकार (Right of way) को रुपमा जग्गा अधिग्रहण हुनेछ।
५. यो प्रशारण लाईनको Right of Way (ROW) विद्युत नियमावली २०५० बमोजिम न्युनतम दुरीमा नघटाई प्राबिधिक दृष्टिकोणबाट १८ मिटर (मध्यबिन्दुबाट ९/९ मिटर दाँया बाँया) रहेनेछ।
६. यो प्रसारण लाइनको निर्माण कार्य २१ महिना भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
७. यो प्रसारण लाइनको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन २०४९ को दफा २४ र यस आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भुक्षय, बाढि, बायु प्रदुसणद्वारा वातावरणमा प्रतिकुल असर नपर्ने गरि निर्माण गरिनेछ।
८. यस आयोजनाको बारेमा थप बुझ्न परेमा देहायको ठेगानामा सम्पर्क राख्न सकिनेछ।

**सान्जेल जलविद्युत कम्पनी लिमिटेड**
माहाराजगञ्ज, काठमाडौ
पो.ब.नं. १२६६७
फोन नं. ०१-४३७४२७५

**विद्युत विकास विभाग**
थापागाउँ, काडमाडौं
पो.ब.नं. २५०७
फोन नं. ०१-४४९६८००

### तीन...

प्रमुख राजनीतिक दलहरूको समझदारीका कारण राष्ट्रियसभा गठनको विषयमा अन्योलामा परेको छ। जनताले राजनीतिक दललाई जनमत दिए पनि राजनीतिक दलहरूको अकर्मण्यताका कारण झमेला थपिएको छ।

निर्वाचन आयोगको पूर्वप्रमुख आयुक्त नीलकण्ठ उप्रेती निर्वाचनअघि नै निर्माण गर्नुपर्ने संविधान र कानुन निर्माण नगर्दा अहिलेको विवाद आएको बताउनुहुन्छ। उहाँले भन्नुभयो- 'कानुन निर्माण गर्ने कार्यमा सहमति नगर्ने अहिले आएर विवाद झिक्नु राम्रो पक्ष होइन।' निर्वाचनको परिणाम आएपछि निर्माण हुने कानुन दल केन्द्रित हुने बताउँदै उहाँले दलहरूकै कारण ऐन निर्माण हुन नसकेको बताउनुभयो।

'अहिले देखिएको समस्याको समाधानको उपाय दलीय सहमति नै हो', उहाँले भन्नुभयो- 'संविधानमा स्पष्ट छैन, राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेश राष्ट्रपति कार्यालयमा छ, राजनीतिक दलहरू आ-आफ्नो अडानमा छन्।' निर्वाचन प्रणालीका बारेमा प्रत्यक्ष र समानुपातिक दुईवटा प्रणाली अभ्यास भइसकेकाले सोहीअनुसार गर्दा पनि राम्रो हुने उप्रेतीले बताउनुभयो।

### प्रदेशसभाको...

प्रदेश नम्बर ५ मा एमालेले ४१ र माओवादीले २० सिट जितेर प्रदेशमा बहुमतको सरकार बनाउने भएका छन्। यो प्रदेशमा कांग्रेसले १९ सिट जितेको छ।

यहाँ संघीय समाजवादी फोरमले ५ तथा राजपा र राष्ट्रिय जनमोर्चाले एक-एक सीट जितेका छन्।

त्यसै गरी प्रदेश नम्बर ६ को समीकरण भने केही फरक देखिएको छ। यहाँ कुल ४० सिटमध्ये एमालेले २० सिट पाएको छ। माओवादीले १३ सिट पाएको छ भने कांग्रेसले ६ र राप्रपाले एक सिट पाएका छन्। यहाँ एमालेको २० सिट र अरू सबै दलको २० सिट भएको छ। वामपन्थी गठबन्धनको २ तिहाइ भएको छ।

त्यसैगरी ७ नम्बर प्रदेशमा एमालेले २५ सिट जिते पनि एकल बहुमत छैन। माओवादीको १७ सिट थपिदा यहाँ पनि बामपन्थीको बहुमतको सरकार बन्ने भएको छ। यहाँ कांग्रेसले १० र राजपाले २ सीट पाएका छन्।

### प्रहरीका...

विदाइ हुन लागेका म्यादी प्रहरीले जिल्ला प्रहरी कार्यालयअगाडि आन्दोलन गरेका थिए। आफ्ना सहकर्मीको मृत्युपछि म्यादी प्रहरीले मान्मको जीरो प्वाइन्टमा रहेको प्रहरी पोस्ट जलाएका थिए। म्यादी प्रहरी र स्थानीयले शव जिल्ला प्रशासन कार्यालयअगाडि राखेर प्रदर्शन गर्दै प्रशासन कार्यालय घेराउ गरेका छन्।

जिल्ला प्रहरी कार्यालयअगाडि म्यादीले नेपाल प्रहरीमाथि ढुङ्गामुढा गरेपछि स्थिति नियन्त्रण गर्न खुट्टामा गोली हान्न खोज्दा टाउकोमा लागेको कालिकोटका प्रहरी प्रमुख सुवासचन्द्र बोहोराले बताउनुभयो। जिल्लामा प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ९ सय ७३ म्यादी प्रहरी नियुक्त गरिएको थियो। उनीहरूले पाउने १ जनाबराबर ५८ हजार ४ सय ४५ रूपियाँ राज्यबाट निकासा भए पनि प्रहरीले ५२ हजार मात्र दिएको भन्दै आन्दोलन गरेका थिए। उक्त घटनापछि दंगा भत्कन सक्ने भन्दै कालिकोटमा बाँकेबाट सशस्त्र प्रहरी बलको टोली परिचालन गरिएको छ।

### पाँच...

बैठकपछि कांग्रेस नेता रामचन्द्र पौडेलले भन्नुभयो- 'सरकारले पठाएको अध्यादेश राष्ट्रपतिले रोक्न मिल्दैन। राष्ट्रियसभा गठन नभएसम्म प्रतिनिधिसभाले पूर्णता नपाउने भन्दै उहाँले सरकारले पठाएको अध्यादेश तुरुन्त जारी गर्नुको बिकल्प छैन।'

बैठकबाट बाहिरिने क्रममा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले पहिला राष्ट्रियसभा गठनसम्बन्धी विधेयक प्रस्तुत गर्दा दलहरूबीच सहमति नभएको भन्दै अहिले सरकारले प्रस्तुत गरेको अध्यादेशमा पनि अन्तरवस्तुमै फरक परेकाले ५ दलको बैठक निष्कर्षमा पुग्न नसकेको बताउनुभयो।

५ दलको बैठक निष्कर्षविहीन भएपछि अध्यादेश पारित गर्न आग्रह गर्न भन्दै कांग्रेसका शीर्ष नेताहरू राष्ट्रपति निवास गएका थिए। कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा, रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, विमलेन्द्र नीधिलगायतका शीर्ष नेताहरूले राष्ट्रपतिलाई भेटी अध्यादेश जारी नहुदा राजनीतिक गतिरोध बढेको भन्दै अध्यादेश जारी गर्न आग्रह गरेका थिए। कांग्रेस नेता सिटौलाका अनुसार कांग्रेस नेताहरूले राष्ट्रपतिलाई सरकारले पठाएको अध्यादेश जारी गरि आफ्नो गरिमा नगुमाउन आग्रह गरेको बताउनुभयो।

### पूर्व...

करिब दुई हप्ता मध्य र सुदूरपश्चिमको भ्रमणको तय गर्नुभएका पूर्वराजाले दुवै क्षेत्रमा आफू निकटका राजावादीसँग भेटघाट गर्नुहुने कार्यक्रम रहेको स्रोतले जनाएको छ।

पूर्वराजाका संवाद सचिव डा. फणिराज पाठकले शुक्रबार विज्ञप्ति जारी गरी पूर्वराजा ज्ञानेन्द्र र रानी कोमलको भ्रमण निश्चित भएको उल्लेख गर्नुभएको छ। विज्ञप्तिमा पूर्वराजा ज्ञानेन्द्र शाह र पूर्वरानी कोमल शाह केही दिनको निजी भ्रमणको सिलसिलामा आगामी हप्ता मध्यपश्चिम तथा सुदूरपश्चिम जाने उल्लेख गरिएको छ।



# अर्थ

पेट्रोलमा प्रतिलिटर २ रुपियाँ ६६ पैसा नाफा हुँदा मासिक १० करोड ६१ लाख, म ीतेलमा प्रतिलिटर १५ रुपियाँले मासिक ३ करोड १२ लाख नाफा रहेको छ। त्यस्तै हवाई इन्धन आन्तरिकतर्फ १२ रुपियाँको दरले ७ करोड ५२ लाख रुपियाँ नाफा र अन्तर्राष्ट्रियतर्फ २४ रुपियाँको दरले मासिक ३४ करोड रुपियाँ नाफा रहेको छ।

नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग



कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त
अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट
... कण कणमा शक्ति भएको
ISO 9001:2000

# निगमलाई अझै मासिक २३ करोड घाटा

**नेपाल समाचारपत्र**

काठमाडौं

दुईपटक इन्धनको मूल्य बढाए पनि नेपाल आयल निगमले आफू घाटामा रहेको जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेपछि निगमले मूल्य बढाउँदा घाटा कम भए पनि घाटामुक्त भने हुन नसकेको हो।

अहिले पनि निगमको मासिक घाटा २३ करोड रहेको छ।

भारतमा इन्धनको मूल्यवृद्धि हुनु तथा नेपालमा औसत खपतभन्दा धेरै परिमाणमा इन्धन खपत हुनु घाटा कम नहुनुको मुख्य कारण रहेको निगमले जनाएको छ।

डिजेल र ग्यास सिलिन्डर महँगोमा किनेर सस्तोमा बेच्दै आएको निगमले पेट्रोललगायत अन्य इन्धनमा नाफा राखे पनि घाटा व्यहोर्ने गरेको छ। निगमले यसै साता पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र ग्यासको मूल्य बढाएको थियो।

हरेक अंग्रेजी महिनाको १ र १६ तारिख इन्डियन आयल कर्पोरेसन (आईओसी) ले निगमलाई अन्तर्राष्ट्रिय मूल्यअनुसारको नयाँ मूल्यसूची पठाउने गरेको छ। विगतको महिनामा मूल्य बढेर आएको कारणले निगमको घाटामा बढेको हो। अब २०१८ को जनवरी १ मा पनि मूल्य सूचीमा मूल्य बढेर आए निगमको घाटा झन् चुलिने निगमको दाबी छ।

आईओसीले पठाएको मूल्यअनुसार समायोजन गरे पनि निगमले ग्यासमा प्रतिसिलिन्डर २ सय २६ रुपियाँ ७७ पैसा, डिजेलमा प्रतिलिटर १ रुपियाँ ७४ पैसा घाटा रहेको निगमले जनाएको छ। जसबाट एलपी ग्यासमा निगमलाई मासिक ५४ करोड १० लाख, डिजेलमा २४ करोड ५४ लाख रुपियाँ घाटा रहेको छ।

**निगमलाई ग्यासमा प्रतिसिलिन्डर २ सय २६ रुपियाँ ७७ पैसा, डिजेलमा प्रतिलिटर १ रुपियाँ ७४ पैसा घाटा छ। जसबाट ग्यासमा मासिक ५४ करोड १० लाख, डिजेलमा २४ करोड ५४ लाख रुपियाँ घाटा छ।**

त्यस्तै निगमलाई पेट्रोलमा प्रतिलिटर २ रुपियाँ ६६ पैसा नाफा रहेको छ। यसको आधारमा पेट्रोलमा मासिक १० करोड ६१ लाख रुपियाँ नाफा, मट्टीतेलमा प्रतिलिटर १५ रुपियाँको दरले मासिक ३ करोड १२ लाख रुपियाँ नाफा रहेको छ। त्यस्तै हवाई इन्धन आन्तरिकतर्फ १२ रुपियाँको दरले ७ करोड ५२ लाख रुपियाँ नाफा र अन्तर्राष्ट्रियतर्फ २४ रुपियाँको नाफा दरले मासिक ३४ करोड रुपियाँ नाफा रहेको निगमले जनाएको छ।

इन्धनको ३ पदार्थमा नाफा रहे पनि २ वटा पदार्थको घाटा बढी भएकाले त्यसले घाटाको परिपूर्ति गन नसकेको नेपाल आयल निगमका निमित्त नायब कार्यकारी निर्देशक नागेन्द्र शाहले बताउनुभयो। उहाँका अनुसार निगमलाई मासिक २३ करोड रुपियाँ घाटा रहेको छ। निगमका अनुसार अक्टोबर महिनामा कूल ६ अर्ब ४३ करोड भारुको इन्धन आयात भएकोमा नोभेम्बर महिनामा ८ अर्ब २३ करोड भारुको इन्धन आयात भएको छ। यो अक्टोबरको भन्दा ३३ दशमलव ८४ प्रतिशतले बढी हो।

इन्धनको खपतमा वृद्धि हुँदा नेपाल आयल निगमलाई अघिल्लो महिना ५४ करोड रुपियाँ घाटा भएको थियो।

भारतमा भन्दा नेपालमा पेट्रोल लिटरमा १८ रुपियाँ २१ पैसा, डिजेल २२ रुपियाँ ९५ पैसा, हवाई इन्धन आन्तरिकतर्फ ११ रुपियाँ ८१ पैसा सस्तो रहेको छ। भारतमा पेट्रोल खुद्रा बिक्री मूल्य लिटरको १ सय १९ रुपियाँ २१ पैसा, डिजेल १ सय रुपियाँ ९५ पैसा विक्री हुँदै आएको छ।

आईओसीबाट निगमले भने झन्डै दोब्बर मूल्य कममा इन्धन खरिद गर्दै आएको छ। निगमले सस्तोमा इन्धन खरिद गरेको भए पनि सरकारले लगाउने सम्पूर्ण सरकारी करसहित जोडेर बेच्दा इन्धनको मूल्य महँगो पर्न गएको हो।

निगमले आईओसीसँग पेट्रोल लिटरको ५३ रुपियाँ ६० पैसा, डिजेल ५४ रुपियाँ ७१ पैसा, मट्टीतेल ५३ रुपियाँ ९५ पैसा, हवाई इन्धन ५२ रुपियाँ ६९ पैसा लिटरका दरले खरिद गर्दै आएको छ। हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय प्रतिलिटर ५२ रुपियाँ ६९ पैसा, खाना पकाउने ग्यास सिलिन्डरको १ हजार १ सय ९ रुपियाँ ५८ पैसामा खरिद गदै आएको छ।

सरकारले लगाउने भन्सार शुल्क, सडक मर्मतसम्भार कर, बूढीगण्डकी जलविद्युत्‌का लागि पूर्वाधार कर, प्रदूषण शुल्क, मूल्य स्थिरीकरण कोष, मूल्य अभिवृद्धि कर, ढुवानी भाडा, बीमा खर्च, निगमको प्रशासनिक खर्च, प्राविधिक नोक्सानी, बिक्रेताको नाफासमेत जोडिँदा उपभोक्ता महँगोमा इन्धन किन्न बाध्य भएका हुन्।

## पश्चिममा विद्युत्‌ आपूर्ति अवरोध

काठमाडौं (नेस)

कुसुम र कोहलपुरको बीचमा पर्ने शमशेरगन्ज नजिक रहेको १ सय ३२ केभी प्रसारणलाइन टावरलाई जंगली हात्तीले क्षति पुऱ्याएपछि सुदूर र मध्यपश्चिमका जिल्लामा विद्युत्‌ आपूर्ति रोखिएको छ। शमशेरगन्ज नजिकै रहेको टावर नम्बर ४ सय ८५ मा हात्तीले आक्रमण गरेपछि क्षतिग्रस्त भएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ।

उक्त टावरबाट विद्युत्‌ प्रवाह हुने १ सय ३२ केभी सवस्टेशनहरू लालपुर, अत्तरिया, पहलमानपुर, भुरिगाउँ र कोहलपुरमा विद्युत्‌ प्रवाह गर्न नसकिने भएको छ। आन्तरिक उत्पादन प्रवाह गर्ने अवस्था नरहेकाले भारतबाट टनकपुर सवस्टेशनमार्फत्‌ आयात हुने विद्युत्‌ मात्र प्रवाह भइरहेको प्राधिकरणले जनाएको छ। ती सवस्टेशनहरूबाट विद्युत्‌ आपूर्ति हुने विभिन्न क्षेत्रमा पिक आवरको समयमा करिब १५ मेगावाट विद्युत्‌ अपुग भई विद्युत्‌ कटौती गर्नुपर्ने बाध्यता सिर्जना भएको समेत प्राधिकरणले जनाएको छ।

टावरको वास्तविक क्षति जाँच गरी नयाँ टावर जडान वा अस्थायी व्यवस्था मिलाउन प्राविधिकसहितको टोली परिचालन गरिएको प्राधिकरणले जनाएको छ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS : 1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

**हकदावी गर्न आउने ३५ दिने सूचना**

श्री काजीमान श्रेष्ठको छोरी, श्री मान बहादुर श्रेष्ठको ,श्रीमति दोलखा जिल्ला शैलुङ गाउंपालिका वडा नं. ३ स्थायी ठेगाना भएको **श्रीमति वाल कुमारी** भन्ने **वाल कुमारी श्रेष्ठ**ले यस शाखामा बचत खाता न. १९६१५२४०३००७१८ संचालन गर्दै आउनु भएकोमा मिति २०७४.०४.०५ गते श्रीमति वाल कुमारी श्रेष्ठको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त बचत खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा **श्री राम कृष्ण श्रेष्ठ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणीत प्रमाणपत्र लगायतका कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ८१ वमोजिम यस निक्षेप उपर अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न आउनुहोला । अन्यथा माग वमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने व्यहोरा सूचित गरिन्छ । पछि कुनै उजुर बाजुरलाई मान्यता नदिइने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गराइन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा, ठमेल, नेपाल

TIMES FM 90.6 MHz is celebrating New Year in Kathmandu, Nepal.
2 hrs
Time for 2018 Celebrations
Tag and Win to Celebrate 2018




Like Comment Share

#Tag your 10 friends here

Logon to www.facebook.com/TIMESFM90.6

**महिला उर्जा बहुउद्देश्यीय सहकारी संस्था लि.**
बाघदरवार, चाइना टाउन, सुन्धारा, काठमाडौं

**वार्षिक साधारण सभा स्थगित सम्बन्धी सूचना**

यस संस्थाको अठारौं वार्षिक साधारण सभा २०७४ पौष ८ गते नाङ्लो क्याफे, टेकू मा हुने भनि २०७४ मंसिर २५ गतेको आर्थिक अभियान दैनिकमा सूचना प्रकाशित गरेकोमा विशेष कारणवस सभा स्थगित भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप अन्य जानकारीको लागि संस्थाको सूचना पाटीमा टाँस गरिएको छ ।

सचिव

CASH क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
चौथो तल्ला, ताम्राकार कम्प्लेक्स, पाको, न्यूरोड ।

**आठौ वार्षिक साधारण सभामा उपस्थित भइदिने बारेको सूचना**

यस क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को संचालक समितिको मिति २०७४/०८/२७ गते बसेको बैठक नं. १०६ को निर्णय वमोजिम आठौं वार्षिक साधारण सभा तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गर्ने गरी निम्न मिति, समय र स्थानमा बस्ने भएकोले उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुमा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

**मिति : २०७४/०९/२९ गते, शनिबार ।**
**स्थान : पाराडाइज्‌ बैंक्वेट, खुशिबु, लिंकरोड ।**
**समय : दिउँसो २:०० बजे ।**

**प्रस्तावहरू:**

१. आठौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७३/७४ को वासलात, नाफा नोक्सान, नगद प्रवाह र अनुसुचीहरु पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७३/७४ को लेखा समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०७४/७५ को लागि अनुमानित बजेट तथा वार्षिक कार्ययोजना पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०७४/७५ को लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. लाभांश वितरण गर्ने सम्बन्धमा ।
७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
८. आठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि उपस्थित संचालक सदस्यहरू तथा ६ जना शेयरधनी सदस्यहरू प्रतिनिधि नियुक्त गर्ने सम्बन्धमा ।
९. एक (१) संचालकको राजिनामा स्वीकृत गर्ने एवं रिक्त संचालक पदका लागि चुनाव गर्ने सम्बन्धमा ।
१०. विविध ।

संचालक समितिको आज्ञाले,
.................................
(कार्यकारी संचालक)

## राष्ट्रिय व्यापार महोत्सव शुरु

हेटौंडा, (नेस)

सुमन भोम्जन स्मृति खेलकुद प्रतिष्ठान र औद्योगिक शान्ति नेपाल संस्थाको आयोजनामा शुक्रबारबाट हेटौंडाको भुटनदेवी पार्कमा राष्ट्रिय व्यापार महोत्सव शुरु भएको छ।

मकवानपुरका प्रमुख जिला अधिकारी चक्रबहादुर बुढाले मेला शुरु गर्दै देशमा राजनीतिक संक्रमणकाल सकिएको भन्दै आर्थिक समृद्धिको दिशामा अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले आर्थिक समृद्धिका लागि सबै पक्षको भूमिका उत्तिकै रहेको भन्दै महोत्सवका माध्यमबाट खेलकुद गर्न लागेकोमा आयोजकको प्रशंसा गर्नुभयो।

उहाँले महोत्सवमा हुनसक्ने त्रुटिलाई गम्भीर ढंगले ध्यान दिन महोत्सव आयोजक र व्यवसायीलाई आग्रह गर्नुभयो। उहाँले स्थानीय तहसँगको समन्वयमा काम गर्ने गरी स्वीकृति लिएकाले प्रशासनले सहयोग गरेको बताउँदै महोत्सवको पारदर्शितामा ध्यान दिन सचेत गराउनुभयो।

कार्यक्रममा १० नम्बर वडा अध्यक्ष किताब सिंहं लामा, प्रतिष्ठान सल्लाहकार भीमसेन महत, नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष हरि हुमागाईं, जिल्ला खेलकुद विकास समिति सचिव राजन दाहाल (खुशराज), प्रतिष्ठान द्वितीय उपाध्यक्ष विशाल घोष, महासचिव सविन न्यौपानेलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रम प्रतिष्ठान अध्यक्ष भेष खड्गीको सभाध्यक्षतामा भएको थियो।

## मार्भल ब्रान्डका उत्पादन बजारमा

**नेपाल समाचारपत्र**

काठमाडौं




मार्भल टेक्नोप्लास्टले डिस्ट्रिब्युटर र डिलरलाई मार्भल ब्रान्डका पाइप तथा फिटिङ उत्पादनको जानकारी दिएको छ। बिहीबार काठमाडौंमा आयोजित 'मार्भेलस नाइट'को आयोजना गरी कम्पनीले आफ्नो उत्पादनको जानकारी दिएको हो।

द लुब्रिजोला कर्पोरेसन, यूएसएको लाइसेन्स लिएर नेपालमा अन्तर्राष्ट्रिय पाइप तथा फिटिङ उत्पादन गर्दै आएको मार्भल टेक्नोप्लास्टले आयोजना गरेको 'मार्भलस नाइट'मा मुलुकभरका ५ सयभन्दा बढी डिस्ट्रिब्युटर र डिलर सहभागी रहेको आयोजकले जनाएको छ।

कार्यक्रममा टेक्नोप्लास्टका उपाध्यक्ष पवनकुमार सञ्चेतीले आर्थिक विकासँगै निर्माण कार्यले समेत गति दिने वातावरण बन्न लागेको बताउनुभएको थियो। यस्तो अवस्थामा निर्माण सामग्रीको बजार बढ्ने बताउँदै उहाँले उपभोक्तासम्म गुणस्तयुक्त पाइप तथा फिटिङ पुऱ्याउने अभियानमा सबै डिलर र डिस्ट्रिब्युटरको रायसुझावका आधारमा कम्पनी योजनाबद्ध ढंगले अगाडि बढ्ने घोषणा गर्नुभयो।

छोटो समयमै बजारमा कम्पनीको सशक्त उपस्थितिप्रति गर्व गर्दै मार्भल टेक्नोप्लास्टले अहिलेको प्रतिस्पर्धी बजारमा उपभोक्ता मार्भल ब्रान्डप्रति नै बढी भरोसा गर्ने स्थिति बन्दै गएको ठहर गरेको छ।

अहिले मार्भल ब्रान्डका सातवटा उत्पादन बजार छन्। यी सबै उत्पादनहरू इको-ग्रीन र लिड फ्रि छन्। यसले वातावरणलाई कुनै हानी नोक्सानी नगर्नुका साथै मानव स्वास्थ्यमा असर नगर्ने कम्पनीको दाबी छ। नेपालमा लिड फ्रि सीपीभीसी पाइप उत्पादन गर्ने मार्भल पहिलो कम्पनी पनि हो।

पोखरा क्षेत्रमा पर्यटक बस्न सक्ने होटलका लगभग ११ हजार कोठामा २५ देखि २७ हजार बेड रहेको होटल एसोसिएसन नेपाल (हान) ले जनाएको छ।

# अर्थ

## विश्व बजार

## आफ्नै बलबुताले अर्बपति



काठमाडौं, (नेस)

डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपतिका रूपमा निर्वाचित भएपछि उनले गठन गरेको आर्थिक सल्लाहकार समिति (इकोनोमिक एड्भाइजरी कमिटी) मा डायन हेन्ड्रिकको नाम पनि समावेश भएपछि उक्त नामलाई विश्वले थप सोधखोज गरेको थियो।

एक मध्यमस्तरीय ग्रामीण परिवारमा जन्मेर सफल उद्यमीको पहिचानसँगै अमेरिकी संसदको आर्थिक सल्लाहकार समिति सदस्यसम्मको यात्रालाई धेरैका लागि प्रेरणाको आधार बन्यो।

डायन हेन्ड्रिकले आफ्नै जोडबल र स्वउद्यममार्फत् सफलता पाएकी हुन्। फोर्ब्सले उनलाई स्वउद्यम र आफ्नै प्रयासमा सफलता पाउने महिलाका सूचीमा पहिलो नंम्बरमा राखेको छ। एक डेरी किसानका रूपमा काम गर्ने दम्पतीको नौ जना सन्तानमध्ये सातौं सन्तान थिइन उनी। उनको परिवार अमेरिकाको विस्कन्सिन राज्यको ग्रामीण भेगमा बस्थ्यो। उनले आफ्नो बाल्यकाल सम्झिदै एक अन्तर्वार्ताका क्रममा आफूले सधैं शहरीया जीवनका बारेमा सोच्ने गरेको बताएकी थिइन। 'मसँग आफ्नै प्रकारको जीवनशैली थियो। चिटिक्क परेको सेतो रङको घर र ग्रामीण फार्ममा बसेर जीवन व्यतित गर्थें। तर, म सधैं शहरीया जीवनका बारेमा सोच्थे र चिटिक्क परेको सुट लगाएर शहर घुमेको कल्पना गर्थें।'

**एक डेरी किसान दम्पतीको नौ जना सन्तानमध्ये सातौं सन्तान थिइन उनी। उनको परिवार अमेरिकाको विस्कन्सिन राज्यको ग्रामीण भेगमा बस्थ्यो। उनले आफ्नोबाल्यकाल सम्झिदै एक अन्तर्वार्ताका क्रममा आफूले सधैं शहरीया जीवनका बारेमा सोच्ने गरेको बताएकी थिइन।**

सन् १९४७ मा जन्मिएकी हेन्ड्रिकले सन १९७५ मा केनेथ हेन्ड्रिकसँग विवाह गरेकी थिइन।

विवाहपछि सन १९८२ मा श्रीमानसँगै मिलेर एबीसी सप्लाई कम्पनीको रूपमा 'रुफिङ' व्यवसाय शुरू गरेका थिइन। भवन निर्माणका क्रममा छत तथा सिलिङ निर्माणको काम गर्ने उक्त कम्पनीले केही समयमा नै चर्चा कमाउन सफल रह्यो। विषेश गरी सिलिङमा प्रयोग गरिने रङ संयोजनका कारण एबीसी सप्लाईले सबैको मन जितेको थियो।

सन् २००७ मा उनका श्रीमान केनेथको निर्माणाधीन भवनबाट खसेर मृत्यु भयो भने हेन्ड्रिक माथि थप जिम्मेवारी पनि आइलाग्यो। तर, उनले हिम्मत हारिनन् र सन् २०१० मा एबीसी सप्लाई कम्पनीको शतप्रतिशत शेयर आफ्नो स्वामित्वमा लिन सफल भइन्।

रुफिङ कम्पनी एबीसी सप्लाईको सेवा तथा वितरण प्रणालीलाई उनले निकै ध्यान दिएकी थिइन। कम्पनीका कुशल व्यवस्थापन तथा कार्यशैलीका कारण नै एबीसी अमेरिकाको सबैभन्दा ठूलो रुफिङ होलसेलरका रूपमा चिनिएको छ।

फोर्ब्सको अर्बपति सूचीमा हेन्ड्रिक १ सय २२औं स्थानमा छन् भने सेल्फ मेड वुमेनको क्याटेगोरीमा पहिलो नंम्बरमै छिन्। उनको सफलतालाई मानिसले अझै पनि अपत्यारिलो र अद्‌भूतको संज्ञा दिने गरेका छन्। ब्लुमबर्ग बिलिनियर्स इन्डेक्सका अनुसार डायन हेन्ड्रिक विश्वका अर्बपतिहरूको सूचीमा २ सय ४५औं स्थानमा छिन। हेन्ड्रिकको सम्पत्ति ६ दशमलव ६७ बिलियन अमेरिकी डलर रहेको छ।

हेन्ड्रिकले आर्थिक विकास र शिक्षा क्षेत्रको विकासका लागि सहयोग गर्दै आएकी छिन्। रिपब्लिकन नेसनल कमिटीमा पनि रहेकी हेन्ड्रिकले सन २०१२ मा विस्कन्सिन गभर्नर स्कट वाल्करको 'रिइलेक्सन क्याम्पियन'का लागि ५ लाख अमेरिकी डलर सहयोग गरेकी थिइन्। जुन रकम अमेरिकी इतिहासमा गभर्नर छनोटका लागि गरिएको चुनावमा कुनै व्यक्तिले उपलब्ध गराएको सबैभन्दा ठूलो धनराशी हो।

हेन्ड्रिकको यातायात, बीमा, उत्पादन तथा रिसाइकलिङका क्षेत्रमा पनि लगानी रहेको छ। हाल उनी उनकै नामबाट खोलिएको अर्को कम्पनी हेन्ड्रिक होल्डिङ कम्पनीको बोर्ड अध्यक्ष र एबीसी सप्लाई कम्पनीको सहसंस्थापक तथा अध्यक्षको रूपमा काम गरिरहेकी छिन्।

*(एजेन्सीहरूको सहयोगमा)*

# क्रिसमस र अंग्रेजी नयाँ वर्षले होटल खचाखच

दीपेन्द्र थापा, काठमाडौं



पछिल्ला केही वर्षयता क्रिसमस तथा अंग्रेजी नयाँ वर्ष मनाउनेको संख्या बढेको छ भने व्यवसायीलाई पनि त्यसले फाइदा पुगेको छ। क्रिसमस तथा नयाँ वर्ष मनाउने संस्कृति नेपालमा विकास हुँदै गएपछि यस सिजनमा आन्तरिक पर्यटकले होटल तथा रिसोर्टहरू भरिभराउ हुन थालेका छन्।

नयाँ पुस्ताले क्रिसमस तथा नयाँ वर्षलाई महत्वका साथ नेपालमै मनाउँदै आएका छन्। यस्ता चाडबाडका बेला आन्तरिक पर्यटकको संख्या बढ्ने गरेको होटल संघ नेपालका महासचिव विनायक शाहको भनाइ छ।

शाहका अनुसार पछिल्लो समयमा आन्तरिक पर्यटनमा पनि उत्साहजनक रूपमा घुमफिर गर्ने संस्कृतिको विकास भएको छ। 'भूकम्प र नाकाबन्दीले सुस्ताएको पर्यटन व्यवसायलाई बढ्दो आन्तरिक पर्यटनले सुधारोन्मुख बनाएको छ,' शाहले भन्नुभयो। अंग्रेजी नयाँ वर्षको सन्दर्भमा आन्तरिक पर्यटकले ७० प्रतिशत होटलको बुकिङ गराएको उहाँले बताउनुभयो।

अरु बेला ७० प्रतिशत बाह्य र ३० प्रतिशत आन्तरिक पर्यटकले धान्ने गरेकोमा अहिले उल्टो छ। खासगरी काठमाडौं नजिकैका गन्तव्य आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेका छन्।

काठमाडौंको पार्क भिलेज होटलका संञ्चालक तथा पाटा नेपाल च्याप्टरका अध्यक्ष सुनील शाक्यले काठमाडौं नजिकका क्षेत्रमा यो समयमा ६० प्रतिशतसम्म आन्तरिक पर्यटकले धान्दै आएको बताउनुभयो। क्लब हिमालयका फ्रन्ट डेक्स अफिसर कवि डंगोलले नगरकोटको होटल व्यवसाय उक्त समयमा ७० प्रतिशत आन्तरिक पर्यटकले धान्ने गरेको छ।

आन्तरिक पर्यटकका लागि सजिलो र बढी रोजाइमा पर्ने अर्को स्थान हो दामन, दामनको एभरेस्ट पानारोमा रिसोर्टका निर्देशक सुदेश गौतम क्षत्रीका अनुसार विगत केही वर्षदेखि दामनका सबै होटल क्रिसमस र नयाँ वर्षका बेला आन्तरिक पर्यटकले भरिभराउ हुने गरेका छन्।

यस्तै नेपालकै लोकप्रिय पर्यटकीयस्थल पोखरा पनि पर्यटकले भरिभराउ बनेको छ। प्राकृतिक सुन्दरताको नगरी पोखरामा यतिखेर स्वदेशी एवम् विदेशी पर्यटकको चाप बढेसँगै होटल तथा रेष्टुराँलाई सेवा प्रवाह गर्ने सकस बढेको छ।

स्वदेशमा पनि घुम्ने संस्कृतिको विकास बढेसँगै पर्यटकको संख्यामा वृद्धि भएको बताउनुहुन्छ होटल संघ पोखरा च्याप्टरका अध्यक्ष विकल तुलाचन। उहाँले भन्नुभयो-'नयाँ वर्षको अवसरमा पोखरा आउने क्रम बढ्दै गएको र विस्तारै होटलमा जाने संस्कृति बढेर गएको छ।'

पोखरामा पनि यस समयमा ७० प्रतिशत आन्तरिक र ३० प्रतिशत बाह्य पर्यटक आउने गरेको तुलाचनले बताउनुभयो।

**अरु बेला ७० प्रतिशत बाह्य र ३० प्रतिशत आन्तरिक पर्यटकहुँदै आएकोमा अहिले उल्टो छ। काठमाडौं नजिकैका गन्तव्य आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेका छन्।**

त्यस्तै विद्यार्थी पनि आफ्नो क्यालेन्डर मिलाएर यस्तो समयमा पोखरा जाने गरेका छन्। पर्यटकको चापकै कारण होटल नपाइने डरले अधिकांश पर्यटकले अग्रिम बुकिङ गर्ने प्रचलन पनि पछिल्लो समय बढ्दै गएको छ। क्रिसमसको एक महिना अघिदेखि बुकिङ गर्ने क्रम शुरु भएको जानकारी दिँदै अध्यक्ष तुलाचनले २ हप्ता बाँकी हुँदै ५० प्रतिशत बढी बुकिङ भइसकेको बताउनुभयो।

अंग्रेजी नयाँ वर्षका अवसरमा रेष्टुरेन्ट एन्ड बार एसोसिएसन पोखराले प्रत्येक वर्ष सडक महोत्सव (स्टेट फेस्टिवल) गर्दै आएको छ। महोत्सवले स्वदेशी पर्यटकलाई लक्षित गरेर उनीहरूको बसाई अवधि लम्बाउन सहयोग पुग्ने उनीहरूको भनाइ छ। विगत केही वर्ष यता महोत्सवलाई समेत लक्षित गरी पर्यटक आउने गरेको १९औं पोखरा सडक महोत्सवका संयोजक गोपीबहादुर भट्टराईले बताउनुभयो।

'घुम्नका लागि अनुकूल समय, महोत्सव र नेपालभित्र बढ्दै गएको घुमफिर संस्कृतिका कारण उत्साहजनक रूपमा पोखरामा आन्तरिक पर्यटकको आगमन बढ्दै गएको छ।' भट्टराईले भन्नुभयो। प्राकृतिक सुन्दरतासँगै पर्यटकलाई आकर्षित गर्न यस्ता काम थालिएको पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष टीकाराम सापकोटाले बताउनुभयो।

होटल संघमा आबद्ध पोखराका करिब साढे ४ सय र आबद्ध हुने क्रममा रहेका ५० होटल गरी ५ सय होटलले पर्यटकलाई सेवा प्रवाह गरिरहेका छन्। पोखरा क्षेत्रमा पर्यटक बस्ने होटलका लगभग ११ हजार कोठामा २५ देखि २७ हजार बेड रहेको होटल एसोसिएसन नेपाल (हान) ले जनाएको छ। नयाँ वर्षका कारण बढेको पर्यटकको चापलाई दृष्टिगत गरी होटलले आफ्नो सेवा प्रवाहलाई पनि चुस्त र प्रभावकारी बनाएको होटल श्वप्नबागका सञ्चालक दीपक आचार्यले बताउनुभयो। 'एक साताअघिदेखि नै पर्यटकले होटेलमा अग्रिम बुकिङ गरेका छन्।' आचार्यले भन्नुभयो।

अर्को पर्यटकीय क्षेत्र सौराहमा पनि नयाँ वर्षका कारण पर्यटकको चाप बढेको छ। होटल संघ चितवन च्याप्टर सौराहका अध्यक्ष सुमन घिमिरेका अनुसार सौराहाका सम्पूर्ण होटलहरू बुकिङ भइसकेका छन्। अरु समयमा ७० प्रतिशत बाह्य र ३० प्रतिशत आन्तरिक पर्यटक हुने गरेकोमा यस समयमा भने ७० प्रतिशत आन्तरिक र ३० प्रतिशत बाह्य हुने गरेको घिमिरेको भनाइ छ। नारायणगढ-मुग्लिन सडकखण्डको स्तरोन्नती भइरहेका कारण सडकमार्ग भएर सौराहा जाने पर्यटकको संख्यामा भने कमि आएको छ।

# नयाँ रेटिङस कम्पनी खुल्यो

काठमाडौं, (नेस)

पुँजी बजारमा रहेका कम्पनीको रेटिङ गर्ने नयाँ कम्पनी स्थापना भएको छ। केयर रेटिङस नेपाल नामक उक्त कम्पनीले बिहीबारबाट आफ्नो कारोबार शुरू गरेको छ। उक्त कम्पनीको उद्‌घाटन नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्कीले गर्नुभयो।

केयर रेटिङस् भारत तथा नेपाली लगानीकर्ताको संयुक्त लगानीमा स्थापना भएको कम्पनी हो। कम्पनी उद्‌घाटन गर्दै बोर्डका अध्यक्ष कार्कीले नेपालको बजार सम्भाव्यताका आधारमा तथा वित्त बजारमा बढी पारदर्शीता ल्याउने उद्देश्यका साथ कम्पनीलाई अनुमतिपत्र प्रदान गरिएको बताउनुभयो। बजारको आकार बढ्दै जाँदा देशको वित्तीय स्थिरता सुनिश्चित गर्नका लागि संस्थागत वित्तीय स्तर निर्धारणको आवश्यकता पनि बढ्दै गएको कार्कीको भनाइ थियो।

केयर रेटिङस् लिमिटेड, इन्डियासहितको संयुक्त लगानीमा स्थापित केयर रेटिङस् नेपालले गत कार्तिक ३० गते नेपाल धितोपत्र बोर्डबाट नेपालमा क्रेडिट रेटिङ व्यवसाय सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त गरेको थियो। कम्पनीले साधारण शेयर (आईपीओ)को स्तर निर्धारण, ऋणपत्र, डिबेन्चर्स, व्यापारिक कागजात, बैंक निक्षेप, सामुहिक लगानी कोष (म्युचुअल फन्ड), अग्राधिकार शेयर निष्काशन गर्ने कार्यका लागि समेत स्तर निर्धारण सेवा (रेटिङ) उपलब्ध गराउने छ। यसका अतिरिक्त इन्स्योरेन्स कम्पनी, सम्पत्ति व्यवस्थापन कम्पनी एवं साना तथा मझौला उद्यमलाई समेत शेयर (आईपीओ)को स्तर निर्धारण सेवा प्रदान गर्ने छ। कम्पनीमा २ करोड रुपियाँको चुक्ता पुँजी रहेको छ।


## हकदावी गर्न आउने ३५ दिने सूचना

श्री बाका तामाङ्गको नाती, देवान तामाङ्गको छोरा, चरिकोट जिल्ला वोच गा.वि.स. वडा न. ३ स्थायी ठेगाना भएको **श्री खड्ग बहादुर तामाङ्ग** भन्ने **खड्ग बहादुर लामा**ले यस शाखामा बचत खाता न. १९६१५२४०३००८२८ संचालन गर्दै आउनु भएकोमा मिति २०६७.०७.१५ गते श्री खड्ग बहादुर तामाङ्ग भन्ने खड्ग बहादुर लामाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त बचत खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी **श्रीमति शान्ति तामाङ्गनी** भन्ने **शान्ति लक्ष्मीनी**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ८१ वमोजिम यस निक्षेप उपर अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा माग वमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने व्यहोरा सूचित गरिन्छ। पछि कुनै उजुर बाजुरलाई मान्यता नदिइने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गराइन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा, ठमेल, नेपाल

INTEREST RATES
Effective From Poush 08, 2074
(23 December, 2017)

Interest Rates on Fixed Deposits

| S. N. | Fixed Deposit | Rates Per Annum |
|---|---|---|
| | Duration | Institutional |
| 1 | 1 year | 10.00% |
| 2 | Special Bulk Deposit of 1 year | 11.00% |

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

Registered Office:
Panipokhari, Kathmandu
Tel: 01-4002507/08

## हकदावीको सूचना

काभ्रेपलाञ्चोक जिल्ला,सबिकदुखर्क गा.वि.स,वडा नं. १ मा जन्मभई हाल बनेपा न.पा. वडा नं. ५ बस्ने वेनीमाधव तिमल्सिनाको नाति, मणिकण्ठ तिमल्सिनाको छोरा वर्ष ६५ को राम प्रसाद शर्मा तिमल्सिनाको मिति २०७४/०६/१४ गतेका दिन मृत्यु' भएकोले निज राम प्रसाद शर्मा तिमल्सिनाको नाममा यस बैंकमा रहेको बचत खाता नं. ००५०५०८०२८६७३२ मा भएको सम्पुर्ण रकम निज मृतक राम प्रसाद शर्मा तिमल्सिनाको सबै भन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाँउ भनी निजको श्रीमती खुल कुमारी तिमल्सिनाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हँदा उक्त निक्षेप उपर निवेदिका खुल कुमारी तिमल्सिना बाहेक अन्य कसैको हक दावी भए यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ। अन्यथा निवेदिका खुल कुमारी तिमल्सिनाको माग दावी बमोजिम भई जाने ब्यहोरा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
**शाखा कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक**
**फोन नं.:०११-६६२४०१, ६६४३१५**
**फ्याक्स नं. : ०११-६६२४०२**

## कालिञ्चोक दर्शन लिमिटेडको आ.व. २०७३/०७४ को तेश्रो बार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७४/०९/०८**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७४/०९/०३ गते आईतवारको संचालक समितिको निर्णय अनुसार कम्पनीको आ.व. २०७३/०७४ को बार्षिक साधारणसभा निम्न बिषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारणसभामा उपस्थित हुन वा आफ्नो प्रतिनिधि(प्रोक्सी) मनोनयन गरी पठाईदिनु हुन सबै साधारण शेयरधनिहरुलाई अनुरोध छ।

**तपसिल :**

**१. सभा हुने मिति, समय र स्थान :**
मिति : २०७४ पौष ३० गते आइतबार।
समय : बिहान ९:०० बजे।
स्थान : कम्पनीको केन्द्रिय कार्यालय (पशुपतिभिजन), गौशला पिङ्गलास्थान, काठमाण्डौ।

**२. छलफलका बिषयहरु :**
**(क) साधारण प्रस्तावहरु :**
१. आ.व. २०७३/०७४ को लागि संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन माथि छलफल तथा अनुमोदन गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/०७४ को असार मसान्तसम्मको वासलात, नाफा नोक्सान तथा सोही अवधीको नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने।
३. आ.व.२०७४/०७५ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।
४. विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## लसकुस बहुउद्धेश्यीय सहकारी संस्था लि.
## सत्रौ र अठारौं बार्षिक साधारण सभा सम्वन्धि सूचना।

**सम्पुर्ण शेयर सदस्य महानुभावहरु,**
मिति २०७४/०८/०७ गते वृहस्पतिवार बसेको संचालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा तपसिले बमोजिमका प्रस्तावहरु उपर छलफल र निर्णय गर्न बैठक बस्ने भएको हुँदा अनिवार्य उपस्थिको लागि हार्दिक अनुरोध गदछौं।

**सभा हुने मिति, स्थान र समय**
**मिति : २०७४ साल पौष २७ गते विहिवार**
**स्थान : गोकर्ण हाउस रेष्टुरा, पकानाजोल, काठमाडौं**
**समय : १ बजे**

**प्रस्थावहरु : –**
१) संचालक समितिका तर्फबाट अध्यक्षको प्रतिवेदन भावी निती तथा कार्यक्रम
२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व .०७२/०७३ र ०७३/०७४ को वासलात प्रस्तुत र पारित गर्ने।
३) आ.व.०७३/०७४ को लेखा परिक्षकको नियुक्तिको र पारिश्रमिक अनुमोदन गर्नेवारे।
४) आ. व . ०७४/०७५ को लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक टोक्ने वारे।
५) साधारण सभाको निणर्य पुस्तिकामा हस्ताक्षर गर्न संचालक समितिको तर्फबाट २ जना र शेयरधनी तर्फबाट २ जना नियुक्ति गर्ने वारे।
६) यस संस्थाको विनियम बमोजिम संचालक समिती र लेखा समितीको पदावधिको विधमान विनियमलाई हालको सहकारी ऐन बमोजिम विनियम संशोधन गर्ने वारे।
७) यस संस्थाको संचालक समिती र लेखा समितीको पदावधि समाप्त भएको हुँदा सो को निर्वाचन गर्नै वारे।
(उक्त निर्वाचनको निर्वाचन सम्वन्धि कार्यक्रम सस्थाको सूचना पाटीमा टाँस गरिएको वेहोरा जानकारी गराउँदछौं।)

भवदिय
सचिव
लसकुस बहुउद्धेश्यीय सहकारी संस्था लि.
पकनाजोल काठमाडौं
फो.नं. ४–२५४५५८, ४–२६७४३४

## INTEREST RATE REVISION

*Effective from 07 Poush, 2074*

| Fixed Deposits | Rate Per Annum |
|---|---|
| 1 Month | 8.00 % |
| 3 Months | 9.00 % |
| 6 Months | 10.00 % |
| 9 Months, 1 Year | 11.00 % |
| 2 Years | 11.25 % |
| 3 Years to 5 Years | 11.00 % |
| 1 Year Maturity | 11.25 % |

JEBIL'S FINANCE LIMITED
जेबिल्स फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको ईजाजतपत्र प्राप्त वित्तीय संस्था)
New Road, Kathmandu • Tel: 4220426 / 4220439 / 4247264 • Fax : 977-1-4220402
P.O.Box: 19385 • www.jebils.com
360° Financial Service

# दिदीबहिनी र दाजुभाइलाई उपाधि



तस्वीर : उजोल डंगोल/काठमाडौं

नेपाल समाचारपत्र

काठमाडौं

राणा दिदी-बहिनी मायांका र माहिकाले १५औं जयकर स्मृति राष्ट्रिय जुनियर लनटेनिस प्रतियोगिताअन्तर्गत यू-१८ गर्ल्स डबल्सको उपाधि जितेका छन्।

सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको फाइनलमा मायांका र माहिकाको जोडीले अभिलाषा विष्ट र विजिशा श्रेष्ठको जोडीलाई ६-३, ६-३ को सोझो सेटमा पराजित गऱ्यो। सोही स्पर्धाको ब्वाइजमा वज्राचार्य दाजुभाइको जोडीले उपाधि जित्यो। संरक्षकभूषण र सम्यकभूषणले फाइनलमा प्रणव खनाल र आदित सुवेदीको जोडीलाई ६-३, ६-४ को सीधा सेटमा हराएका हुन्। संरक्षक र प्रणवले आज यू-१८ ब्वाइज सिंगल्समा उपाधिका लागि खेल्नेछन्। यस्तै गर्ल्स सिंगल्समा मायांकाले प्रेरणा कोइरालासँग फाइनलमा आजै भिड्दै छन्। मायांका र संरक्षक दोहोरो उपाधि निकट छन्।

यस्तै डबल्समा उपाधिविमुख भए पनि यू-१४ ब्वाइज र गर्ल्स सिंगल्सको उपाधि क्रमश: आदित र अभिलाषाले हात पारे। आदितले निशान श्रेष्ठलाई ह्वाइटवास (६-०, ६-०) गर्दा अभिलाषाले ईशाश्री शाहलाई ६-४, ६-४ ले पन्छाएकी हुन्। यू-१० गर्ल्स सिंगल्समा इभा अधिकारी पहिलो भइन्। इभाले फाइनलमा सुनिरा थापालाई ६-० र ६-३ ले पाखा लगाउँदै सुनिरालाई दोहोरो उपाधिबाट विमुख गरिन्। सो स्पर्धाको ब्वाइज फाइनलमा आरभसम्राट हाडाले प्रणव मानन्धरलाई ६-० र ६-३ को सोझो सेटमा निराश पार्दै पहिलो भए। यसअघि यू-९ मा सुनीरा गर्ल्स सिंगल्समा र सक्षमविक्रम शाह ब्वाइज सिंगल्समा पहिलो भएका थिए।

# विराटनगरको लगातार तेस्रो जित

काठमाडौं, (नेस)

काठमाडौंमा जारी एभरेस्ट प्रिमियर लिग (ईपीएल) ट्वेन्टी-२० क्रिकेट प्रतियोगितामा विराटनगर वारियर्सले लगातार तेस्रो जित आत्मसात गरेको छ।

जारी प्रतियोगितामा अपराजित रहने क्रममा विराटनगरले शुक्रबार भएको खेलमा चितवन टाइगर्सलाई ७१ रनले पराजित गरेको हो।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले ८ विकेटको क्षतिमा १ सय ७४ रन बनाएको थियो। जवाफमा लगातार तेस्रो हार बेहोर्दै पुछारमा रहनेक्रममा चितवनले १८ ओभर २ बल क्रिजमा टिकेर १०३ रन मात्र बनाउन सक्यो।

विराटनगरको जितमा हङकङका खेलाडीद्वय बाबर हयात र अंशुमन रथले शतकीय साझेदारी गर्न सफल भए। सोही क्रममा ४२ बल खेलेका बाबरले ६ छक्का र ५ चौकाको मद्दतले ८१ रन जोडेका थिए। यस्तै अंशुमनले ४० बलमा ४१ रन जोड्दा कप्तान पारस खड्काले ८ बलमा १६ रनको योगदान गरेका थिए। बलिङतर्फ चितवनका प्रविन गुप्ताले ह्याट्रिकसहित ५ विकेट लिए। भीम सार्कीले सर्वाधिक २४ रन बनाएको इनिङ्समा विराटनगरका वसन्त रेग्मीले ११ रन खर्चेर ४ विकेट लिए।

**पोखरा राइनोजको जित**

शुक्रबारै भएको पहिलो खेलमा पोखरा राइनोजले काठमाडौं किंग्स इलेभेनलाई ६ विकेटले हराएको थियो। टस हारेर पहिले ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ९८ रन जोडेको थियो। काठमाडौंले दिएको ९९ रनको सामान्य चुनौती पोखराले खेलमा १० बल बाँकी छँदा ४ विकेट गुमाएर पुरा गऱ्यो।

पोखराको जितमा इसरुल्लाहले अविजित ४५ रन बनाए भने सुनिल धमलाले २० रन तथा शक्ति गौचनले अविजित १८ रन जोडेका थिए। काठमाडौंका सागर पुनले २ विकेट लिएका थिए।

## धरहरा

### जुँगाको लडाइँ



जोगी लड्छ छारोका लागि भन्ने पुरानो उखान सुनेको धरहरा हिजोआज निकै चिन्तित भएको छ। सरकार गठन होला, पुनर्निर्माणले गति लेला अनि आफू ठडिएर संसार हेरौंला भन्ने आश पनि यसलाई छैन। राजनीतिक दल आ-आफ्नो स्वार्थमा लागेर पल्ला भारी बनाउँदै छन्। देशले शान्ति, समृद्धि र विकास खोजेको छ। ०७२ को भूकम्पको घाउ यो हिउँदको चिसोमा कठ्याङ्ग्रिँदै छ। जनताको कन्तबिजोग छ। यतातिर कसैको ध्यान गएको छैन।

राजनीतिक रूपमा संसारै हल्लाउन सक्नेसम्मको खुबी भएको जसरी भाषण गर्छन् हाम्रा नेता तर जाबो एउटा सरकार गठन प्रक्रियामा अल्झिएर जनताको बन्दी बनाउनु मूर्खताबाहेक केही होइन। हिजो पाएको जनादेश आजै भुसुक्क बिर्सेर जनताको अपमान नहोस्। साँढेको रजाइँ, बाछाको मिचाइ नहोस्। जुँगाको लडाइँमा नअल्झिऊन् हाम्रा नेतागण, धरहराको यही कामना छ। कि कसो पाठक वृन्द, केही भए सुझाव पाऊँ है।

# सेब र ग्रीनफिल्ड क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

छैठौं दि एक्सेलसियर कप अन्तर विद्यालय खेलकुद प्रतियोगिताको जुनियर छात्र बास्केटबलतर्फ सामाखुसी बोर्डिङ स्कुल (सेब) र ग्रीनफिल्ड क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। शुक्रबार भएको जुनियर छात्रतर्फको खेलमा सेबले महामञ्जुश्री ३८-३० र ग्रीनफिल्डले एभीएमलाई ४४-७ को फराकिलो अन्तरले हराउँदै अन्तिम आठमा स्थान सुरक्षित गरे।

स्वयम्भूस्थित दि एक्सेलसियर स्कुलको आर्टिफिसियल खेल मैदानमा भएको सिनियर छात्रको फाइभ ए साइड फुटबलमा दि एक्सेलसियरले माउन्टग्लोरीसँग ७-० गोलले पराजित भएको थियो। तर दोस्रो खेलमा आयोजकले ओराकललाई ४-२ गोल अन्तरले हरायो।

# दीपेश क्वार्टरफाइनलमा पराजित



नेपाल समाचारपत्र

काठमाडौं

दीपेश धामी काठमाडौंमा जारी योनेक्स सनराइज नेपाल इन्टरनेसनल सिरिज २०१७ अन्तर्गत मेन्स सिंगल्स क्वार्टरफाइनलबाट बाहिरिएका छन्।

शुक्रबार राखेपको कभर्ड हलमा भएको अन्तिम आठकाने खेलमा दीपेश भारतका राहुल भारद्वाजसँग २१-१४, २१-११ ले हारेका हुन्। दीपेशको हारले सिरिजमा नेपालको चुनौती समाप्त पनि भयो। त्यस्तै नेपालका नम्बर एक पुरुष ब्याडमिन्टन खेलाडी रत्नजित तामाङ भने शुक्रबारै सम्पन्न तेस्रो चरणको खेलमा भारतका यादवसँग २१-१२, २१-१६ ले पराजित भएका थिए। अर्का नेपाली खेलाडी साजन ताम्राकार पनि इन्डोनेसियाका प्रतिद्वन्द्वी मार्टीनसँग २१-५, २१-११ ले हारेर तेस्रो चरणबाटै बाहिरिएका थिए।

**सेमिफाइनल समीकरण पूरा**

शुक्रबारको खेलपछि सेमिफाइनल समीकरण पूरा भएको छ। नेपाली खेलाडीहरु दीपेश धामी र शोभा गौचनको जोडी मिक्स डबल्सतर्फ सेमिफाइनल यात्रा तय गर्न सफल भएका छन्। धामी र गौचनको जोडीले माल्दिभ्सका एच जयन साहिद र एफ अब्दुल रजाकको जोडीलाई २१-१५ र २१-१० ले पराजित गरेका थिए। यसअघि धामी पुरुष एकलतर्फ क्वार्टरफाइनलमा पराजित भएका थिए। उनी राहुल भारद्वाजसँग २१-१४, २१-११ ले पराजित भएका थिए। यस्तै अर्को क्वार्टरफाइनलमा तामाङ दिदीभाइको जोडीले पनि सेमिफाइनलमा स्थान बनाए। तामाङ जोडीले भारतका खेलाडीहरु तुशार शर्मा र सरुनी शर्माको जोडीलाई २१-१५ को समान सेटमा पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएका हुन्। प्रतियोगिताको सेमिफाइनल खेलहरु शनिबार हुनेछन्।

# एलएको विजयी शुरुआत

काठमाडौं, (नेस)

लिटिल एन्जल्स (एलए) कलेजले प्रथम मल्पी कप अन्तरकलेज छात्र फुटबल प्रतियोगितामा शुक्रबार विजयी शुरुआत गरेको छ।

लगनखेलस्थित आर्मी शारीरिक तालिम तथा खेलकुद प्रशिक्षण केन्द्रमा भएको खेलमा एलएले अरुणिमालाई १-० गोलले पराजित गऱ्यो। प्रज्वल पुनले निर्णायक गोल गरे। अर्को खेलमा गीताञ्जलीले सान्त्वनालाई २-० गोलले हरायो। मनीष लम्साल र आशिष तामाङले १-१ गोल गरे।

अन्य खेलमा आयोजक मल्पी इन्स्टिच्युट र डीएभीले बराबरी खेले। मल्पीले केयू सिटीसँग २-२ तथा डीएभीले साइपाल एकेडेमीसँग १-१ को बराबरी खेलेका हुन्। १६ टिम सहभागी रहेको प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार नगद पुरस्कार पाउनेछन्।

# उद्घाटन खेलमा सुनसरी-११ विजयी

नेपाल समाचारपत्र

पाँचथर

पाँचथरको फिदिममा शुक्रबार शुरू भएको नवौं रुसलान फाल्गुनन्द गोल्ड कप फुटबल प्रथियोगितामा सुनसरी ११ ले विजयी शुरुआत गरेको छ।

प्रतियोगिताअन्तर्गत शुक्रबार भएको खेलमा डिभाइन ब्वाइज युनियन काठमाडौंलाई ३-० ले पाखा लगाउँदै सुनसरी ११ ले क्वार्टरफाइनलको यात्रा तय गरेको हो।

खेल शुरू भएको ४ मिनेटमै सुनसरीका हेमन्त मगरको कर्नर प्रहारबाट आएको बललाई तीर्थ बस्नेतले जाली चुमाएर गोलको खाता खोलेका थिए। एक गोलले अघि बढेको सुनसरीका लागि पुन: बस्नेतले ३३औं मिनेटमा दोस्रो गोल गरेका थिए। यस्तै खेलको ६५औं मिनेटमा सुनसरीकै सुजन याक्खा तेस्रो गोल गर्न सफल भए।

खेलमा म्यान अफ द म्याचको सुनसरीका तीर्थ बस्नेत घोषित भए। शनिबारको खेल डिफेन्डिङ च्याम्पियन बिर्तामोड युनाइटेड क्लब झापा र मिसन युनाइटेड क्लब ताप्लेजुङबीच हुनेछ।

यसअघि खेलको उद्घाटन पाँचथरका नवनिर्वाचित प्रतिनिधिसभा सदस्य वसन्तकुमार नेम्बाङले गर्नुभएको थियो। प्रतियोगितामा १० टिमको सहभागिता रहेको छ। प्रतियोगितामा विजेताले नगद ३ लाखसहित ट्रफी प्राप्त गर्नेछन् भने उपविजेताले नगद २ लाख प्राप्त गर्नेछन्।


साधनाको नयाँ अंकका विशेष आकर्षणहरु




**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिंदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ